कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २३ ● अंक ३७ Y, 02 FEBRUARY 2018 ● काठमाडौं शुक्रबार, माघ १९, २०७४ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




# कृष्णभक्त अनमोल

पृष्ठ २० मा



- मोस्ट वान्टेड माननीय
- नेपालका ग्लोबल ब्राण्ड: डा. रुइत
- अन्तर्राष्ट्रिय टिममा चार खेलाडी
- आरोपहरुको घेराबीच के भन्छिन् कोमल वली
- अष्ट्रेलियाको विवादस्पद हत्याकण्डमा नेपाली युवा




JOY PAPAYAWHITE
ADVANCED WHITENING CREAM







गोरोपन तुरुन्तै

अब जोय पपैया व्हाइट फेसवास क्रीमको केवल २ स्टेपमा पाउनुहोस् चहकिलो गोरोपना । प्रत्येक पपैया व्हाइट फेसवासको प्रयोगबाट पपैयामा रहेको पोषण "पपिन"ले त्वचालाई बनाउनेछ फ्रेस र चम्किलो । त्यसैगरी पपैया व्हाइट क्रीमको प्रयोगले तुरुन्तै त्वचामा छाउने छ गोरोपना । केवल २ स्टेपबाट तपाईको त्वचामा मुलायम एवं गोरोपनको उपहार प्राप्त गर्नुहोस् ।

* पपैया व्हाइट एड्भान्स व्हाइटेनिङ क्रिम ५० ग्रामको साथमा पपैया व्हाइट इन्स्टान्ट फेयरनेस फेसवास २५ ग्राम सित्तैमा पाउनुहोस् ।

www.rshglobal.com
Imported by: SM Enterprises, Kathmandu.

## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | हेट स्टोरी-४ | च्यानल | टिसिरिज |
| २ | माछीले खाने खोलीको लेउ | च्यानल | गज्जब टिभी |
| ३ | भद्रगोल-१५६ | च्यानल | रामसार मिडिया |
| ४ | आस्मालाई देखेर | च्यानल | स्मार्ट टिभी |
| ५ | अन्तत डिभोर्सबारे | च्यानल | मेरो अनलाइन टिभी |
| ६ | कान्छीको ट्रेलर | च्यानल | बूढासुब्बा डिजिटल |
| ७ | सुपर खिलाडी-४ | च्यानल | गोल्डमाइन्स टेलिफिल्मस |
| ८ | मनोज गजुरेलसँग | च्यानल | दीप क्रिएसन |
| ९ | रवि लामिछानेसँग | च्यानल | वाउ नेपाल |
| १० | बिहे गर्दै अनमोल | च्यानल | ठूलोपर्दा टिभी |


## फोटो अफ दि विक



■ **यस्तो पो पोज** : अभिनेत्री तथा मिस नेपाल-२०११ मलिना जोशी एवं गायिका आस्था राउत ।




■ **गर्भवती अभिनेत्री** : पहिलो सन्तानको आमा बन्ने तयारीमा रहेकी अभिनेत्री निशा अधिकारीले अमेरिकाबाट पोस्ट गरेको पछिल्लो तस्विर ।



■ **दीपकको कला** : कलाकार दीपक गौतमले तयार पारेको एउटा सुन्दर चित्रकला ।



■ **धर्मेन्द्रको विफी** : गायक धमेन्द्र सेवान पोखराको फेवातालमा विफि लिँदै ।



■ **बिनिताको चुस्की** : अभिनेत्री बिनिता बराल अमेरिकाको डेनभरमा कफिको चुस्की लिँदै ।



■ **स्कटल्याण्डमा मस्ती** : चलचित्र कृको छायांकनको क्रममा स्कटल्याण्ड पुगेका निर्माता भुवन केसीका साथमा अभिनेत्रीद्वय जीया केसी तथा अदिति बुढाथोकी ।



■ **मोडलको ब्रेकफास्ट** : मोडल स्मिता थापा ओछ्यानमै ब्रेकफास्ट लिँदै ।

## ट्वीटर

**स्माइली**@suzta_rml
बिएफलाई भागुम् भनेको मात्र के थिएँ, एक्लै भागेर मरेछ । कता भाग्यो-भाग्यो, अहिलेसम्म खोज्दैछु ।

**सुस्मिता वाग्ले**@susmitawagle0
चिल्ला कारमा होइन सानु, तिम्रा हात समाएर उकाली-ओराली हिंड्ने चाहना छ मेरो ।

**बसु**@shrestha266
हामी के-कस्ता हौं, त्यो देख्दैनन् मानिसहरू । हामीसित के छ मात्र, त्यो देख्छन् । त्यसैले पैसो कमाउनुस् हजुर पैसो ।

Suman Kharel@kharel8
एक-अर्काको अनावश्यक चियोचर्चो गर्न छोडी आ-आफ्नो काममा मात्र ध्यान केन्द्रित गर्न सके पनि प्रगति हुन्थ्यो कि ?

**भिरखर्के**@bhirkharke
मनमा आँट भा'की, गोजीमा गाँठ भा'की अनि जिन्दगीभर सुखले पाल्न सक्ने हिम्मत भा'की कोही केटी छन् भने सम्पर्क राखौं है । दुःख, मेहनत गर्न साह्रै अल्छी लाग्न थाल्यो आजकाल ।

Yukta@breezy_yukta
राम्रो नजरले हेर्नुपर्छ भन्दैमा बाग्मतीको पानीलाई मिनरल वाटर देख्नु पनि त भएन नि !

**निर्झरिणी बनर्जी**@nirjharee
अरूको ट्विट रि-ट्विट गर्‍यो, नोटिफिकेसनको हैरान– नयाँ उखान ।

Kamal Thapa@kamalthapa034
मैदानमा हारेको मान्छे पुनः जित्न सक्छ, तर मनैदेखि हारेको मान्छेले कहिल्यै जित्न सक्दैन ।

**गोब्रे**@gobrezzz
बोल्नेलाई मात्र मान दिने हो, नबोल्नेको कट्टु तान्दिने हो ।

**अंशु खड्का**@khankaanshu
भ्रममा रमाउनुको पनि छुट्टै मज्जा हुन्छ । नत्र सत्यताले त अक्सर दुःखी नै तुल्याउँछ ।




**सूचना घिमिरे**@artless77
नेता बिक्दा झुक्ने नेपालीको शिर, खेलाडी बिक्दा ठाडो हुन्छ खेल र राजनीतिबीचको फरक यही हो ।

**मीत बा**@mitbaa
धेरैलाई लाग्छ- एउटा केटाकै ४/५ वटा जिएफ हुन्छे, साह्रै फटाहा हुन्छन् केटाहरू, तर एउटी केटीले १०/२० वटा ब्याकअप बिएफ राखेको कसैले देख्दैनन् यहाँ ।

**अनिल अर्याल**@onilaryal
भगवान्ले सबैलाई आफ्नो भविष्य खोल्ने चाबीको झुप्पो दिएका हुन्छन् । फरक यत्ति हो कि भाग्यमानीको ढोका झुप्पोको पहिलो चाबीले खुल्छ भने अभागीको अन्तिम चाबीले, केवल प्रयास जारी राख्नुपर्छ ।

**स्नारोज**@SnaNanu
कोही-कोही मान्छे पिँडालुजस्तै हुन्छन्, जतासुकै चिप्लै ।

**तिमिल्सिना युबि**@ubiiit
जतिसुकै वकालत गरौं, कहिलेकाहीं आफ्नै मनलाई आफूले निसाफ दिलाउनबाट चुकिँदो रहेछ ।

**अक्षर काका**@aksharkaka
लोग्ने-स्वास्नीको झगडा परालको होइन चोकको आगो रहेछ– एउटाले सल्काउँछ, बजारले ताप्छ ।

**साहित्यकार**@WriterNama
मलाई तिम्रा आँखामा आँसु मन पर्छ, तर दुःखका होइन खुसीका ।

**सबी**@mangol_Sabi
कपि त सेलिब्रेटीको पो गर्छन्, तर कसै-कसैले त मेरै हरेक कुराको कपि पो गर्न थालेछन् । एक्कासी सेलिब्रेटीवाला फिलिङ आयो गाँठे ।

**ध्रुप**@DpAbidith
आजकाल साँचो प्रेम पनि सरकारी जागिरजस्तै भएको छ, धेरै धक्का खाएपछि मात्र मिल्छ ।

ATM@Apthere9
प्रेमको युद्ध जित्न चाहन्थें म, तर अफसोच तिम्ले सहिद बनाएर गयौ, धन्यवाद ।

**फिरन्ते**@Dg_htd
किन राम्रोसँग काम गर्दैन भनेको त नामै नगरपालिका रै'छ र पो, गरपालिका भएको भएचैं राम्रो काम गर्थ्यो कि ?

युवा मन

# सुखको खोजीमा संघर्ष



सुविन भट्टराई

> मैले अस्ट्रेलियामा यस्तै मात्र कुरा र समाचार सुनेँ भन्ने पनि होइन । कतिपय प्रेरणादायी कथा बोकेका नेपाली साथीहरु पनि छन् । कुन तहको संघर्षबाट गुज्रिएर सम्पन्न र सुखी जीवन बिताइरहेको छु भन्ने साथीहरू नै बढी भेटिन्छन् यहाँ । सफल एनआरएनको संघर्ष सुनेर प्रेरणा र ऊर्जा पनि प्राप्त हुन्छ ।

के ही कुरा परबाट राम्रा देखिन्छन् र नजिकबाट नराम्रा अनि केही कुरा नजिकबाट राम्रा देखिन्छन् र परबाट नराम्रा । राम्रो-नराम्रोको परिभाषा के हो भनेर छुट्याउने अधिकार हरेक व्यक्तिलाई छ । केही भ्रमले कसैलाई सुख दिन्छ भने तिनै भ्रमले कसैलाई फेलासमेत पार्छ ।

करिब एक महिनालाई अस्ट्रेलियाको भ्रमणमा निस्कँदा अधिकांश त म आफ्नो भ्रमण सुखमै लिप्त भएँ तर केही अनुभव यस्ता पनि रहे, जसले केही तिक्तता दिए ।

एक दिन सिड्नीको फ्लेमिङ्गटन स्टेसनबाट ट्रेन चढेर टाउन हलतर्फ जाँदै थिएँ । सिड्नीमा यति धेरै नेपाली होलान् भनेर मैले कल्पनासम्म गरेको थिइनँ । हरेक स्टेसनमा ट्रेन कुर्ने कम्तीमा चार पाँच नेपाली भेटिन्थे । ट्रेनको केवल एउटै कम्पार्टमेन्टमा २०-२५ प्रतिशत त नेपाली नै हुन्थे । यहाँ नेपालीलाई नेपालीको मतलब पनि नहुने ।

होमबुस स्टेसनबाट दुई जना नेपाली केटा चढे । उनीहरू म बसिरहेकै सिटको पछिल्तिर बसे । ठूलूलो आवाजमा गफ गरिरहेका उनीहरूको गफ चाहेर पनि नसुन्न सकिनँ । एउटा युवकले अर्कोलाई भनिरहेको थियो, 'अस्ट्रेलिया आएर त बाउको बिहे देखियो यार !'

उसको त्यो भनाइले म झसङ्ग नभैरहन सकिनँ । पछाडि नफर्के पनि मेरा कान र ध्यान उनीहरूको वार्तालापमा मडारिन थाले । 'त्यही त । काम पनि पाइँदैन । नेपालमा त हल्लिएरै खान पुगेको थियो ।'

स्ट्राथफिल्ड स्टेसनबाट एउटी वृद्ध अंग्रेज महिला चढिन् । उनले लगाएको पहिरन कुनै अफिसको ड्रेसजस्तो देखिन्थ्यो । उनको हातमा एउटा अफिसियल ब्याग पनि थियो । उनी आएर त्यहीँ केटाहरूले देख्ने सिटमा बसिन् ।

'यस्ता बूढाबूढीले काम पाउँछन्, हाम्ले पाउँदैनौं ।' त्यो युवकले फेरि ठूलो स्वरमा भन्यो ।

'मलाई त फर्किऊँ जस्तो लागिसक्यो ।' अर्कोले भन्यो ।

'के मुख देखाउने यार घरमा ?' अर्को करायो ।

त्यसैगरी ट्रेनमा हिँडिरहँदा कुनै अर्को दिन अर्काथरी नेपाली देखिए । नचहँदा-नचाहँदै उनीहरूको कुरा पनि सुनिहालियो ।

दुई जना मिलेर तेस्रो व्यक्तिको कुरा काटिरहेका थिए । तेस्रो व्यक्तिलाई उनीहरूले 'त्यो' भनेर सम्बोधन गरिरहेका थिए । नाउँ लिएका थिए होलान्, मैले सुन्न पाइनँ ।

'त्यो' को कथा यस्तो थियो : काम खासै नपाइरहेको 'त्यो' लाई कलेजको फी तिर्नसम्म हम्मे-हम्मे भयो । झोंकमा र केही साथीको लहैलहैमा एकदिन 'त्यो' क्यासिनो पुगेछ । २-४ सय डलर जितेछ पनि । अर्को दिन एक्लै गएछ । केही सय डलर फेरि जितेछ । कलेजको फीको आधाउधी पैसा उसले क्यासिनोमै जितिसकेको थियो । अर्को पटक जाँदा खल्ती रित्तिने गरी हारेछ । 'त्यो' केही साथीसँग रिन गरेर फेरि पनि क्यासिनो पुगेछ र फेरि हारेछ । रिनको बोझ र कलेज फिको भार थाम्न नसकेको 'त्यो' त्यसपछि फरारझैं छ ।

सुनिरहें यस्तै कुरा । 'अबन भन्ने ठाउँमा एउटी नेपाली केटी कोठाभित्रै मृत अवस्थामा फेला ।' एकदिन टिभीमा बिहानै हेरेको न्युजले दिनभरि मन अमिलो बनायो ।

सुने यस्तै थुप्रै कुरा, यहाँ सुखैसुख मात्र छैन, डिप्रेसनको सिकार भएका थुप्रै नेपाली छन भन्ने पनि सुनियो ।

मैले अस्ट्रेलियामा यस्तै मात्र कुरा र समाचार सुनें भन्ने पनि होइन । कतिपय प्रेरणादायी कथा बोकेका नेपाली साथीहरू पनि छन् । कुन तहको संघर्षबाट गुज्रिएर सम्पन्न र सुखी जीवन बिताइरहेको छु भन्ने साथीहरू नै बढी भेटिन्छन् यहाँ । सफल एनआरएनको संघर्ष सुनेर प्रेरणा र ऊर्जा पनि प्राप्त हुन्छ ।


यद्यपि केही समाचार यस्तै सुनिए । कति नेपालीलाई भ्रम हुन सक्छ, विदेश भनेको समुद्रको किनार, हरियो पार्क, चिल्ला सडक, ट्रेन, अग्ला भवन मात्र हुन् । दैनिक दस घण्टा ढाड दुखुन्जेल गोरुझैं जोतिनुपर्ने सत्य फेसबुक हेरेको भरमा मात्र बुझ्न सकिँदैन । बिरामी हुँदा तातो पानी तताएर दिने कोही नहुँदा घर सम्झेर क्वाँ-क्वाँ रुनुपर्ने सत्य कसले बताउँछ फेसबुकमा ? हामी विकेन्डमा गरिएको एउटा बार्बिक्यू पार्टीका आधारमा विदेशमा बस्ने नेपालीहरूको दिनचर्या जज गर्छौं र लोभिन्छौं । जो अलिकति देखिएको छ त्यसलाई सम्पूर्ण सत्य भन्छौं । जो धेरै छोपिएको छ त्यसलाई नदेखेझैं गर्छौं ।

आफूलाई ठीक लागेका ठाउँ र भविष्य रोज्ने हक हरेक व्यक्तिलाई छ, तर बाहिर जाने बेला हरेक नेपालीले संघर्ष गर्न सक्ने मन बनाएर जानुपर्छ । संघर्षको बाटो नहिँडी कोही सुखको गन्तव्यसम्म पुग्न सक्दैन ।

बाहिर जाँदा अनेक थरी डकुमेन्ट, टिकट, पासपोर्ट र लगेजमात्र होइन, आफूलाई, आफूभित्रको हिम्मतलाई पनि बलियोसँग प्याकिङ गरेर लानुपर्छ । भ्रममा फसेर होइन श्रम गर्न सक्छु भन्ने दृढ अठोट लिएर जानुपर्छ ।

# जीवन परिवर्तन हुन सक्छ

- रिसको उल्टो सरी पनि हुन्छ । कहिलेकाहीं उल्टो बोल्दा पनि फाइदा मिल्छ ।
- मेरो एउटा पनि शत्रु छैन, शत्रु देख्यो कि म सिध्याइहाल्छु, उसलाई साथी बनाएर ।
- सहर र गाउँमा दुई फरक छन् : सहरमा घरहरू नजिक-नजिक हुन्छन् तर मनहरू टाढा-टाढा हुन्छन्, गाउँमा घरहरू टाढा हुन्छन् तर मनहरू नजिक हुन्छन् । सहरका घरहरू पक्का हुन्छन् तर सम्बन्ध कच्चा हुन्छन्, गाउँका घरहरू कच्चा हुन्छन् तर सम्बन्धहरू पक्का हुन्छन् ।
- मानिसहरूले तब मात्र तिम्रो हात समाउँछन् जब उनीहरूलाई थाहा हुन्छ कि तिमी एक्लै पनि अघि बढ्न सक्छौ ।
- दुनियाँमा एउटा पनि समस्या नभएको मान्छे को होला ? (एक जना रैछ तर ऊ आर्यघाटमा जल्दै थियो) ।
- क्षमता छ भन्दैमा हुँदैन, वर्षौंदेखि सूर्यले जलाउन नसकेको कागजलाई एउटा सानो हाते लेन्सले दुई मिनेटमै त्यही सूर्यको प्रकाश लिएर जलाइदिन सक्छ । यदि हाम्रो दिमाग हजारतिर छरियो भने वर्षौं लगाए पनि एउटा काम सफल हुन सक्दैन, यसर्थ आफ्नो लक्ष्यमा यसरी केन्द्रित हुनुहोस् कि तपाईंको दिमागबाट पनि आगो वर्षियोस् ।
- कुनै पनि मानिस असाधारण हुँदैन, सबै हामीजस्तै हो सामान्य हुन्छन्,



तर सही समयमा सही निर्णय लिँदा उनीहरू असाधारण बन्छन्, यो एउटा कला पनि हो ।

- कहिल्यै हिम्मत हार्नु हुँदैन, किनभने पहाडबाट निस्किएको नदीले कहिल्यै कसैसँग सोधेको छैन कि समुद्र कहाँ पर्छ ?
- नदीमा हाम फाल्दैमा कसैको मृत्यु हुँदैन । मृत्यु त तब हुन्छ जब कसैलाई पौडन आउँदैन । परिस्थिति कहिल्यै समस्या बन्दैन, समस्या तब बन्छ जब हामीलाई परिस्थितिसँग जुध्न आउँदैन ।
- परिस्थिति आफ्नो अनुकूल भएन भनेर गुनासो गर्नुको सट्टा आफूलाई मजबूत बनाउनतिर लाग्नु उपयुक्त हुन्छ, किनभने संसारको नियम नै यस्तो छ कि जब हावा चल्छ त्यसले बल्ल-तल्ल बल्न थालेको झुपडीको दियोलाई निभाइदिन्छ भने पहिल्यै सल्किसकेको जंगलको आगोलाई अझ दन्काइदिन्छ ।
- यदि सपना पूरा भैरहेको छैन भने बाटो बदल्नुहोस् सिद्धान्त होइन, किनभने रूखले हमेसा पात बदल्छ, जरा होइन ।
- जीवनमा जति नै दुःख परे पनि कहिल्यै नआत्तिनु किनभने बिहान हुन उषाका किरणसँगै शीतका थोपा झर्नुपर्छ अनि खुसी हुन दुई नयनबाट आँशुका थोपा बग्नुपर्छ ।
- लापरवाहीसँग जंगलमा फालिएको एउटा सानो झिल्कोले डढेलो लगाउन सक्छ, तर आवश्यकताको बेला एउटा चुलो सल्काउन पनि पूरै बट्टा सलाई चाहिन्छ ।
- तिमी कसैको कामको त्यतिबेला आलोचना गर जब तिमी ऊभन्दा अब्बल काम गर्न सक्छौ । आलोचना भनेको आगो जस्तो हुनु हुँदैन जसले कागजलाई नै खरानी बनाओस्, बरु कैंची जस्तो होस् ताकि कागजलाई काटेर आवश्यकता अनुसारको बनाउन सकियोस् ।
- हजारौं युद्ध जित्नुभन्दा महत्वपूर्ण कुरा हो आफैंलाई चिन्नु । यही नै तिम्रो विजय हो । यसलाई तिमीबाट खोस्न सकिँदैन ।
- देखिने सबै कुरा सत्य हुँदैनन् र सत्य कुरा प्रायः देखिँदैनन् ।
- जो भुइँमा सुत्छ, ऊ खाटबाट खस्न सक्दैन ।
- मीठो गीत, फिल्म, साहित्य अथवा स्मृति पढेर, हेरेर वा सुनेर आँसु झर्छ भने सम्झनुहोस्, तपाईंको हृदय ढुङ्गा भैसकेको छैन ।
- कतिपय सम्बन्ध तिहारमा पकाइएको सेल जस्ता हुन्छन् । नयाँ हुँदा खासै टेस्ट पर्दैन तर जति बासी भयो त्यति नै मीठो हुन्छ ।
- मुस्कुराइरहनु नै आफ्ना शत्रुका लागि सजाय हो ।
- असफलता झेल्ने आँट नभएकाहरू सफलताको हकदार हुन सक्दैनन् ।
- बहादुर त्यो होइन जो डराउँदैन, बहादुर त्यो हो जो डरका बाबजुद पनि अघि बढ्न सक्छ ।
- सबथोक पाएर दुःखी हुनुभन्दा सबैथोक गुमाएर सुखी हुनु महान् कुरा हो ।
- हामीलाई लामखुट्टेले होइन हाम्रै अल्छ्याइले टोक्छ ।
- सम्पत्ति नभएर गरिब भइँदैन, आफूसँग भएको सम्पत्ति नचिनेर गरिब भइन्छ ।
- सबैभन्दा सस्तो औषधि हाँसो हो, किनभने यसको कमी भयो भने सबैभन्दा महँगो औषधि खान बाध्य भइन्छ ।
- सुख खोज्नु पर्दैन, दुःखको सदुपयोग गरे पुग्छ ।
- अविवाहितहरू प्रेमको प्रभावले बर्बाद हुन्छन्, विवाहितहरू प्रेमको अभावमा बर्बाद हुन्छन् ।
- एक्लो मान्छे बाटो हिँड्दाहिँड्दै जब केही सम्झेर खिस्स हाँस्छ, सबैभन्दा मीठो हाँसो त्यही हुन्छ ।
- जुन रोगको उपचार छैन त्यही रोगको उपचार गर्ने अनगिन्ती डाक्टर निस्कन्छन्, अनि जुन समस्याको समाधान छैन त्यसमा सल्लाह दिने अनगिन्ती सल्लाहकार निस्कन्छन् ।
- चिया गुलियोमा गुलियो पनि हुन सक्छ, कडामा कडा पनि । मान्छे पनि चियाजस्तै हुनुपर्छ, आवश्यक ठाउँमा गुलियो, नभए कडा ।
- हजार खोक्रा शब्दभन्दा शान्ति दिने एक शब्द नै उत्तम हुन्छ ।
- जिब्रो एउटा त्यस्तो छुरी हो जसले रगत ननिकाली काट्न सक्छ ।
- हाम्रो मस्तिष्क नै सबैथोक हो । हामी जे सोच्छौं त्यही बन्छौं ।
- हावाले भरीएको बेलुन र घमन्डले भरिएको मान्छे उस्तै-उस्तै हुन्, जसलाई फुटाउनै पर्दैन, आफैं फुट्छन् ।

**रामेश्वर खनालको फेसबुकबाट**

यात्रा सन्दर्भ

# बुटपालिसका दृश्य-अदृश्य चित्रहरू



किशोर नेपाल



नेपाली जनताले देशको चेतनाको पहरेदारका रूपमा चिनेका थिए– किशुनजीलाई । सत्य, अहिंसा र प्रेमको सन्देश बोकेर लोकतन्त्र स्थापनाका लागि सतत संघर्षशील किशुनजीको निधन भएको पनि झन्डै दुई दशक बितिसकेको छ । तैपनि जनताको मनमा आफ्ना नेताप्रति श्रद्धा छ । यो स्वार्थरहित निर्लोभी मानिसप्रति जनता नतमस्तक छन् । किशुनजीप्रतिको जनआस्था प्रगाढ छ ।

अहिले कांग्रेस पार्टी संकटमा छ । यतिबेला किशुनजीको नामोच्चारण गरेर नेपाली कांग्रेसका युवा नेता, अद्भुत कार्यकर्ता र समर्थकहरूले किशुनजीको योगदानलाई सम्झिएका छन् । किशुनजी भएको भए यस्तो हुन्थ्यो र उस्तो हुन्थ्यो भन्नेहरू पनि सम्झना-सभामा पुगेका छन् । त्यहाँ किशुनजीका कल्पना र भावनाको हैसियत के थियो ? भन्न सकिँदैन । किशुनजीको नाममा जुत्ता पालिस गर्न बसेका नेताहरू आफूलाई सबैभन्दा दमदार नेताका रूपमा प्रस्तुत गर्दै थिए । स्मरणीय छ, कृष्णप्रसाद भट्टराईले आजीवन आफ्नो जुत्तामा आफैं पालिस गर्नुभयो । श्रमको सत्कार र सम्मान उहाँको सिद्धान्त थियो । २०४६ सालको पहिलो जन-आन्दोलनका समयमा कवि, कलाकार, नाटककार एवं अन्य सर्वसाधारणले जनताको बुटपालिस गरेका थिए । किशुनजीले त्यसको पूर्ण समर्थन गर्नुभएको थियो । त्यतिबेला परिवर्तनका प्रति जुन उत्साह देखिएको थियो, त्यो अहिले छैन ।

समयको यो बिन्दुमा आएर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगका विरुद्ध निषेधको शैली हावी हुँदै गएको अनुभव टड्कारो ढंगले गर्न थालिएको छ । कार्यक्रम हुन्छन्, तर ती कार्यक्रम सरकार वा सरकारका एकाधिकारवादी संस्थाले संयोजित गरेका हुन्छन् । पाठक वा श्रोताहरू बुझेर वा नबुझी जिन्दावादको धावा बोलिदिन्छन् ।

लेखक, बुद्धिजीवी, पत्रकार, कवि, कलाकार तथा अक्षरसँग जोडिएका मानिसहरूले आफ्नो घाँटीको किलकिलेमा अथवा कलमको नीवमा अथवा कम्प्युटरको की-बोर्डमा अक्षरहरू केही अड्किएको अनुभव गर्न थालेका छन् । एक प्रकारको असजिलो अवस्था सिर्जना भएको छ । यो अवस्थाको अनुभव गर्ने बौद्धिक व्यक्तित्वहरूमध्ये कतिले समाजप्रतिको जिम्मेवारी बोध गर्दै आफ्ना भावना र अनुभवलाई सार्वजनिक तहमा अभिव्यक्त गर्न थालेका छन् । अरू कतिले यसलाई काठमाडौं सहरमा फैलिएको गहिरो प्रदूषणजस्तै क्षणिक बौद्धिक प्रदूषणको तहमा राखेर संस्थापन पक्षलाई 'शंकाको लाभ' दिन खोजेका छन् । वर्तमान राजनीतिको व्यूहमा लिपिक्क टाँसिएका बुद्धिवादीहरूको एक पक्षले अर्को पक्षप्रति गरेको निषेधको अनुभवलाई आत्मश्लाघाका रूपमा व्याख्या गरेका छन् । शक्ति र सत्ताको प्रियपात्र बन्ने होडमा लागेका व्यक्तिहरूले जे-सुकै भने पनि अवस्था सहज छैन । प्रत्यक्षत: अभिव्यक्तिको बाटोमा संवैधानिक, कानुनी एवं नैतिक बन्धन कुनै पनि किसिमको बन्देज लगाइएको छैन । स्वभाविक हो, सरकारले अभिव्यक्तिका मौलिक अधिकारमाथि प्रत्यक्ष हस्तक्षेप गर्न पनि सक्दैन । त्यसैले चुनौतीहरू अप्रत्यक्ष शैलीमा बढ्न थालेका छन् ।

निषेधको यो समस्या नयाँ होइन । पुरानो नेपालमा निषेध नै शासन-व्यवस्थाको एक मात्र सूत्र थियो । नयाँ नेपाल अर्थात् संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले यसलाई उत्तराधिकारमा आएको सूत्रका रूपमा यथावत् ग्रहण गऱ्यो । राज्य र व्यवस्था फेरिँदा पनि राजनीतिक परम्परा फेरिएन । यति हो कि स्वतन्त्रता र अधिकारको उन्मादमा सुरुका केही वर्ष यसको अनुभूति भएन । राजनीतिक दलका नेताहरूले आपसी सहमतिमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनाएपछि त्यो संविधानको प्रतिरक्षामा अहिले दृश्यपटलमा यो प्रत्यक्ष देखिएको हो । यसलाई हावा-हुरीले उडाएर ल्याएको पनि होइन । भुइँचालोले चलायमान बनाएको पनि होइन । यद्यपि, बुद्धिजीवीहरूको गहिरो मानवीय संवेदनालाई अभिव्यक्तिको करुण भाषामा अनुवाद गर्न भुइँचालोले गरेको विनाश प्रेरक तत्व बनेको पक्कै हो ।

'स्वतन्त्रताको निर्वाध प्रयोग' बहुदलीय शासन-व्यवस्थाको मूल 'सूत्र' मानिएको छ । यो व्यवस्थाको हर्ताकर्ताका रूपमा रहेका प्रमुख दलहरू तथा अन्य कम प्रमुख वा सहायक दलका नेताहरूले रातदिन यो सूत्रको जप मन्त्रोच्चारणकै रूपमा निरन्तर गर्दै आएका छन् । उनीहरूले यो सूत्रको मन्त्रोच्चारण मात्र गरेका छैनन्, व्यवहारिक रूपमै आ-आफ्ना दलका कार्यकर्ता वा दलसँग आबद्ध संगठनका सदस्यहरूलाई अभिव्यक्तिको प्रचुर स्वतन्त्रता दिएका छन् । आफ्नो दलको प्रवर्द्धनका लागि, प्रतिस्पर्धी दलको मान-मर्दनका लागि, आ-आफ्नो वर्गको स्वार्थरक्षाका लागि र आ-आफ्ना गुट एवं समूहको प्रवर्द्धनका लागिसमेत दलका सर्वोच्च नेताहरूले पार्टी आबद्ध कार्यकर्ता, शुभचिन्तक र समर्थकहरूलाई संवैधानिक, कतिपय अवस्थामा गैरसंवैधानिक पनि, अधिकार उपभोग गर्ने पूर्ण स्वतन्त्रता दिएका मात्र छैनन् । त्यसको भरपुर उपभोग भैरहेको बोधसमेत जनतामा अनुभव गराएका छन् । अहिले व्यक्तिगत स्वतन्त्रतामा निषेधको प्रवृत्ति बढेको चर्चा गर्नु भनेको हान्ने साँढेको अघिल्तिर आफूलाई उभ्याउनुजस्तै हो, तर सत्य यही हो, अहिलेको यो उद्भट कल्पनाशील र उन्मत्त वातावरणले चारैतिरबाट स्वतन्त्रतालाई निषेधको घेराभित्र समेट्न थालेको छ । निषेध अदृश्य छ । उदाहरणहरू दृश्य छन् ।

## प्रतिक्रिया




काठमाडौंसम्म कोकिन पुऱ्याउनेहरू पनि भरिया नै हुन् (काठमाडौं कोकिन ट्रान्जिट) । अन्त्यमा फस्ने पनि भरियाहरू नै हुन् । सत्ता र शक्तिमा हुनेहरू जहिल्यै उम्किन्छन् । दु:ख पाउने त होचा तथा निर्धाहरूले मात्र हो ।

**राजन खरेल**

केकी अधिकारीजस्ती कलाकारलाई पारिश्रमिक प्राप्त गर्न यस्तो समस्या पर्छ भने अरूको अवस्था के होला (यात्रा सन्दर्भ : कोहलपुर एक्सप्रेसमा केकी) ? कलाकारहरूलाई सित्तैंमा काम लगाएर कसरी राम्रो चलचित्र बनाउन सकिन्छ ?

**हरिहर जोशी**

गायक शिव परियारले चलचित्रका गीत पनि गाउन् राम्रो (अन्तर्वार्ता : अब चलचित्रमा गाउँदिनँ) । यसले उनलाई आफ्नो उचाइ कायम राख्न सहयोग पुऱ्याउँछ ।

**पिवन लिम्बू**

युट्युबको कडाइले नयाँ आउनेहरूलाई अप्ठ्यारोमा पारेको छ (साइन्स एन्ड टेक्नो : युट्युबमा परिवर्तन) । जथाभावी जस्तो पायो त्यस्तो भिडियो अपलोड गरी पैसा कमाउने खोज्नेहरूका विरुद्ध युट्युबले चालेको निर्णय सही छ ।

**रामराज भण्डारी**

बाध्यताले बिदेसिनुपरे पनि आफ्नो इच्छालाई कहाँ मार्न सकिन्छ र (चर्चामा : विदेश बसेर स्वदेश घन्काउँदै) ? विदेशमा कैयौं समस्या, अप्ठ्यारा हुँदाहुँदै पनि गीत-संगीतलाई निरन्तरता दिनु चुनौतीपूर्ण नै छ । सबै कलाकार ती चुनौती पार गर्दै अघि बढेका छन् । यो खुसीको कुरा हो ।

**विष्णु खत्री**

कस्तो अचम्मको कार (इसाराबाटै चल्ने कार) ! तर पेट्रोल भर्ने झन्झट नभएकाले यो सजिलो पनि होला ।

**सौगात क्षेत्री**

सहिद शब्दकै अवमूल्यन भयो (गजुरियल विश्लेषण : सहिदको खेती कसरी गरिन्छ ?) । जसलाई पनि सहिद घोषणा गर्ने अनि १० लाख रुपैयाँ बाँड्ने परिपाटी उचित होइन ।

**हिमाल बस्नेत**

थारु जागृति क्लबले राम्रो काम थालेको छ (खिचडी महोत्सवको आकर्षण) । कला एवं संस्कृतिको जगेर्ना तथा स्थानीय पर्यटनको प्रचारमा जोड दिनु अझ उपयुक्त हुन्छ ।

**सन्तोष केसी**

जाल्टानले दर्शकहरूलाई आकर्षित गर्न टाटु खोपाएका होलान् (मैदानबाहिर : थपियो टाटु) । जे होस्, उनको टाटु आकर्षक छ ।

**सोनम ठकुरी**

बिदामा बालबालिकाहरूलाई घुमाउने स्थानसम्बन्धी जानकारी उपयोगी लाग्यो (मौसम घुमघामको) । ओझेलमा परेका यस्ता अन्य कतिपय स्थान छन् । तिनलाई पनि साप्ताहिकमा स्थान दिइयोस् ।

**भीम थापा**

प्रहरीले आफ्नो सक्रियता नछाडोस् (अपराध : गौचन र तिवारी हत्याकाण्ड) । अपराधीहरू उम्किन नपाउन् । समाजमा शान्ति सुरक्षा कायम होस् ।

**प्रकाश बिसी**

एक जोर जुत्ता यति धेरै महँगो (३ करोडभन्दा बढी पर्ने जुत्ता) ? यो त धनाड्यहरूले मात्र खरिद गर्न सक्छन् ।

**प्रमोद नेपाल**

धुर्मुस सुन्तलीले उदाहरणीय काम गर्नुभएको छ (बस्ती होइन सहर नै बसाउदै धुर्मुस सुन्तली) । इमान्दारीपूर्वक काम गर्दा संसारले साथ दिने रहेछ ।

**रोजी न्यौपाने**

बजारमा यस्ता हल्लाहरू चलिरहन्छन् (आश्चर्यमा दीपिका) । आफ्नो अध्ययन पूरा गरेपछि फेरि चलचित्रलाई निरन्तरता दिने दीपिकाको सोच सकारात्मक छ ।

**खेमराज कैनी**

प्रमिला न्यौपानेले कम्तीमा यस्तो कुरामा बोल्ने, लेख्ने आँट गरिन् (यौन प्रस्तावको आरोप) तर कतिपयले त बोल्ने आँट समेत गर्दैनन् । प्रस्टसँग आफ्ना कुरा व्यक्त गर्ने हिम्मत गर्नुपर्छ । त्यसपछि दोषीहरू आफैं किनारा लाग्दै जान्छन् ।

**दिलीप कुँवर**

twitter follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# सामाजिक सञ्जालमा भेडाहरूको भीड छ

गीत गाएर होस् अथवा समाचारवाचन गरेर होस्, कोमल वली प्रायः चर्चामा आइरहने नाम हो । सांस्कृतिक कार्यक्रममा गीतमात्र होइन, छमछमी नाचेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्न पछि नपर्ने यी गायिका अहिले आएर आफ्नो परिचय नै परिवर्तन गर्ने मोडमा छिन् । वली यसै साता एमालेका तर्फबाट राष्ट्रिय सभा निर्वाचनमा निर्विरोध निर्वाचित भएकी छिन् । यद्यपि राष्ट्रिय सभा निर्वाचनमा उनको उम्मेदवारी घोषणा भएदेखि नै सामाजिक सञ्जालमा उक्त निर्णयप्रति तीखा टीका-टिप्पणी गरिए । सामाजिक सञ्जालमा चलिरहेको वली सम्बन्धी जुहारी अझै मत्थर भैसकेको छैन । वलीले सामाजिक सञ्जालमार्फत नै पनि आफ्ना भनाइहरू सार्वजनिक गरिरहेकी छिन् । राष्ट्रिय सभाकी नवनिर्वाचित सांसद वलीसँग साप्ताहिकका **कृष्ण भट्टराई**ले समसामयिक विषयमा लामै कुराकानी गरेका थिए ।



■ कोमल वली, राष्ट्रिय सभा सांसद/गायिका

**राष्ट्रिय सभाको सदस्य बन्नुभएको छ । यो अवसरलाई कसरी सदुपयोग गर्दै हुनुहुन्छ ?**
यो मेरा लागि चुनौतीपूर्ण अवसर हो । त्यसैले म राष्ट्रिय सभामा गर्नुपर्ने कामहरूको फेहरिस्त तयार पार्न थालेकी छु । मेरो व्यक्तिगत राजनीतिक यात्राका क्रममा यो देशका लागि केही गरेर देखाउने मौका पनि हो । राष्ट्रिय सभाका नियमित कामका अतिरिक्त मैले यो वर्षका लागि केही प्रतिबद्धता सार्वजनिक गरिसकेकी छु, अब म ती काममा समेत केन्द्रित हुनेछु ।

**सांसद बन्ने प्रसंगलाई पार्टिको अचानकको निर्णय भन्नुहुन्छ कि योजनाबद्ध ?**
मलाई राष्ट्रिय सभामा पठाउने पार्टीको निर्णय न अचानक हो, न त लामो योजना बनाएर गरिएको निर्णय नै हो । यो त समयले निम्त्याएको आकस्मिकता हो । यही आकस्मिकताका कारण देशको कला क्षेत्र पनि सम्मानित भएको चाहिँ ध्रुवसत्य हो ।

**तपाईंलाई एमालेले राष्ट्रिय सभाको उम्मेदवार बनाउनेबित्तिकै सामाजिक सञ्जालमा चर्को आलोचना भयो ?**
हामी नेपाली र हाम्रो समाजको स्वभावका कारण यस्तो भएको हुनसक्छ । हामीकहाँ कोही सफलताको यात्रामा हुँदा खुट्टा तान्न उद्यत हुनेहरू पनि उत्तिकै हुन्छन्, त्यसमाथि सामाजिक सञ्जालमा भेडाहरूको भीड बढी छ, राम्रो-नराम्रो छुट्ट्याउनुभन्दा अरूको पछाडि लाग्नेहरूको अभिव्यक्तिलाई आलोचना भनिएको होला । त्यसले त मलाई अझ बलियो बनाएको छ ।

**तपाईंकै उम्मेदवारीको विरोध हुनुपर्ने कारण के होला ?**
मलाई आफ्नो विरोध भयो जस्तो लाग्दैन । विरोध भएको भए मेरो उम्मेदवारीविरुद्ध अरू पार्टीले उम्मेदवार उठाउने थिए, म निर्विरोध निर्वाचित नै हुने थिइनँ । केही व्यक्तिले जोकजस्तो मानेर वा राष्ट्रिय सभाको गरिमा नबुझेर गरेका हल्का-फुल्का कुरालाई विरोध भन्न मिल्दैन ।

**पार्टीभित्रैबाट पनि असन्तुष्टिका स्वर सुनिए त ?**
मलाई त्यस्तो लाग्दैन । म निर्विरोध हुने भएपछि पार्टीका अधिकांश नेताले मलाई बधाई दिनुभयो । यद्यपि कोही असन्तुष्ट हुनुहुन्छ भने म उहाँहरूलाई मेरो काम हेरिदिन अनुरोध गर्छु । अर्को कुरा, विरोध जहाँ पनि हुन्छ । हिजो बाराक ओबामा अमेरिकाको राष्ट्रपति निर्वाचित हुँदा संसारले स्वागत गर्‍यो, तर त्यहाँ पनि असन्तुष्टिका स्वर सुनिए । लोकतन्त्रमा यस्तो कुरा स्वभाविक हो भन्ने मैले बुझेकी छु, जो असन्तुष्ट हुनुहुन्छ, उहाँहरू नै भोलि मेरो काम देखेपछि बधाई दिन आउनु हुनेछ ।

**प्रदेश सभा तथा प्रतिनिधिसभामा टिकट नपाउँदा सामाजिक सञ्जालमा तपाईंको समर्थन भएको थियो, अहिले उनीहरू नै कसरी तपाईंको विरोधी भए ?**
हाम्रा तर्कहरू त्यति 'म्याचुयर्ड' छैनन्, हामीकहाँ सामाजिक सञ्जालको प्रयोगमा तार्किक कुरा त्यति हुँदैनन् । कागले कान लग्यो भनेर कागको पछि लाग्नेहरूकै बाहुल्यता सामाजिक सञ्जालहरूमा छ । त्यसमाथि जे पायो त्यही नाममा अनेकथरी लेखेर हल्ला गर्नेहरू पनि प्रसस्तै छन् । नाम सामाजिक सञ्जाल भए पनि त्यसमा असामाजिकहरू नै बढी सक्रिय छन् ।

**भन्नेहरू त तपाईंलाई अवसरवादी पनि भन्छन्, के भन्नुहुन्छ ?**
भन्नेहरूको प्रत्येक कुराको जवाफ

पृष्ठ ७ मा

ISO 9001:2008 Certified College
(T.U. Affiliated)
11th years OF EXCELLENCE IN EDUCATION SECTOR
20th Positions In Ranking of Nepalese Universities & Colleges 21533 Positions In World Ranking
BE THE CHOSEN ONES,
Join GoldenGate Int'l College


Programmes Offered

| M.Sc. | M.B.S. | M. A. |
|---|---|---|
| M.Sc. in Physics<br>M.Sc. in Microbiology<br>M.Sc. in Environment Science | | M.A. In Economics<br>M.A. in English<br>M.A. in R.D.* |

*Proposed

GOLDENGATE INT'L COLLEGE
Wisdom Tower, Trikuti Colony, Old Baneshwor, Battisputali, KTM
BHM wing: Sangrila Complex, Sinamangal, KTM
Ph: 4479434/4479435, G.P.O Box: 4059 / T: 4477082/4466795/4495165
E: info@goldengate.edu.np / W: www.goldengate.edu.np
WE ARE TOGETHER FOR A BETTER TOMORROW

# मोस्ट वान्टेड माननीय

६० को दशकतिर काठमाडौंमा शक्तिशाली दुई गुन्डा नाइके रजाइ गर्थे । तीमध्ये एक थिए दीपक मनाङे । उनी ठमेलतिर सक्रिय थिए । अर्का चक्रे मिलन, चक्रपथतिरका कमान्डर थिए । यी दुईबीच को शक्तिशाली भन्ने होड थियो । त्यही कारण उनीहरू एकअर्काका कट्टर दुस्मन भएका थिए । मनाङेले चक्रेलाई कमजोर बनाउन गणेश लामासहितको समूहलाई आफ्नो समूहमा भित्र्याए । काभ्रेली समूह भित्रिएपछि शक्तिशाली बनेको मनाङे समूहले चक्रेलाई “टार्गेट” बनायो । परिणाम ३१ वैशाख २०६१ को घटना घट्न पुग्यो । पानीपोखरीको चुफाङ रेस्टुराँमा चक्रे मिलनमाथि मनाङे समूहले सांघातिक हमला गर्‍यो । उक्त बहुचर्चित ग्याङफाइटमा खुँडा हानेर चक्रेको देब्रे हात छिनालियो, जसलाई शिक्षण अस्पतालका हाडजोर्नी चिकित्सक प्रा. डा. चक्रराज पाण्डेहरूको समूहले जोड्यो ।



नवराज सिल्वाल



रेशम चौधरी



दीपक मनाङे

## शपथ लिन पाएनन्

दीपक मनाङे चुनाव जितेर सांसद पद चट भएपछि अन्डरग्राउन्ड माननीय भएका छन् । १३ वर्षअघि चक्रेमाथि भएको हमलाका लागि सर्वोच्चले मनाङेलाई दोषी ठहर गर्दै पुनरावेदनको फैसलालाई सदर गरेपछि मनाङेको माननीय पद शपथ नखाँदै खारेज हुने भएको हो । अहिले प्रहरीले उनलाई खोजिरहेको छ, तर मनाङे बेपता छन् । मनाङेले केही अनलाइनसँग सर्वोच्चको फैसलामा पुनरावेदन गर्ने बताए पनि अब उनले पुनरावेदन पनि जेलबाटै गर्नुपर्ने भएको छ ।

मनाङे मनाङको प्रदेश ‘ख’ मा एमालेको समर्थनमा स्वतन्त्र उम्मेदवारका रूपमा प्रदेशसभा सांसदमा विजयी भएका थिए । उनले १ हजार ४ सय १० मत प्राप्त गरेका थिए । मनाङेका प्रतिस्पर्धी कांग्रेस उम्मेदवार कर्म गुरुङको १ हजार २० मत थियो । सर्वोच्चको २ माघको फैसलाका कारण प्रमाणपत्र बोकेर काठमाडौं आएका उनको पद मात्र धरापमा परेन्, आफैं अन्डरग्राउन्ड समेत हुनुपर्‍यो । उक्त फैसलापछि उनी पक्राउ पर्ने डरले शपथग्रहण समारोहमा समेत उपस्थित हुन सकेनन् ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय दीपक जोशी र पुरुषोत्तम भण्डारीको इजलासले कर्तव्य ज्यान मुद्दामा २८ साउन २०६९ गते पाटन पुनरावेदन अदालतले सुनाएको ५ वर्ष कैदको सजायलाई सदर गरेपछि उनको प्रदेशसभा सदस्य पद संकटमा परेको हो । फैसलापछि उनी संविधानको धारा १७८ बमोजिम नैतिक पतन देखिने फौजदारी कसुरमा दोषी ठहर भएका छन् जसअनुसार उनको प्रदेशसभा सदस्यता खारेज हुनेछ ।

सरकारले मनाङेसँगै गणेश लामा, रेवती कार्की, उमेश लामा तथा रमेश सुनुवारमाथि पनि पुनरावेदन अदालत पाटनमा ज्यान मुद्दा दायर गरेको थियो । त्यसमा मनाङेलाई ५ वर्षको जेल सजाय सुनाइए पनि अरूले सफाइ पाएका थिए । त्यसपछि सरकारले उक्त फैसलाउपर पुनरावलोकनको माग गर्दै २०७० जेठ १० मा सर्वोच्च अदालतमा निवेदन दर्ता गराएको थियो । उक्त निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले पुनरावेदन पाटनकै फैसला सदर गरेपछि मनाङेले ३ वर्ष जेल बस्नुपर्ने भएको छ । यसअघि उनी दुई वर्ष जेल बसेर बाहिर निस्किएका थिए । १० वर्षअघि नै जेल सजाय पाएपछि उक्त घटना गुपचुप राखेर मनाङे जोगिँदै आएका थिए, तर २ माघको फैसलाले गुपचुप सेटिङको पर्दा खोलिदिएपछि उनी पक्राउ पर्ने डरले अन्डरग्राउन्ड भएका हुन् ।

## किर्तेको अभियोगपछि

प्रहरीको खोजीमा रहेका अन्डरग्राउन्ड सांसद हुन् ललितपुर-१ बाट निर्वाचित एमाले सांसद नवराज सिलवाल । आईजीपी हुन रोकिएपछि राजीनामा दिएर एमाले प्रवेश गर्दै ललितपुर-१ बाट वाम गठबन्धनका उम्मेदवार भएका थिए, सिलवाल । उनी आफ्ना प्रतिस्पर्धी नेपाली कांग्रेसका युवा नेता एवं अर्थराज्यमन्त्री उदयशमशेर राणालाई ६ हजार २ सय १७ मत अन्तरले पराजित गर्दै विजयी भए । सिलवालले २६ हजार ९ सय ४६ मत प्राप्त गरे भने राणाले २० हजार ७ सय २९ मत ल्याएका थिए । सिलवालको विजयलाई कतिपयले आईजीपी प्रकरणमा उनीमाथि भएको अन्यायमा जनताले न्याय गरेको भनेर समेत अर्थ्याएका थिए ।

२८ मंसिरमा सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक बन्न पूर्वडीआईजी सिलवालले कार्यसम्पादन मूल्यांकन (कासमु) मा किर्ते कागजात पेश गरेकाले अनुसन्धान गरी कारबाही चलाउन आदेश दिएको छ । सर्वोच्चले पूर्णपाठको फैसला जारी गर्दै किर्ते कार्यमा संलग्न सबैलाई अनुसन्धान गर्ने गरी कारबाही गर्न भनेको थियो, जसका कारण अहिले सिलवाल प्रहरीको खोजीको सूचीमा छन् ।

उनलाई खोज्न नेपाल प्रहरीले देशभरका आफ्ना निकायहरूलाई पत्राचार समेत गरिसकेको छ, तर पक्राउ परिने डरले सिलवाल अहिले अन्डरग्राउन्ड छन् । उनीमाथि आईजीपी प्रकरणमा अदालतमा किर्ते कामसु पेश गरेको अभियोग छ, तर ट्विटर तथा भाइबरमार्फत मिडियाको सम्पर्कमा आउने सिलवाल भने आफूले कुनै किर्ते नगरेको बरु सरकार र प्रहरी प्रशासनले आफूलाई फसाउन खोजेको बताइरहेका छन् । उनले जारी गरेको पछिल्लो ५ बुँदे विज्ञप्तिमा भनेका छन्, ‘जुन मान्छे यो सम्पूर्ण घटनाक्रममा मेरो विपक्षी छ, उसैले अनुसन्धान गर्ने र त्यसमा संलग्नलाई निर्दोष सावित गरी मलाई प्रहार गर्ने जुन खेल भैरहेको छ, त्यसको अन्त हुनुपर्छ । निष्पक्ष निकायबाट हुने अनुसन्धानलाई निष्कर्षमा पुर्‍याउन म सबै प्रकारको सहयोग गर्न तयार छु ।’

> टीकापुर घटनाका फरार अभियुक्त रेशम चौधरीले वारेसानामार्फत उम्मेदवारी दर्ता गराए भने भारतमा बसेर सामाजिक सञ्जालबाट चुनाव प्रचार गरे । मतदाताको घरदैलोमा चौधरीकी श्रीमती तथा शुभेच्छुकहरूले उनी निर्दोष रहेको दाबी गर्दै मत मागे । मुख्य उम्मेदवार नै फरार अभियुक्त भएका कारण कैलाली-१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा एमालेकी गरिमा शाह तथा नेपाली कांग्रेसकी ईश्वरी न्यौपानेले रेशमलाई टक्कर दिने उम्मेदवार मानेनन् ।

## अझै अन्डरग्राउन्ड

कैलाली क्षेत्र नम्बर १ बाट टीकापुर घटनाका फरार अभियुक्त रेशम चौधरीले वारेसानामार्फत राजपाबाट उम्मेदवारी दर्ता गराए भने भारतमा बसेर सामाजिक सञ्जालबाट चुनाव प्रचार गरे । मतदाताको घरदैलोमा चौधरीकी श्रीमती तथा शुभेच्छुकहरूले उनी निर्दोष रहेको दाबी गर्दै मत मागे । मुख्य उम्मेदवार नै फरार अभियुक्त भएका कारण कैलाली-१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा एमालेकी गरिमा शाह तथा नेपाली कांग्रेसकी ईश्वरी न्यौपानेले रेशमलाई टक्कर दिने उम्मेदवार मानेनन् ।

यद्यपि, जब मतपरिणाम सार्वजनिक हुन थाल्यो, बाम गठबन्धनबाट उम्मेदवार भएकी शाह र नेपाली कांग्रेसकी उम्मेदवार न्यौपाने दुवै सुरुवातदेखिनै पछि पर्न थाले । मतगणना सुरु भएदेखि नै अग्रता हासिल गरेका चौधरी सबैलाई चकित पार्दै झन्डै २१ हजारको भारी मतान्तरले विजयी भए । चौधरी ३४ हजार ३ सय ४१ मत ल्याएर विजयी हुँदा आफ्नो विजयमा लगभग ढुक्कजस्तै देखिएकी बाम गठबन्धनकी उम्मेदवार शाहका पक्षमा १३ हजार ४ सय ६ मतमात्र पर्‍यो । उनीहरू बीचको मतान्तर २० हजार ९ सय ५० मत थियो । तेस्रो स्थानमा रहेकी लोकतान्त्रिक गठबन्धनकी उम्मेदवार तथा कांग्रेस नेतृ न्यौपानेले भने ११ हजार २ सय ३ मत प्राप्त गरिन् ।

वारेसनामामार्फत उम्मेदवारी दर्ता गराएका चौधरीले चुनाव जितेपछि वारेसनामार्फत प्रमाणपत्र लिन पत्नीलाई पठाएका थिए, तर जिल्ला निर्वाचन कार्यलयले निर्वाचित प्रतिनिधी नै उपस्थिति हुनुपर्ने भन्दै उनलाई प्रमाणपत्र दिन अस्वीकार गर्‍यो । त्यसपछि २९ मंसिरमा उनी जिल्ला निर्वाचन कार्यालयको उक्त निर्णयविरुद्ध सर्वोच्चमा पुगे । वारेसनामार्फत जितेको प्रमाणपत्र पाउनुपर्ने उनको रिट सर्वोच्चले दरपीठ गरिदिएको थियो । त्यसपछि सुनिलकुमार चौहानलाई वारेस राखी उनले दरपीठ विरुद्धको निवेदन दर्ता गराएका थिए । ४ पुसमा न्यायाधीश टंकबहादुर मोक्तानको एकल इजलासले अभियोग लागेका व्यक्तिले सफाइ नलिएकाले प्रमाणपत्र लिन नपाउने निर्णय गरिदियो ।

‘आफूविरुद्ध कर्तब्य ज्यान मुद्दा दायर भएको जानकारी राख्ने निवेदक रेशम चौधरीले अदालतबाट जारी भएको वारेन्ट तथा म्यादी पुर्जीको समेत अवज्ञा गरिरहेको प्रस्ट देखिन्छ । अदालती प्रक्रियालाई छलेर कसैले पनि संविधान एवं प्रचलित कानुनले प्रदान गरेको सुविधा उपभोग गर्न पाउँछ भन्न कदाचित मिल्दैन । अभियोग लागेका व्यक्तिले कानुनबमोजिम सफाइ लिनुपर्ने हुन्छ,’ सर्वोच्चको फैसलामा भनिएको छ । सर्वोच्चको यो फैसलासँगै प्रहरीका सामु चौधरीलाई पक्राउ गर्ने बाटो खुलेको छ, तर उनी अहिले पनि अन्डरग्राउन्ड नै छन् ।

# सामाजिक सञ्जालमा भेडाहरूको...

पृष्ठ ५ बाट

दिन सम्भव हुँदैन, कहिले समय हुँदैन, कहिले चाहना हुँदैन । अब रहयो अवसरवादीको कुरा, म के मान्दिनँ भने अवसर आफैं आउँछ, यो रेडिमेड कुरा होइन, क्रिएटेड विषय हो । म अहिले करण जोहरको आत्मकथा 'एन अन्सुटेबल ब्याइ' पढिरहेकी छु । हेर्नुस्, जोहरले आएका अवसरलाई व्यवस्थापन नगरेको भए अहिले उनी यो अवस्था, स्थान र उचाइमा पुग्ने थिएनन् । जो आफूले केही गर्न सकिरहेको छैन र कुण्ठालाई आफ्नो प्राथमिकता बनाइरहेको छ, उसका लागि अरूको सफलता सुपाच्य हुँदैन, त्यसलाई ऊ अनेक नाम दिन्छ । मलाई अवसरवादी भन्नेहरूमा पनि यही कुरा लागू हुन्छ ।

**आफू विरुद्धको विरोधका स्वरहरूलाई कसरी मत्थर बनाउने योजना बनाउनु भएको छ ?**

मैले यो कुरामा ध्यान दिएकी छैन र दिनुपर्छ भन्ने पनि लाग्दैन । किनभने जब मैले आफ्नो काम राम्रोसँग गर्नेछु, सबै कुरा प्रष्ट हुँदै जाने छन् । अघि बढ्न यस्ता विषयमा ध्यान दिनुभन्दा अबको कार्य योजना बनाउनु बढी महत्वपूर्ण हुन्छ, म त्यसमै ध्यान दिँदैछु । जब अहिले मेरो नाममा विरोध गर्नेहरूले यो कुरा बुझ्नुहुनेछ, उहाँहरू आफैं चुप लाग्नुहुनेछ भन्ने मेरो विश्वास हो ।



**राप्रपाबाट एमालेमा प्रवेश गरेर राम्रै गरेछु जस्तो लागेको छ होला नि ?**

यो कुरा त मैले त्यतिबेला नै सोचेर एमालेलाई आफ्नो राजनीतिक यात्राको माध्यम बनाउने निर्णय गरेकी हुँ, अब अहिले आएर मात्र राम्रो लाग्ने भन्ने कुरै भएन ।

**मौका मिल्यो भने तपाईंले एमालेलाई पनि धोका दिनुहुनेछ भन्नेहरू पनि छन् ?**

सबैभन्दा पहिले धोका भनेको के हो भन्ने डिफाइन हुनु जरुरी छ । कसैले सोचे जस्तो नहुनु, त्यो सोच्ने मानिसका लागि धोका हो भन्ने बुझाइ नै गलत हो । जहाँ मैले मेरा सपना समाहित गरिसकेकी छु, त्यहाँ धोका भन्ने कुरै हुँदैन । त्यो त आफ्नै सपनाको हत्या गर्नु सरह हो ।

**गीत गाएर र समाचार पढेर नपाएको चर्चा अहिले पाउनुभयो होइन ?**

चर्चा केका लागि भन्ने हो । समाचारमा काम गर्दाको चर्चा अर्कै हो, गीतको चर्चा कलाको चर्चा हो । अब अहिलेको चर्चा नेपालीहरूको सपना जोडिएको चर्चा हो । हामी नेपालीको सपना जोडिएकाले यो मेरा लागि महत्वपूर्ण मात्र होइन, अझ बढी सुखको चर्चा हो । यसलाई म शक्तिमा बदल्नेछु ।

**अबको तपाईंको राजनीतिक यात्रा कसरी अघि बढ्छ ?**

मेरो सम्पूर्ण समय समाज र जनताको विकासमा खर्च हुनेछ । जनता सर्वोपरि हुन् र नेपाली माटोको सुगन्ध सबैले थाहा पाऊन् भन्ने आधारमा मेरो राजनीति अघि बढ्नेछ ।

**तपाईंको उम्मेदवारीले एमालेको जनताको बहुदलीय जनवादलाई उपहास गरेको आरोप पनि लगाईदैछ ?**

यस्तो किन भएको हो भने कतिपय आलोचकले जबजलाई राम्रोसँग बुझ्नुभएको छैन, अन्यथा एउटा कलाकार, त्यसमा पनि महिला देशको गौरवमय पदमा पुग्दा यस्तो प्रश्न उठ्नु नपर्ने हो । मेरो कामले उहाँहरू जो अहिले यस्ता कुरा गर्दै हुनुहुन्छ मात्र होइन, समग्र एमाले पार्टीले गर्व गर्नेछ, देशले गर्व गर्नेछ । यो मेरो वाचा हो ।

**माननीय भएपछि तपाईंको सांगीतिक यात्राचाहिँ कसरी अघि बढ्छ ?**

संगीत त मेरो एडिक्सन हो, मेरो अब्सेसन हो । यो म रहुन्जेल निरन्तर जारिरहनेछ । म गायनबिना बाँच्न सक्दिनँ ।

## twitter @ कोमल वली

**बिश्वर सिंह राई @BiswarRai**
अहिलेसम्म कुनै तन्त्रीले नपत्याएपछि कोमल वली राष्ट्रिय सभा छिर्ने भइछन् । सायद यिनले पनि 'चालीस कटेसी रमाउला' भन्ने गीत सुनिन् क्यार !

**KeDaR @Kdargautam**
चुनावअघिसम्म राप्रपा, लगत्तै एमालेमा प्रवेश र टिकट पाउने हल्ला । त्यो नपाएपछि फ्रन्डै-फ्रन्डै एमाले छोडेको हल्ला । त्यसपछि अहिले एमालेका तर्फबाट राष्ट्रिय सभामा सिफारिस-कोमल वली । वर्षौंदेखि पार्टीमा प्रतिबद्ध ठाकुर गैरेहरू सिफारिसमा परेनन् । के हो छान्ने आधार ?? हैट् !

**Siromani Dhungana @siromanid**
ठेकेदार, गुन्डा, भ्रष्ट, जग्गा दलाल आदिको तुलनामा कोमल वली राष्ट्रिय सभाका लागि योग्य उम्मेद्वार । फौजदारी मुद्दा खेपिरहेकाहरूले निर्वाचन जित्ने देशमा उनी धेरै सक्षम ।

**नेपाल टीबीएन @chhetri_tbn**
'पोइला जान पाम् शिव पोइला जान पाम्' भन्ने गीत गाउँदा-गाउँदै राप्रपामा राजनीति भविष्य नदेखेर एमालेमा पोइला गएकी- कोमल वलीले पोइला जानेबित्तिकै सौता बनेर बागी उम्मेदवारीसमेत दिइन् र अहिले राष्ट्रिय सभा सदस्यमा छानिइन् । वर्षौं राजनीति अनि समाजसेवा गर्नेहरूलाई पाखा लगाएर चरुवाहरूले ठाउँ पाए ।

**Ramesh Kandel @kandeldai**
कोमल वली वडा सदस्य हुनुपर्ने मान्छे राष्ट्रियसभा सदस्य । हन, मूल्यांकनचाहिं कसरी गर्न थाल्यो एमालेले ?

**चिम्से अँजे @ajayRAI__**
कोमल वलीलाई मात्र किन ज्योति मगरलाई नि टिकट देऊ, उनी पनि लोकगायिका नै हुन् क्यारे !

**श्वेतशार्दूल @seto_bagh1**
नारायण ढकाल, पुष्प पोखरेल अनि ठाकूर गैरेहरू नअट्ने तिम्रो जनवादमा कोमल वली र राजेन्द्र लिङ्गदेनहरू अट्छन् । सलाम छ तिम्रो जनवादलाई ।

**Ranjit Tamang @RaneyTam**
ठाकुर गैरे रिङ बाहिर : कारण थाहा छैन । कोमल वली रिङ भित्र : कारण थाहा छैन । त्यसैले प्रेस चौतारी-सौतारी होइन । चुपचाप श्रम गर ।
देशलाई सुका-मोहोर भए पनि राजस्व तिर ।
यसैमा कल्याण छ बालक ।

**bimal nyaupane @NyaupaneBimal**
संगीत क्षेत्रमा अविरल योगदान गरेकी कोमल वली छानिँदा आकाशै खसेजस्तो हल्ला नमिठो लागिरहेको छ । उनी नछानिँदा पनि कुनचाहिँ महामानवलाई छान्थ्ये र दलहरूले ।

**rajendra parajuli @rajenparajuli48**
साना दु:खले आर्ज्याको दल हो र ? कोमल वली, राज्यलक्ष्मी गोल्छा, नवराज सिलवाल आदिलाई प्रवेश गराउन हाम्ले दिनरात नभनी मेहनत जो गर्या छौ । दल त्यसै ठूलो र चर्चित भ'को छ ?

**गौरव पौडेल @Gaurav_Paudel**
ती कोमल वली त राजाको गुनगान गाउने मान्छे होइनन् र ? एकाएक कसरी कम्युनिस्ट पार्टीबाट त्यत्रो ठूलो जिम्मेवारी पाइछन् ? कि गणतन्त्रमा पार्टीको लोकतान्त्रीकरण यस्तै हो ?

**Akhanda @DolpaliAkhanda**
आज ओली कमरेडलाई भ्याइ-नभ्याइ छ, कोमल वली, दीपक मनांगे, सिलवाल अनि भर्खर देउवाले बढाएको भत्ता सबैका बारेमा एकैचोटि मुख खोल्नुपर्ने, थाके होलान् बूढा आज ।

**Krisn @dhwoje**
नेपालको समावेशिताको अर्थानिक पक्ष भनेकै छोराछोरी, श्रीमती, सम्धी-सम्धिनी तथा गोल्छा, विनोद चौधरी, खेतान, ल्यारकल, कोमल वली हुन् ! जातका आधारमा गरिएको समावेशी र यसका विविध पात्र गर्व गर्न लायक छन् ।

**रामचन्द्र पोखरेल उपाध्याय @Kanchopokharel**
कोमल वलीका सम्बन्धमा निकै टीका-टिप्पणी सुनियो । खासमा कोमल वलीले विगतमा कुनै अपराध गरेजस्तो त लाग्दैन । एउटी योङ महिलाले राजनीतिमा लागेर केही गर्छु भन्दा टिकट पाइन त यसमा धेरै विरोध गर्नुपर्ने मैलेचाहिँ खासै कारण देखिन है मान्यवरहरू !

**United We Stand @iSDBR**
कांग्रेसमा धनराज बाहिर भएझैं एमालेले पनि गैरे र फ्राँक्री जस्ता योद्धाको सम्मान गरेछ । कोमल वलीजस्ता जबज र प्रजातन्त्रका महान् संवाहकलाई पुरस्कृत गरेर । हन, कोमल वलीको योगदान चै के र'च ?

**Rupak Bhandari @rupakb89**
कोमल वली : हाई हाई
त्याग, तपस्या, बलिदान, सिद्धान्त, नीति, विचार, इतिहास, निष्ठा आदि सबै बाई-बाई ।

**पूनम पोखरेल @punm_ooo**
एक खाले मान्छे भाग्यमानी हुन्छन् । अनि आउँछन् महा-भाग्यमानी । त्यसपछि आउँछिन् कोमल वली । हाय रे जबज ।

**BOYHOOD @XettriS**
जीवन शर्मा, ठाकुर गैरेजस्ता सच्चा कार्यकर्ताको जमाना छैन । यहाँ राजनीतिक दलको सिद्धान्त होइन, धन्दा, चाकडी र पहुँच चल्छ, यहाँ कोमल वली अनि खुश्बु वलीहरू चल्छन् ।

**सन्दीप ढकाल @revolution1375**
कहिलेकाहीं मुकुन्द दाइले भनेझैं राजा फर्काउने खेल हुँदैछ झैं लाग्छ । गुरु घिमिरे अनि ठाकुर गैरेहरू बाहिर, कोमल वली भित्र ।

## फेसबुकमा कोमल वली

पार्टी प्रवेश गर्दाचाहिँ 'दीपावली' ? टिकट पाउँदाचाहिँ 'कोमल वली' ? मैले २०४४ मा राजाको पूर्वाञ्चल भ्रमणदेखि देखेको कोमल वली यत्तिकै चर्चित छिन् । राजनीतिमा उनलाई ल्याउँदा फाइदा देख्नेले राजनीतिमा ल्याए, उम्मेदवार बनाउँदा इज्जत देख्नेले उम्मेदवार बनाए । राजनीतिमा कोही जोगी हुन लाग्ने होइनन् हाम्रो जस्तो देशमा ।

**युवराज आचार्य**

अब यसरी बोल्नेछिन् कोमल वली, अहिले बेलुकाको नौ बजेको छ । म कोमल वली । अब राष्ट्रिय सभाबाट समाचार सुन्नुहोस्......

**गणेश चितौरे**

कहिले चरी डन, चमेरो डन, मनाङ्गे डन त, कहिले खुस्बु वली, कोमल वली । केपीको यो 'डन' तथा 'वली' हरूप्रतिको प्रेम अझ फाँगिदै जाओस् । कोमल वली फेरि अन्यत्र 'पोइला' हिंडेको सुन्नु नपरोस् ।

**उत्तम बजगाई**

कोमल वली दिदीमा सांगीतिक कुशलता छ, राजनीतिक नेतृत्वको होइन । कुशल राजनीतिज्ञमा संगठनात्मक एवं वैचारिक क्षमता हुन्छ । पद प्राप्त गर्न मौसम फेरिएझैं वर्षमा तीन-चारवटा पार्टी परिवर्तन गर्नेहरू अवसरवादी हुन्छन् । आफू बन्नका लागि राजनीतिमा आउने र देश र पार्टी बनाउन जीवनभर बलिदान दिने मानिसहरूबीचको फरक छुट्याउन नसक्दा ठाकुर गैरेजस्ता मैनबत्तीहरू सधैं अरूलाई उज्यालो दिंदादिंदै बलेर सकिन्छन् । पार्टीका लागि यो ठूलो दुर्भाग्य हो– चेतना होस् ।

**विकास रेग्मी**

वर्षौं झोला र झन्डा बोक्ने पार्टीको कार्यकर्ताभन्दा कोमल वली कैयौं गुणा सक्षम नारी हुन् । कोमल पार्टीको बफादार कार्यकर्ताभन्दा पनि समग्र राजनीतिक प्रक्रिया र राज्यको नीति बुझ्न सक्ने क्षमता भएकी महिला हुन् । उनको मनोनयनलाई सार्वजनिक बहसको विषय नबनाउनु नै उपयुक्त होला ।

**विष्णु सागर पुरी**

यहाँ कोमल वलीको मात्र विरोध किन ? को गाईको दूधले नुहाएको छ र ? सबै उही बारीका मुला हुन् । पात्रको विरोध गर्न छोडौं, बरु प्रवृत्तिको विरोध गरौं । सक्षम, इमान्दार, लगनशील र बौद्धिकहरूको राष्ट्रिय सभा भए पो ? राजनीतिक प्रवृत्ति बदल्ने कुरा छैन । संस्कार स्थापनाको कुरा छैन । त्यसैले अब विवेकको प्रयोगमा जनता लाग्ने कि ?

**रोहित अर्याल**

व्यक्तिगत रूपमा त कोमल वली राष्ट्रिय सभामा सिफारिस भएकोमा खुसी नै छु । नवराज सिलवालले टिकट पाउँदा उनलाई अस्वभाविक मान्नु किन ? तर हाम्रा नेताहरू के कुराबाट प्रभावित हुँदा रहेछन् ? यसमा थप के चर्चा गरिरहनुपर्यो र ? पार्टीको काममा वर्षौंदेखि सक्रिय, क्षमतावान्, पार्टी भक्त, ऊर्जाशील अरू महिला-पुरुष थिएनन् र ? यो राष्ट्र, पार्टी र परिवर्तनको अभियान र आन्दोलनको अग्र मोर्चामा रहेर जीवन समर्पित गरेका व्यक्तिहरूको उपहास हो । पार्टीमा आबद्ध भएदेखि नै सांसद पद चाहिने ? अवसर नदिने भन्ने होइन, पार्टीका कमिटीमा राखेर काम गराउनु पर्दैन ? यो प्रवृत्तिको जालोमा आफू लपेटिने कि सच्चिने र सच्याउने कार्यमा लाग्ने ?

**टीका विष्ट**

वर्षौंदेखि जीवनदान गर्दै आएकाहरूको मनोभावना लत्याएर नवप्रवेशीलाई रानी बनाउने ? एमालेले जानेकै र गर्ने नै यही हो, यसमा अचम्म मान्नु पर्दैन । स्थानीय, प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा यस्ता उदाहरण धेरै देखिए । भाग्यमानी, कोमल वली ।

**गोमा केसी**

# सूचना-प्रविधिको नेपाली महामेला

आभाष अधिकारी/नीतेश उपाध्याय



**विश्वका विभिन्न स्थानमा विभिन्न नाममा आयोजना हुने प्रविधि मेला जस्तै गरी सञ्चालन गर्ने प्रयास गरिए पनि नेपालमा सूचना-प्रविधिको सबैभन्दा ठूलो मेलाका रूपमा सञ्चालित क्यान इन्फोटेक भने यसपटक पनि पुराना सामग्रीको स्टक सक्ने थलोजस्तो देखियो । यति हुँदाहुँदै पनि यसपटक क्यानको 'सफ्टवेयर पेभेलियन' ले केहि नयाँपन पनि दिएको थियो । नेपालको परिप्रेक्ष्यमा नयाँपनको चाहना गर्नेहरूका लागि इन्फोटेकमा भएका केही आकर्षण :**



'क्यान इन्फोटेक' काठमाडौंको भृकुटीमण्डपमा सम्पन्न भएको छ । सन् १९९५ मा होटल ब्लुस्टारबाट सुरु भएको इन्फोटेक यो वर्ष समेत गरी २४ पटक आयोजित भैसकेको छ । कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) द्वारा बर्सेनि आयोजना हुने प्रविधि मेला 'इन्फोटेक' यो वर्ष माघ ११ देखि १६ गतेसम्म सञ्चालन भएको थियो ।

पहिलेको जस्तो यो वर्ष पनि इन्फोटेकमा विभिन्न कम्पनीका उत्पादन प्रवर्द्धन गर्ने र किनबेच गर्ने लहड देखियो । सस्तोमा प्राविधिक समान किन्न पाइन्छ भनेर इन्फोटेकमा पुग्ने मानिसहरूको पनि कमि थिएन । पेन ड्राइभ, माउस, मेमोरी कार्ड, प्रिन्टरजस्ता स्टलमा देखिएको भीड हेर्दा इन्फोटेक कुनै सडकको खुला बजारजस्तै प्रतीत हुन्थ्यो ।

त्यस्तै विभिन्न इन्टरनेट सेवा प्रदायकले पनि क्यान इन्फोटेकलाई नयाँ प्रविधि देखाउने भन्दा पनि आफ्ना ग्राहक बढाउने अवसरका रूपमा लिएको पाइन्छ अर्थात क्यान इन्फोटेक फेरि एकपटक अध्ययन-अवलोकनभन्दा पनि प्राविधिक सामानको सस्तो बजारका रूपमा प्रस्तुत भएको छ ।

## सारथि क्याब

काठमाडौंका हरेक नागरिक ट्याक्सी चढ्न डराउने अवस्था थियो, केहीअघिसम्म । यही डर हटाउन तथा काठमाडौंको ट्याक्सी यात्रालाई यात्रुमैत्री तुल्याउन लागिपरेको छ– सारथि क्याब । सारथिमार्फत यात्रुहरूले आफ्नै मोबाइलको सहयोगमा ट्याक्सी बुक गर्न सक्छन् ।

अचम्मको कुरा त के छ भने यी सबै ट्याक्सीले सरकारले स्वीकृत गरेको भाडादरमै यात्रु बोक्छन् । हरेक ट्याक्सीमा जीपीएस जडान गरिएको छ, जसको सहायताबाट ती ट्याक्सी कहाँ छन् भनेर प्रत्यक्ष निगरानीमा रहन्छन् । त्यसै गरी सारथिमा आबद्ध ट्याक्सीले कहाँबाट कहाँसम्म यात्रुलाई लाँदा कति भाडा उठायो भन्ने रेकर्ड पनि कन्ट्रोल रुममा पुग्छ र सबै भिडियो कन्ट्रोल रुमबाट हेर्न सकिन्छ ।

अहिले काठमाडौंमा मात्र चलिरहेको सारथि निकट भविष्यमा देशैभरि सञ्चालनमा आउने यसका सञ्चालकहरू बताउँछन् । सारथिमार्फत सेवा लिन ९८१०१००६०० मा फोन गर्न सकिन्छ ।

## फुड मारियो

काठमाडौंको व्यस्त जीवनशैली र त्यससँगै स्वस्थ खाना नपाइने अवस्था रहेकै बेला काठमाडौंमा खुलेको फुड मारियो नामक व्यवसायको स्टल पनि क्यान इन्फोटेकको आकर्षणमा रहयो । हुन त यो खाद्यव्यापार हो, तर व्यस्त जीवनशैली भएका र सुचना प्रविधिमा चासो राख्ने व्यक्तिहरू इन्फोटेकमा भेला हुने भएकाले आफ्नो व्यवसायको जानकारी दिन स्टल राखिएको बताउँछन् फुड मारियोका संस्थापकहरू । काठमाडौंमा खाना डेलिभरी गर्ने विभिन्न व्यवसायिक संस्था छन् । यद्यपि फुड मारियो अरू व्यवसायभन्दा फरक छ । यो व्यवसाय खाना डेलिभरी गर्ने भन्दा पनि कुनै घरेलु महिलाले आफ्नै भान्सामा पकाएको खानालाई कुनै कार्यालयमा घरेलु खाना खान खोज्ने व्यक्तिसँग सम्पर्क स्थापित गराउने पुलका रूपमा स्थापना गरिएको हो ।

## बी क्रिएटिभ

विद्यालयमा छोराछोरीहरूले के-कस्तो शिक्षा लिन्छन् ? के विद्यालयमा प्राप्त सैद्धान्तिक ज्ञानले मात्र उनीहरूको बौद्धिक विकासमा सहयोग पुऱ्याउँछ ? यदि तपाईंलाई सैद्धान्तिक ज्ञान मात्र पूर्ण हो जस्तो लाग्दैन भने तपाईंको सोच बी क्रिएटिभका संस्थापकसँग मिल्छ भनेर बुझ्नुहोस् ।

विद्यालयमा अतिरिक्त क्रियाकलाप गराउने चलन स्थापना गर्न खोलिएको यो व्यवसायले कक्षा ३ देखि ९ सम्म व्यवहारिक शिक्षाको आवश्यकता बुझेर अतिरिक्त क्रियाकलाप कक्षा स्थापना गराउँदै आएको छ । क्यान इन्फोटेकमा उक्त संस्थाले गुरुत्वाकर्षण केन्द्र, कन्डक्टर, आकारको खेल आदि प्रदर्शनीमा राखेको थियो ।

## योर्स वाईफाई

तपाई कुनै पसल वा क्याफे संचालन गर्दै हुनुहुन्छ र त्यहाँ वाईफाइ जडान गर्न चाहनुहुन्छ भने योर्स वाईफाई तपाईको छनौटमा पर्न सक्छ । अहिले व्यापारिक स्थलमा राखिने वाईफाई 'खर्च' का रुपमा मात्र देखिन्छ, तर योर्स वाईफाईले व्यवसायीहरूलाई आम्दानीको नयाँ स्रोतसमेत जुटाइदिने यसका संस्थापकहरू बताउँछन् । योर्स वाईफाई राख्दा, त्यसलाई प्रयोग गर्ने व्यक्तिको इमेल, फेसबुक आईडी आदि संकलन गरिने हुँदा, त्यसलाई मार्केटिङका रूपमा प्रयोग गरी त्यसबाट समेत थप आम्दानी गर्न सकिन्छ भने ग्राहकको थप विवरणसमेत संकलन गर्न सकिन्छ ।

## घरभेटी

काठमाडौंमा आफूले चाहेजस्तो कोठा भाडामा पाउन त परै जाओस्, कोठा पाउने एकदम कठिन छ । यही समस्या हल गर्न आएको हो– घरभेटी । घरभेटी डटकमले कोठा भाडामा लिन र दिन चाहनेहरूबीच पुलको काम गर्छ । घरभेटीको वेबसाइटमा गएर आफुले कस्तो खालको कोठा, फ्ल्याट खोजेको हो विवरण उल्लेख गरेर आफू अनुकूल कोठा खोज्न सकिन्छ ।

घरभेटीमार्फत आफ्नो पायक पर्ने स्थान र पैसा अनुसार आफुले घर, फ्ल्याट, कोठा, अपार्टमेन्ट, होस्टल के खोज्ने हो विवरण हाले उपलब्ध सबै स्थान देखिन्छन् भने त्यहींबाट त्यो ठाउँ बुकसमेत गर्न सकिन्छ । बुक गरिसकेपछि घर-कोठा भाडामा दिने घरबेटी र तपाईंले सिधै कुराकानी गर्न सक्नुहुन्छ । त्यसैगरी आफूले खोजेजस्तो ठाउँ उपलब्ध छ भने तपाईंले घरभेटीमार्फत नोटिफिकेसन समेत प्राप्त गर्न सक्नुहुन्छ ।

## सस्तो बजार

क्यान इन्फोटेकमा पुगेका सूचना-प्रविधिसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरूले क्यान इन्फोटेक जानकारीमूलकभन्दा पनि व्यापार उन्मुख भएको अनुभव सुनाए । क्यानको रणनीति कम्प्युटर र मोबाइल पसलेलाई एकै ठाउँमा भेला पारेर व्यापार गर्ने भएको आरोप लगाउनेहरू पनि प्रशस्तै भेटिए ।

वर्षेपिच्छे अवलोकनकर्ताको संख्या बढे पनि नयाँपन खोज्ने अवलोकनकर्तालाई भने इन्फोटेकले निराश तुल्याएको छ । क्यानले आफूलाई छुट दिएर विभिन्न उत्पादन बेच्ने सस्तो बजारकै रूपमा विस्तार गरेको कुरामा समर्थन गर्नेहरू प्रशस्तै छन् । त्यसै गरी ठूला मोबाइल कम्पनीको उपस्थिति नहुनुले पनि क्यान इन्फोटेकलाई केहि खल्लो बनाएको छ भने त्यहाँ थोरै मात्र इन्टरनेट सेवा प्रदायकको सहभागिता देखिन्थ्यो ।

मुख्य कुरा त भारी छुट र सस्तोमा सामान पाइन्छ भन्ने अपेक्षा गरेर क्यान इन्फोटेक पुग्ने अवलोकनकर्ताहरू पनि निराश नै भए । महाबौद्ध र न्युरोडका कम्प्युटर र इलेक्ट्रोनिक पसल तथा त्यहींको जस्तो सामानको मूल्य र छुट देख्दा क्यान इन्फोटेकले महाबौद्धको सस्तो होलसेल बजारको अनुभूति मात्र दियो भन्नेहरूको कमी रहेन ।

## सूचना-प्रविधिबाहेक अन्य सेवाका स्टल

सूचना-प्रविधिको कुम्भमेला क्यान इन्फोटेकमा सुचना प्रविधि बाहेकका अन्य सामग्रीहरू पनि देख्न पाइन्थ्यो । विभिन्न पुस्तक र कलम बेच्ने स्टेसनरी पसल गएको अनुभवदेखि लुगाको भुवा निकाल्ने यन्त्र पनि क्यान इन्फोटेकमा देख्न पाइन्थ्यो । त्यस्तै सर्वोच्च अदालत, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) देखि ट्राफिक प्रहरी पनि स्टलसहित इन्फोटेकमा उपस्थित थिए । त्यस्तै झोला बेच्ने स्टलसमेत इन्फोटेकमा थिए ।

## सूचना प्रविधिका नयाँ यन्त्रको प्रवर्द्धनको अभाव

विभिन्न व्यवसायीहरूले मेलामा नयाँ प्रविधिको प्रवर्द्धन गर्ने आश्वासन दिएका थिए । जस्तै मोटोरोला, डिजिकम, टिपिलिङ्क, नेटिस आदि ब्रान्डका नयाँ सामग्री प्रवर्द्धन गर्ने हल्ला बजारमा भए पनि स्थलगत भ्रमणका क्रममा त्यसो गरिएको पाइएन । व्यवसायीहरू धमाधम ग्राहकको मागअनुसारका सामानको बिक्रीमा लागेको पाइयो तर प्रवर्द्धन गरिएका सामग्रीका सम्बन्धमा जानकारी दिन न व्यवसायीहरूले चासो देखाए, न त अवलोकनकर्ताहरू नै उत्सुक देखिए ।

इन्टरनेट सेवाप्रदायकहरू नयाँ ग्राहकको सूची बनाउनमै व्यस्त देखिए भने सगुन, सोनी, डिटिसी आदिका स्टल भने अवलोकनकर्ताहरूलाई आकर्षित गर्न एप इन्स्टल गराउनेदेखि नाचगान समेत गराएर पुरस्कार बाँड्ने काममा सम्म संलग्न भए ।

## अन्त्यमा

कम्प्युटर, पेनड्राइभलगायतका उपकरण किन्नेहरूका लागि निकै उपयोगी छ यो मेला, तर कम्प्युटर विज्ञान र प्रविधिका शुभचिन्तक तथा विद्यार्थीहरूलाई खासै आकर्षित गर्न सकेन यसपालिको क्यान इन्फोटेकले ।

सूचना प्रविधिको देशकै ठूलो मेला क्यान इन्फोटेकले दुई दशकभन्दा बढीको यात्रा गरिसक्दा सूचना-प्रविधिको क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ, तर दुई दशक लामो अनुभव प्राप्त यो मेलाले जानकारी र नयाँपनलाई भन्दा पनि व्यापारलाई नै प्रवर्द्धन गर्दै 'व्यापारिक थलो' बन्नु दु:खद छ । नेपालमै भएका प्राविधिक उत्पादन र स्टार्टअपहरूलाई थप प्रवर्द्धन गर्न सके क्यान इन्फोटेक साँच्चैको प्रविधि कुम्भ बन्न सक्छ कि ?

केवल एक प्रश्न

# गर्मीमा जाडो र जाडोमा गर्मीको सम्झना किन हुन्छ ?

यो भनेको बिहे जस्तै हो...गर्दा नि नगरेको भए हुन्थ्यो जस्तो लाग्ने अनि नगर्दा नि अरूको जोडी देखेर डाहा लाग्ने ।

**विनोद पौडेल, अभिनेता**

आफूसँग जुन चिज हुँदैन, त्यही नै बढी महत्वपूर्ण लाग्ने भएकाले जाडोमा गर्मी अनि गर्मीमा जाडोको सम्झना गरिन्छ ।

**अनिता चलाउने, गायिका**

मान्छे जातैले असन्तोषी हुन्छ जे-जस्तो भए पनि नपुग्ने र सन्तोष नलिने । त्यही प्रवृत्तिका कारण मानिसले यस्तो कल्पना गर्छ ।

**जनकदिप पराजुली, निर्देशक**

मानिस जहिले पनि महत्वाकांक्षी भएर होला, जे छैन त्यो कुरालाई बढी महत्व दिन्छ ।

**सुशान्त श्रेष्ठ, निर्माता**

नभएको चिजको नै हो सबैभन्दा बढी माया लाग्ने, भएको चिजको महत्व सधैं कमै हुन्छ ।

**शान बस्नेत, लेखक**

जुन चिज आफ्नो सामु हुँदैन, त्यसकै बढी महत्व हुन्छ ।

**ऋषिराज आचार्य, निर्देशक**

मानिसको नियति नै हो, आफूसँग जे हुँदैन त्यही नै प्राप्त गर्ने चाहना हुन्छ । चाहे त्यो गर्मी वा जाडोको कुरा होस् अथवा अरू केही कै ।

**रोजिना श्रेष्ठ, फेसन डिजाइनर**

सम्झना अभावमा आउने न हो, अनि आफ्नो अनुकूल सोच्नु हरेक प्राणीको प्राकृतिक गुण हो ।

**राजनराज शिवकोटी, संगीतकार/गायक**

आफूसँग जे हुँदैन, मानिसलाई त्यही चाहिन्छ । जे आफूसँग हुन्छ त्यसको महत्व हुँदैन ।

**ऋचा शर्मा, अभिनेत्री**

गर्मीमा चिसो हावाको कमी र जाडोमा न्यानो हावाको कमी हुन्छ, त्यसैले ।

**चाँदनी शर्मा, सञ्चारकर्मी**

मानवीय स्वभाव हो, जुन चिज हामीसँग हुँदैन हामी त्यही चिजको चाहना राख्छौं अनि सम्झना गर्छौं ।

**उत्तम युडी, गायक**

मानिसहरूको सम्झना शक्ति कम भएकाले ।

**भरत सिटौला, गायक**

मानिस जे छ त्यसमा सन्तुष्ट हुँदैन र जे आफूसँग छैन त्यसकै खोजी गर्छ ।

**निकिता आचार्य, भिजे**

आफूसँगै हुँदा त्यसको साँचो अर्थ नबुझेर । जुन चिज आफूसँग हुँदैन, त्यसको महत्व बढी हुन्छ । स्वभाविक हो, गर्मीमा शितलताको र जाडोमा न्यानोपनको अभाव हुन्छ । न्यानोपन र शीतलता मानव शरीरको आवश्यकता हो । यो नियमित प्रक्रिया पनि हो ।

**सिर्जु अधिकारी, मोडल, गायिका**

मानिसको प्राकृतिक तापक्रम भनेको ९८ डिग्री फरेनहाइट हो, जसले मानिसमा शारीरिक सन्तुलन कायम गरेको हुन्छ । जसबाट मानिसको दैनिकी चलिरहेको हुन्छ । जब आधारभूत तापक्रमभन्दा प्राकृतिक तापक्रम तल पुग्छ, मानिसले जाडो महसुस गर्छ । बढी तापक्रम हुँदा गर्मी महसुस हुन्छ ।


**रोमी गिरी, तेक्वान्दो खेलाडी**


आफूसँग जुन कुरा हुँदैन, मानिस सधैं त्यसकै लागि लालायित हुन्छ । यो सामान्य मानवीय गुण हो ।

**डा.विश्वबन्दु बगाले, बालरोग विशेषज्ञ**

जीवित शरीरलाई तातो र चिसो दुवै तापक्रमको आवश्यकता पर्छ । मौसमका कारण कहिलेकाहीँ यी दुवै चिज आवश्यकताभन्दा बढी हुन पुग्छन् । त्यसपछि शरीरले विकल्पको खोजी गर्छ, गर्मीमा जाडोको शीतलता र जाडोमा गर्मीको न्यानोपनको सम्झना गरिने कारण पनि यही हुन सक्छ ।

**राजेश थापा, संगीतकार**






मान्छेले आफूसँग हुन्जेल कुनै पनि कुराको मूल्य बुझ्दैन, जब त्यो आफूबाट टाढा हुन्छ अनि बल्ल त्यो कुरा मूल्यवान लाग्छ ।

**एलीना खड्का, मोडल**




पाँच प्रश्न

# एवार्ड जित्ने कुरामा आशावादी छु



● मेलिना राई, गायिका

**यतिबेला के मा व्यस्त हुनुहुन्छ ?**

म यतिबेला सांगीतिक यात्राका क्रममा पूर्वी नेपाल हुँदै भारततर्फ आएकी छु। मंगलबार कालिङ्पोङमा कार्यक्रम थियो। त्यसपछि सिलिगुडी, सिक्किम हुँदै आज शुक्रबार दार्जिलिङमा गीत गाउने कार्यक्रम छ।

**रेडियो कान्तिपुरको पहिलो एवार्डमा मनोनीत हुँदा कस्तो अनुभव गर्नुभयो ?**

असाध्यै खुसी लाग्यो। रेडियो कान्तिपुरले पहिलो पटक आयोजना गर्न लागेको नेसनल म्युजिक एवार्डका विभिन्न विधामा मनोनीत हुनुलाई आफैंमा ठूलो उपलब्धिका रूपमा लिएकी छु।

**कतिवटा विधामा मनोनीत हुनुहुन्छ ?**

म तीनवटा विधामा मनोनीत छु। उत्कृष्ट प्ले ब्याक सिंगर महिलाको विधामा चलचित्र दुई रुपैयाँको कुटुमा कुटु गीतबाट मनोनीत छु भने यही गीतबाट राजनराज शिवाकोटीसँगै पब्लिक च्वाइस एवार्डमा पनि मनोनित छु। उत्कृष्ट आधुनिक गायन महिलाको विधामा समेत मनोनीत छु।

**एवार्ड जित्ने कुरामा कत्तिको आशावादी हुनुहुन्छ ?**

त्यसो त मैले मनोनयनमा पर्नुलाई नै आफ्नो विजयका रूपमा लिएकी छु। यद्यपि यो एउटा प्रतियोगिता हो। यसमा निर्णायकको भूमिका महत्वपूर्ण हुन्छ। आशा छ कम्तीमा एउटा एवार्ड अवश्य जित्नेछु।

**तीनमध्ये कुन विधा सबैभन्दा रोमाञ्चक होला ?**

तीनवटै विधा उत्तिकै रोमाञ्चक छन्। यीमध्ये उत्कृष्ट आधुनिक गायन महिलाको विधा सबैभन्दा रोमाञ्चक छ। किनभने उक्त विधामा मसहित बानिका प्रधान, मिलन अमात्य, संगीता राणा प्रधान, अञ्जु पन्तजस्ता मुर्धन्य गायिकाहरू पनि मनोनीत हुनुहुन्छ।

तयारी

# कीर्तिमानको तयारी




गायक धीरज राई सांगीतिक क्षेत्रमा स्थापित संगीतकर्मी हुन्। पप शैलीका गीत गाएर दर्शक तथा श्रोताहरूमाझ लोकप्रिय यी गायक सांगीतिक कार्यक्रमका क्रममा स्वदेश तथा विदेशको भ्रमण गरिरहन्छन्। यसबीच गायक राई विगत केही वर्षदेखि बुद्ध नेपालमा जन्मिएका हुन् भन्ने अभियानमा समेत सक्रिय छन्। आफ्नो अभियानलाई कीर्तिमानी स्वरूप दिन गायक राईले अर्को शनिबार अर्थात माघ २७ गते काठमाडौंको टुँडिखेलमा ५० हजारभन्दा बढी नेपालीको भेला गराउँदै छन्। गायक राईको यो अभियानलाई सञ्चारकर्मी रवि लामिछानेले समेत साथ दिएका छन्। गायक राईका अनुसार शनिवारको कार्यक्रममा बौद्ध धर्मगुरुले भगवान गौतम बुद्धको उपदेश पढ्नेछन् र बुद्ध वाज बर्न इन नेपाल भन्ने छन्। त्यसपछि सहभागि सबैले उक्त उपदेश दोहोऱ्याउँदै बुद्ध वाज बर्न इन नेपाल भन्नेछन्। यही क्षणलाई कीर्तिमानका रूपमा गिनिज बुकमा उल्लेख गराउने गायक राईको योजना छ।

मेरो पहिलो हिट



● विपिन किरण, गीतकार

मझन्डै एक दशकभन्दा लामो समयदेखि गीत रचनाको क्षेत्रमा सक्रिय छु। यो अवधिमा मैले रचना गरेर रेकर्ड भएका गीतको संख्या नै एक सय नाघिसकेको छ। मैले रचना गरेर सर्वाधिक लोकप्रिय भएको पहिलो गीत हो– न बिर्सें तिमीलाई, न पाएँ तिमीलाई। मैले उक्त गीत कक्षा १२ को परीक्षा दिएर फुर्सदमा बसेका बेला रचना गरेको थिएँ। संगीतकार महेश खड्काको जादुई संगीत तथा गायिका अञ्जु पन्तको कर्णप्रिय स्वरले उक्त गीतलाई अत्यधिक लोकप्रिय मात्र बनाएन, मलाई स्थापित गीतकार समेत बनायो। मैले उक्त गीतबाट नेपालमा प्रदान गरिने प्रायः सबैजसो एवार्ड जितें। उक्त गीत मेरै एकल रचनाको गीति एल्वम 'किरण' मा समावेश गरिएको थियो, जसमा मैले आफैंले लगानी गरेको थिएँ। २०६४ सालमा प्रकाशित उक्त एल्बममा समावेश उक्त गीतको म्युजिक भिडियो केही ढिला गरी तयार भयो तै पनि उक्त भिडियोले १२ लाख भन्दा बढी भ्यु पाएको छ। उक्त गीतको सफलताकै कारण पछिल्लो एक दशक भित्र मैले ९ वटा एकल एल्बम सार्वजनिक गरिसकेको छु। 'रुपम' मेरो नवौं एल्बम हो।

मेरो रोजाइ



## संगीतकार सुनिल मास्केलाई मनपर्ने पाँच उत्कृष्ट गीत यस्ता छन्

**१.कति कमजोर रहेछ भाग्य...**

स्वर/संगीत : दीप श्रेष्ठ, शब्द : युवान तुलाधर

**२.यो सम्झिने मन छ...**

स्वर/संगीत : नारायण गोपाल, शब्द : दिनेश अधिकारी

**३. मर्न बरु गाह्रो हुन्न...**

स्वर : फत्तेमान, संगीत : नातिकाजी, शब्द : तीर्थराज तुलाधर

**४. घुम्तीमा नआउ है...**

स्वर/संगीत : प्रेमध्वज प्रधान, शब्द : रत्नशमसेर थापा

**५. साँझ पऱ्यो अलि अलि बतास चल्यो...**

स्वर : सत्यराज आचार्य, शब्द/संगीत : सुनिल मास्के

म्यूजिक डायरी

## जलजलालाई सहयोग



दुवै मृगौलाले काम गर्न छाडेपछि टिचिङ अस्पतालमा उपचार गराइरहेकी गायिका जलजला परियारलाई आर्थिक सहयोग प्राप्त हुन थालेको छ। यसैसाता संगीतकार सुनिल मास्केको संयोजकत्वमा जलजलालाई १ लाख ३३ हजार ५ सय रुपैयाँ हस्तान्तरण गरिएको छ। केही दिनअघि मास्केले फेसबुकमार्फत जलजलाको उपचारका लागि सहयोग गर्न अपिल गरेपछि विभिन्न स्रष्टाहरूले आर्थिक सहयोग गरेका थिए। यसका साथै जलजलाका लागि गायक राजेशपायल राईको संयोजकत्वमा संकलन भएको रकम समेत हस्तान्तरण गरिएको छ। गायिका जलजला नेपाली तारा सिजन-३ मा उत्कृष्ट ६ बाट बाहिरिएकी थिइन्।

## दुई एवार्डको घोषणा

आगामी जेठमा चौथो सुन्दरादेवी सन्देश म्युजिक एवार्ड-२०७५ वितरण गरिने भएको छ। चलचित्र, आधुनिक, पप तथा लोकदोहोरीका ३३ विधामा एवार्ड प्रदान गरिने यो कार्यक्रमको आयोजना नुवाकोटबाट प्रकाशित हुने सुन्दरादेवी सन्देश साप्ताहिकले गर्न लागेको हो। यसैगरी, चाहना मिडियाको आयोजनामा नेपाल म्युजिक एवार्ड-२०७५ हुने भएको छ। आगामी वैशाख १५ गते काठमाडौंको होटल अन्नपूर्णमा सञ्चालन हुने कार्यक्रममा ४२ विधामा संगीतकर्मीहरूलाई एवार्ड प्रदान गरिने बताइएको छ।

## ध्रुपद गायक सम्मानित

शास्त्रीय संगीत गायनमा योगदान पुऱ्याउने वरिष्ठ शास्त्रीय ध्रुपद गायक भवनाथ शर्मा अधिकारी सांस्कृतिक संस्थानले आयोजना गरेको वसन्त शास्त्रीय संगीत उत्सव-२०७४ मा सम्मानित भएका छन्। उनलाई दोसल्ला ओढाएर ताम्रपत्रका साथ २५ हजार रुपैयाँसहित नेपाल संगीत तथा नाट्य संगीत प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्तले सम्मान गरेका हुन्।

विमोचन /प्रिमियर

## रुद्रको दुख्दिन म...



गायक रुद्र शेखर शर्माको स्वरको आधुनिक गीत दुख्दिन म...को म्युजिक भिडियो सार्वजनिक भएको छ। विपिन किरणको शब्द तथा नारायण सुवेदी आभाषको संगीतमा तयार भएको उक्त गीतको भिडियोलाई विशाल भण्डारीले निर्देशन गरेका हुन्, जसमा अनु शाह तथा आयुष रिजालले अभिनय गरेका छन्।

## भरतको नयाँ

पप गायक भरत सिटौलाले आफ्नो नयाँ गीत कि आउँछु भन...को म्युजिक भिडियो सार्वजनिक गरेका छन्। गायक सिटौलाकै शब्द तथा संगीतको उक्त गीतको भिडियोलाई जीवन थापाले निर्देशन गरेका हुन्, जसमा काटुन्ज क्रू, पल शाह तथा रक्षा श्रेष्ठको अभिनय हेर्न पाइन्छ।

## प्रनिलको फेवातालैमा

गायक प्रनिल तामाङको स्वरमा फेवा तालैमा...शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। रविन थापाद्वारा निर्देशित उक्त भिडियोमा रश्मि तामाङ, रोज गुरुङ तथा गायक प्रनिलले अभिनय गरेका छन्।

# कामना एवार्डमा छक्कापञ्जा




अघिल्लो वर्ष व्यवसायिक रूपमा सफल भएको चलचित्र 'छक्कापञ्जा' ले मंगलबार काठमाडौंमा प्रदान गरिएको तेस्रो संस्करणको कामना फिल्म एवार्ड्स-२०७४ मा सर्वाधिक ८ विधामा एवार्ड जितेको छ। दीपाश्री निरौलाद्वारा निर्देशित उक्त चलचित्र सर्वाधिक १७ विधामा मनोनीत थियो।

चलचित्र छक्कापञ्जाले सर्वोत्कृष्ट चलचित्रसहित दीपाश्री निरौला (नव-निर्देशक), दीपकराज गिरी (खलपात्र), केदार घिमिरे (हास्यकलाकार), जितु नेपाल (सह-अभिनेता), दीपकराज-केदार-जितु (संवाद) तथा कविराज गहतराज (नृत्य निर्देशक) ले एवार्ड जितेका हुन्। यही चलचित्रको सुन न चम्पा गीतका लागि गायक कृष्ण काफ्लेले उत्कृष्ट गायकको एवार्ड हात पारे।

सञ्चारकर्मी नरेश भट्टराई, मिस नेपाल-२००५ सुगरिका केसी तथा अभिनेताद्वय जितु नेपाल र सुनिल थापाले आकर्षक शैलीमा सञ्चालन गरेको उक्त समारोहमा नौ विधाको मनोनयनमा परेको चलचित्र डाइङ क्यान्डलले जुरी एवार्डसहित सर्वोत्कृष्ट अभिनेत्री (सिर्जना सुब्बा), छायाँकार (रवीन आचार्य), बालकलाकार (लाक्पा सिंगे लामा) तथा श्रृंगार (सरोज बुढाथोकी) विधागरी दोस्रो सर्वाधिक ५ विधामा एवार्ड जित्यो।

समारोहमा चलचित्र जात्राबाट बिपिन कार्कीले सर्वोत्कृष्ट अभिनेताको एवार्ड जिते भने यही चलचित्रका निर्देशक प्रदीप भट्टराई उत्कृष्ट पटकथाकारका रूपमा पुरस्कृत भए। चलचित्र गाजलुले सर्वोत्कृष्ट निर्देशक तथा कथा (हेमराज बिसी), नव-अभिनेत्री (सृष्टि श्रेष्ठ), ध्वनि मिश्रण (उत्तम न्यौपाने) तथा सम्पादक (सुरेन्द्र पौडेल) गरी पाँच विधामा एवार्ड जित्यो। यसैगरी चलचित्र के म तिम्रो होइन सर्वोत्कृष्ट नवनायक (आर्यन अधिकारी), द्वन्द्व निर्देशक (हिमाल केसी) तथा पार्श्व संगीत (एलिस कार्की) गरी तीन विधामा एवार्ड जित्न सफल भयो।

गौरी मल्लले चलचित्र होमवर्कका लागि उत्कृष्ट सह-अभिनेत्रीको एवार्ड प्राप्त गरिन् भने गायिका अञ्जु पन्तले चलचित्र किस्मत-२ का लागि उत्कृष्ट गायिकाको एवार्ड हात पारिन्। उत्कृष्ट गीतकारको एवार्ड चलचित्र शब्दका लागि डा. कृष्णहरि बरालले जिते। उत्कृष्ट संगीतकारको एवार्ड भने चलचित्र लुट-२ को ठमेल बजार...गीतका लागि संगीतकार तथा गायक कालीप्रसाद बासकोटालाई प्रदान गरियो।

एसएमएसका आधारमा विजेता घोषणा गरिने लक्स पपुलर च्वाइस एवार्ड भने अभिनेत्री केकी अधिकारीले जितिन्। केकीले उक्त एवार्ड जित्ने क्रममा वर्षा राउत, प्रियंका कार्की, ऋचा शर्मा तथा सृष्टि श्रेष्ठ निराश बनाएकी थिइन्। समारोहमा संगीततर्फ गायिका इन्दिरा जोशी, फेसनतर्फ रचना गुरुङ शर्मा तथा रंगकर्मतर्फ राज शाहले क्रिटिक्स एवार्ड प्राप्त गरे।

त्यसअघि कार्यक्रमको प्रारम्भमा स्वरसम्राट् नारायण गोपालप्रति श्रद्धासुमन अर्पण गर्दै गायक रामकृष्ण ढकालले स्वरसम्राट्कै भेषमा उनका कालजयी चलचित्र गीतहरू प्रस्तुत गरेका थिए।

उक्त समारोहमा कलातर्फ अभिनेता तथा रंगकर्मी दम्पती हरिहर शर्मा र शकुन्तला शर्मा तथा प्रविधितर्फ छायांकार तथा निर्देशक मञ्जुकुमार श्रेष्ठ कीर्तिमय दीर्घ योगदानबाट सम्मानित भए।

## फिल्मी डायरी

### लम्फूका गीत सार्वजनिक



वैशाख २८ गतेदेखि प्रदर्शनमा आउने चलचित्र लम्फूका गीतहरू सार्वजनिक भएका छन्। युट्युबमा सार्वजनिक भएका चारवटा गीतमा अर्जुन पोखरेलको संगीतमा प्रमोद खरेल, शिव परियार, दुर्गा खरेल, सुरेश लामा तथा अप्सरा घिमिरेको स्वर सुन्न सकिन्छ, जसको रचना दिग्गज धौलारी, युवराज सापकोटा, प्रमोद ढुंगाना तथा नरेश भट्टराईले गरेका हुन्। गोपालचन्द्र लामिछानेद्वारा निर्देशित लम्फूमा सलोन बस्नेत, कबिर खड्का, मरिस्का पोखरेल, चाँदनी शर्मा, सञ्चित भण्डारी, कुशाग्र भट्टराई, कुसुम श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।

### करोडको चरी

चलचित्र कान्छीको चरी चट्ट परी...गीतको भिडियो युट्युबमा १ करोड पटक हेरिएको छ। राजनराज शिवाकोटीको संगीतमा राजनराज तथा अञ्जु पन्तको स्वरको उक्त गीतमा श्वेता खड्का तथा दयाहाङ राईले आकर्षक नृत्य गरेका छन्।

### चलचित्रकर्मीलाई सहयोग

चलचित्र विकास बोर्डको चलचित्रकर्मी कल्याणकारी कोषले चलचित्रकर्मीहरूलाई सहयोग रकम प्रदान गरेको छ। बोर्डकी अध्यक्ष निकिता पौडेलले हरिप्रसाद रिमाल, मौनता श्रेष्ठ तथा जयनन्द चन्द ठाकुरलाई उनीहरूको निवासमै पुगेर चार महिनाको मासिक भत्ता प्रदान गरेकी हुन्। बोर्डमा अध्यक्ष रिक्त भएपछि विगत चार महिनादेखि चलचित्रकर्मीहरूले बोर्डबाट प्राप्त गर्दै आएको सहयोग रकम रोकिएको थियो। मृगौला रोगबाट पीडित मेकअप आर्टिस्ट इन्द्र लामालाई पनि बोर्डको भत्ता तथा सहयोग रकम उपलब्ध गराइएको छ।

### पोस्टरमा तुवाँलो

चलचित्र तुवाँलोको पोस्टर सार्वजनिक भएको छ। दीपक परियारद्वारा निर्देशित उक्त चलचित्रमा सुशिल क्षेत्री, पूजा पराजुली, रश्मि भट्ट आदि कलाकारले अभिनय गरेका छन्।

### जेठमा हैरान

कान्छा निर्देशक सौगात विष्टद्वारा निर्देशित चलचित्र हैरान जेठ ४ गतेदेखि प्रदर्शनमा आउनेछ। हास्यप्रधान चलचित्र हैरानमा गजित विष्ट, सत्यराज आचार्य, मोहम्मद वसिम राजा, निश्मा घिमिरे, सरोज खनाल, बुद्धि तामाङ, पुष्कर रेग्मी आदि कलाकारले अभिनय गरेका छन्।

### स्कटल्याण्डमा कु

अर्को शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र कुको युनिट एउटा गीतको छायांकनका लागि स्कटल्यान्ड पुगेको छ। त्यसका लागि अभिनेता अनमोल केसी, अभिनेत्री अदिति बुढाथोकीका साथमा निर्माताद्वय भुवन केसी र सुवास गिरी तथा निर्देशक सुरेन्द्र पौडेल एवं छायाँकार पुरुषोत्तम प्रधान त्यसतर्फ प्रस्थान गरेका हुन्।

### चलचित्र बनाउँदै अशोक

पुराना चलचित्रकर्मी अशोक शर्मा पुनः चलचित्र निर्माणमा फर्किएका छन्। शर्माले निर्माण तथा निर्देशन गर्ने चलचित्रमा स्वस्तिमा खड्का तथा सलोन बस्नेत मुख्य भूमिकाका लागि अनुबन्धित भएका छन्। उक्त चलचित्रमा सौगात मल्ल, बुद्धि तामाङ, राजाराम पौडेल, किरण केसी, रामचन्द्र अधिकारी आदि कलाकारले समेत अभिनय गर्नेछन्। फागुन १ गतेदेखि फ्लोरमा जाने उक्त चलचित्रको शीर्षक भने राख्न बाँकी छ।

### संघको आग्रह

सिनेमा हल सञ्चालक तथा चलचित्र वितरकहरूको संस्था नेपाल चलचित्र संघले निर्माताहरूलाई आफ्नो चलचित्रको व्यवसायका बारेमा गलत प्रचार-प्रसार नगर्न आग्रह गरेको छ। सञ्चारमाध्यममा सम्प्रेषण भएका समाचारझैं नेपाली चलचित्रको व्यापार नभएको निष्कर्ष निकाल्दै संघले चलचित्रले अत्यधिक व्यापार गरेको भन्ने गलत समाचारले नेपाली चलचित्र क्षेत्रलाई नै प्रतिकूल असर गर्ने भन्दै यस्ता अनर्गल प्रचार-प्रसार तत्काल बन्द गरी सत्य-तथ्य तथा यथार्थपरक रिपोर्ट मात्र सार्वजनिक गर्न आग्रह गरेको हो।

### बन्ने भो गरुड पुराण

चलचित्र गरुण पुराण निर्माण हुने भएको छ। सुवास कोइराला तथा सुसन प्रजापतिको संयुक्त निर्देशन रहने उक्त चलचित्रमा कर्मा शाक्य, प्रवीण खतिवडा, कामेश्वर चौरसिया, नाजिर हुसेन, प्रकाश घिमिरे, प्रियंका सिंह ठकुरी आदि कलाकारले अभिनय गर्नेछन्।








## माल्कोभाको पक्षमा

बलिउडमा चलचित्र 'पद्मावत' सँगै अनलाइन रिलिज भएको रामगोपाल वर्माको चलचित्र 'गड सेक्स एन्ड ट्रुथ' पनि चर्चासँगै विवादमा आएको छ। पोर्न चलचित्रकी अभिनेत्री मिया माल्कोभाले मुख्य भूमिका निर्वाह गरेका कारण भारतमा उक्त चलचित्रको विरोध भएको हो। आफूले निर्देशन गरेको चलचित्रको विरोध भएलगत्तै निर्देशक वर्माले अभिनेत्री मिया माल्कोभाको पक्षमा ट्विट लेखेका छन्। उनका अनुसार आफूले निर्माण गरेको चलचित्रको विरोध गर्नुपर्ने कुनै कारण छैन। 'पद्मावत एउटा ऐतिहासिक विवाद हो भने गड, सेक्स एन्ड ट्रुथ एउटा सामाजिक विवाद हो, वर्माले लेखेका छन्- 'इन्टरनेटमा लाखौं पोर्न चलचित्र उपलब्ध हुँदा कसैलाई टाउको दुख्दैन, मैले यौनमा आधारित चलचित्र बनाउनेबित्तिकै सबैको टाउको दुख्छ, किनभने यो मैले बनाएको चलचित्र हो।' वर्माले आफ्नो चलचित्र प्रदर्शन भएलगत्तै अभिनेत्री मिया मल्कोभालाई गुगलमा खोज्नेहरूको संख्या ह्वात्तै बढेको कुरा मात्र उल्लेख गरेका छैनन्, ट्विटरमा एउटा इन्फोग्राफ प्रस्तुत गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा धनाढ्य मुकेश अम्बानीभन्दा मियालाई खोज्नेहरूको संख्या बढिरहेको कुरा उल्लेख गरेका छन्।



## सलमानको त्रास

टाइगर जिन्दा हैको ऐतिहासिक सफलतापछि बलिउड अभिनेता सलमान खानले क्रिसमसको बिदा पनि चलचित्र प्रदर्शन गर्ने उपयुक्त समय भएको निष्कर्ष निकालेका छन्। यसअघि उनले प्रत्येक इदको अवसरमा आफ्ना नयाँ चलचित्र प्रदर्शन गर्दै आएका छन्। मुसलमानहरूको उक्त पर्वमा अन्य कुनै पनि निर्माताले आफ्नो चलचित्र प्रदर्शन गर्ने कुरा सोच्दा पनि सोच्दैनन्। गएको क्रिसमसमा प्रदर्शन भएको टाइगर जिन्दा है आफ्नो करियरकै सर्वाधिक सफल चलचित्र सावित भएपछि सलमानले अब हरेक वर्षको क्रिसमसमा आफ्ना एक-एकवटा चलचित्र प्रदर्शन गर्ने अनौपचारिक घोषणा नै गरेका छन्। आउँदो क्रिसमसमा उनले दबंग-३ प्रदर्शन गर्नेछन्। उक्त मितिमा दबंग-३ प्रदर्शन हुने भएपछि त्यसको सबैभन्दा ठूलो चोट शाहरूख खानको 'जिरो', अजय देवगणको 'टोटल धमाल' तथा रणवीर सिंहको 'सिम्बा' लाई पर्ने निश्चित छ।



## बोल्ड हुँदै ज्याकलिन


अभिनेत्री ज्याकलिन फर्नान्डिजको बलिउड इन्ट्री विशेष थिएन। उनले प्रारम्भिक चरणमा अभिनय गरेका केही चलचित्र फ्लप भएका थिए। यद्यपि सलमान खानसँग चलचित्र किकमा अभिनय गरेपछि उनको करियरले उचाइ लियो। जुडवा-२ को सफलतापछि ज्याकलिनको माग ह्वात्तै बढ्यो। यतिबेला उनी सलमान खानसँगै रेस-३ को सुटिङमा व्यस्त छिन्। यसबीच ज्याकलिनसँग सम्बन्धित अर्को एउटा खबर सार्वजनिक भएको छ। उनी नयाँ चलचित्र ड्राइभमा बिकिनीमा प्रस्तुत हुने भएकी छिन्। त्यसो त ज्याकलिनको बिकिनी अवतार दर्शकहरूले चलचित्र जुडवा-२ मै देखिसकेका छन्। ड्राइभमा भने ज्याकलिनले सेतो रंगको बिकिनी लगाउनेछिन्। उक्त चलचित्रमा ज्याकलिनले रेसिड कार ड्राइभरको भूमिका निर्वाह गर्ने बताइन्छ। चलचित्रमा उनको भूमिका निकै बोल्ड हुने अनुमान गरिएको छ।

## दीपिकाको प्रशंसा

चलचित्र पद्मावतमा आफ्नो अद्भुत अभिनयका लागि अभिनेत्री दीपिका पादुकोणले चौतर्फी प्रशंसा पाएकी छिन्। चलचित्र प्रदर्शन भए लगत्तै दीपिकाले उच्चस्तरको प्रशंसा पाइरहेकी हुन्। चलचित्र समीक्षक तरण आदर्शदेखि रमेश बालासम्मले उनको अभिनय तथा सौन्दर्यको प्रशंसा गरेका छन्। चलचित्रको समीक्षामा दीपिकाको मात्र प्रशंसा गरिएको छ। समीक्षाहरूमा दीपिकाले आफ्नो अभिनय तथा आफ्ना आँखामार्फत अलग भावना व्यक्त गर्न सफल भएको उल्लेख गरिएको छ। दीपिकाले हालसम्म गरेको अभिनयमध्ये पद्मावत नै सर्वश्रेष्ठ रहेको बताइन्छ। दीपिकाले पाएको उत्कृष्ट प्रतिक्रियापछि दर्शकहरूसमेत यो चलचित्र हेर्न उत्साहित छन्। भारतका केही प्रान्तमा प्रदर्शन नभए पनि अन्य सहरमा चलचित्र पद्मावतको व्यवसाय उच्च रहेको बक्स अफिस रिपोर्ट छ।

प्रसंग

# दुई महिनामा १३ चलचित्र




२०७४ सालको वैशाखदेखि माघको तेस्रो सातासम्म प्रदर्शन भएका चलचित्रको संख्या ६० भन्दा बढी छ । यी दस महिनामा प्रदर्शन भएका चलचित्रमध्ये निकै थोरैले मात्र व्यवसायिक सफलता हासिल गरेका छन् । दीपकराज गिरीको छक्का पञ्जा-२, असिम शाहको दुई रुपैयाँ तथा झरना थापाको ए मेरो हजुर-२ बाहेक अन्य चलचित्रलाई आफ्नो लगानी सुरक्षित गर्न नै धौ-धौ पर्‍यो । यी तीन चलचित्रले भने लगानी मात्र सुरक्षित गरेनन्, उत्कृष्ट व्यवसाय नै गरे । यो अवधिमा कुनै साता दुई-तीनवटा चलचित्रसमेत प्रदर्शन भए भने कुनै साता एउटा पनि चलचित्र प्रदर्शन भएनन् । समग्रमा यो वर्षको अघिल्लो १० महिनामा प्रदर्शन भएका अधिकांश चलचित्र औषत भन्दा तलै रहे । अब यो वर्ष पूरा हुन दुई महिना मात्र बाँकी छ । यी दुई महिनामा झन्डै १३ वटा चलचित्र प्रदर्शन हुँदैछन् । यी मध्ये केही चलचित्र यो वर्षकै सर्वाधिक सफल चलचित्र बन्ने सम्भावना छ ।

## कृ

आगामी शुक्रबार अर्थात् माघ २६ गते प्रदर्शनमा आउने चलचित्र कृलाई बहुप्रतीक्षित चलचित्रका रूपमा लिइएको छ । अनमोल केसीको दुई भिन्न चरित्र चित्रण गरिएको यो चलचित्र छायांकनको पहिलो दिनदेखि नै चर्चामा छ । भुवन केसी तथा सुवास गिरीद्वारा निर्मित ठूलो बजेटको यो चलचित्र वर्षकै सर्वाधिक सफल चलचित्र हुने अपेक्षा गरिएको छ । सुरेन्द्र पौडेलद्वारा निर्देशित चलचित्र कृमा अनमोललाई अदिति बुढाथोकीले साथ दिएकी छिन् । त्यसो त नकारात्मक भूमिकामा प्रस्तुत भएका अभिनेता अनुप विक्रम शाहीले पनि चलचित्रमा उत्तिकै सशक्त भूमिका निर्वाह गरेका छन् । चलचित्रको एउटा गीत तथा ट्रेलर यूट्युब ट्रेन्डिङको नम्बर एक स्थानमा लामो समयसम्म टिक्नुलाई पनि चलचित्रको सफलतासंग जोडिएको छ ।





## कान्छी

पहिले माघ २६ गतेलाई नै प्रदर्शन मिति तोकिएको चलचित्र हो– कान्छी । श्वेता खड्काले अभिनय तथा निर्माणमा पुनरागमन गरेको यो चलचित्र फागुन ४ गतेदेखि प्रदर्शनमा आउनेछ । आकाश अधिकारीद्वारा निर्देशित यो चलचित्रमा श्वेता आफैं शीर्षक भूमिका अर्थात कान्छिको भूमिकामा प्रस्तुत भएकी छिन् । मुस्ताङका रमणीय लोकेशनमा छायांकन गरिएको यो चलचित्रमा श्वेतालाई अभिनेता दयाहाङ राईले साथ दिएका छन् । श्वेता र दया पहिलो पटक यही चलचित्रका लागि अनस्क्रिन रोमान्स गर्दैछन् । चलचित्रको ट्रेलर तथा दुईवटा गीत दर्शक तथा स्रोताले मन पराइसक्केका छन् ।

## पञ्चैबाजा तथा साढे सात

फागुन ११ गते एक साथ दुई नेपाली चलचित्र प्रदर्शन हुँदैछन् । दुई भिन्न धारका चलचित्र पञ्चैबाजा तथा साढे सात संयोगवश एकै दिन प्रदर्शन हुन लागेका हुन् । सौगात मल्ल, कर्मा तथा जस्मिन श्रेष्ठले मुख्य भूमिका निर्वाह गरेको चलचित्र पञ्चैबाजामा ग्रामीण परिवेश समेटिएको छ । राजेश शाहीको यो चलचित्रलाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । चलचित्र पञ्चैबाजामा एउटा गाउँका तीन जना युवाको कथा बुनिएको छ । चलचित्र पञ्चैबाजामा सौगात मल्ल यसअघि कहिल्लै नदेखिएको भूमिकामा प्रस्तुत भएको दाबी गरिएको छ ।

दुई वर्षअघि भारतले नेपालमाथि गरेको नाकाबन्दीका विषयमा निर्माण गरिएको चलचित्र साढे ७ लाई सत्य घटनामा आधारित चलचित्र भन्दा फरक पर्दैन । गायक सत्यराज आचार्यले अभिनय गरेको यो चलचित्रमा मेनुका प्रधान, सुप्रिया कटवाल, कामेश्वर चौरसिया, शिशिर बाङ्देल आदि कलाकारले अभिनय गरेका छन् । साम्देन भुटियाद्वारा निर्देशित यो चलचित्रको अधिकांश छायांकन तराईमा गरिएको छ । यो चलचित्रमा सत्यराजले फोटो पत्रकारको भूमिका निर्वाह गरेका छन् । चलचित्रमा राजनीतिक आन्दोलनको रिपोर्टिङका लागि तराई पुगेका एक फोटो पत्रकारले भोग्नुपरेको भौतिक तथा मनोवैज्ञानिक द्वन्द्व चित्रण गरिएको छ ।

## ब्लाइन्ड रक्स

फागुन १८ गते प्रदर्शनमा आउने मिलन चाम्सद्वारा निर्देशित चलचित्र ब्लाइन्ड रक्सलाई बायोपिक भनिएको छ । एउटा दुर्घटनामा दृष्टि गुमाएकी सृष्टि केसीको जीवनमा आधारित चलचित्र हो– ब्लाइन्ड रक्स । यो चलचित्रमा अभिनेत्री बेनिशा हमालले सृष्टि केसीको भूमिका निर्वाह गरेकी छिन् । हमालले उक्त भूमिकामा जिवन्त अभिनय गरेको बताइन्छ । निकेश लिम्बुको यो चलचित्रमा अर्पण थापा, गौरी मल्ल, अनिल शाह, वसन्त भट्ट आदि कलाकारले समेत अभिनय गरेका छन् । चलचित्र ब्लाइन्ड रक्सले बेलायतसहित विभिन्न देशका नेपाली दर्शकको मन जितिसकेको छ ।

## मंगलम तथा हुर्रे

फागुन २५ गते पनि दुई चलचित्र जुध्दैछन् । छवि ओझाको मंगलम तथा याम थापाको चलचित्र हुर्रेले एकै दिन प्रदर्शन हुने साइत जुराएका छन् । निर्माता ओझाको 'मंगलम' यसअघि दसैंमै प्रदर्शन हुने भनिएको थियो । छक्कापञ्जा-२ सँग जुध्नुपर्ने भएपछि पहिलो पटक प्रदर्शन मिति परिवर्तन गरिएको उक्त चलचित्र कृका कारण पुन: अर्को पटक पछि सर्दै फागुन २५ गते पुगेको हो । पर्ख पर्ख मायालु गीत लोकप्रिय भैसकेको चलचित्र मंगलमको दोस्रो गीत बम्पर उपहारलाई पनि दर्शकले मन पराएका छन् । यो चलचित्रमा शिल्पा पोखरेल, पुष्प खड्का, पृथ्वीराज प्रसाईं आदि कलाकारले अभिनय गरेका छन् । मंगलमका निर्देशक नवल नेपाल हुन् । यो चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाहले विशेष भूमिका निर्वाह गरेको बताइन्छ ।

फागुन २५ गतेदेखि नै प्रदर्शनमा आउने चलचित्र हुर्रेमा भने पशुपति क्षेत्रको कथा समेटिएको छ । हास्यप्रधान यो चलचित्रमा अनुपविक्रम शाही, केकी अधिकारी, संगीता नापित आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्र हुर्रेमा केकीले पशुपतिमा फूल बेच्ने युवतीको भूमिका निर्वाह गरेकी छिन् भने अनुपविक्रमले पशुपतिनाथको मन्दिरमा पूजापाठ गर्ने पण्डितको भूमिका निर्वाह गरेका छन् ।

## रोमियो एन्ड मुना

प्रदर्शन मिति परिवर्तन गर्दै चैत २ का लागि निर्धारित भएको चलचित्र हो– रोमियो एन्ड मुना । विनय श्रेष्ठ तथा सृष्टि श्रेष्ठको मुख्य भूमिकाको यो चलचित्रलाई नरेश कुमार केसीले निर्देशन गरेका छन् । रोमान्टिक कथा समेटिएको यो चलचित्रमा विनय तथा सृष्टिले शीर्षक भूमिका निर्वाह गरेको बताइन्छ ।

## शत्रुगते

चैत ९ गते प्रदर्शनमा आउने मह सञ्चारको चलचित्र 'शत्रुगते' लाई पनि यो वर्षको बहुप्रतीक्षित चलचित्रको सूचीमा राखिएको छ । लामो समयपछि मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यलाई चलचित्रमा पुनरागमन गराउने यो चलचित्रको 'रुपै मोहनी' गीत यसअघि नै लोकप्रिय भैसकेको छ । प्रदीप भट्टराईद्वारा निर्देशित यो चलचित्रमा मह जोडीका अतिरिक्त दीपकराज गिरी, दीपाश्री निरौला, प्रियंका कार्की, पल शाह, आँचल शर्मा आदिले समेत अभिनय गरेका छन् । चलचित्रमा हरिवंश, दीपकराज तथा पलका रूपमा तीन पुस्ताको कथा चित्रण गरिएको छ ।

## ह्याप्पी डेज

मिलन चाम्सद्वारा निर्देशित चलचित्र हो– ह्याप्पी डेज । यो चलचित्र चैत १६ गते प्रदर्शनमा आउने निश्चित भएको छ । दयाहाङ राई, प्रियंका कार्की तथा सञ्जय गुप्ताद्वारा अभिनीत यो चलचित्रको छायांकन बेलायतमा गरिएको हो । आकर्षक लोकेसन हेर्न पाइने चलचित्र ह्याप्पी डेजका केही गीत लोकप्रिय भैसकेका छन् ।

## तिमीसँग

चैत २३ गते प्रदर्शनमा आउने चलचित्र तिमीसँगलाई शिशिर राणाले निर्देशन गरेका हुन् । प्रेमकथामा आधारित यो चलचित्रमा साम्राज्ञी राज्यलक्ष्मी शाह, आकाश श्रेष्ठ तथा नाजिर हुसेन मुख्य भूमिकामा छन् । त्रिकोणात्मक प्रेम कथामा आधारित यो चलचित्रमा नेपालका हिमाली दृष्यहरूको रोमाञ्चकता अनुभव गर्न पाइनेछ ।

## नेप्टे

वर्षको अन्तिम दिन अर्थात चैत ३० गते प्रदर्शन हुने चलचित्र नेप्टे हास्य प्रधान चलचित्र हो । नेप्टेमा दयाहाङ राई, बुद्धि तामाङ, रोहित रुम्बा, अर्जुन गुरुङ, छुल्टिम गुरुङ, पूर्णिमा लामा, अरुणा कार्की आदि कलाकारले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । चलचित्र नेप्टेको निर्देशन देवकुमार श्रेष्ठले गरेका हुन् ।

## लिलिबिली

अन्तत: निर्देशक मिलन चाम्सले आफ्नो पछिल्लो चलचित्र 'लिलिबिली' लाई यही वर्ष प्रदर्शन गर्ने निर्णय गरेका छन् । यसअघि वैशाखमा प्रदर्शन हुने भनिएको यो चलचित्र अब चैत ३० गते नै प्रदर्शनमा आउने भएको छ । बेलायतमा छायांकन गरिएको यो चलचित्रमा प्रदीप खड्का, जसिता गुरुङ तथा प्रियंका कार्की मुख्य भूमिकामा छन् ।

विकेन्ड कन्सर्ट

# कान्छी म्युजिकल नाइट

श्वेताश्री फाउन्डेसनको अगुवाइमा निर्माण भैरहेको 'एकीकृत नमुना माझी बस्ती' का लागि आर्थिक सहयोग जुटाउन यही माघ २३ गते 'कान्छी म्युजिकल नाइट' को आयोजना हुँदैछ । चलचित्र 'कान्छी' का कलाकारहरू सहित अन्य बहुचर्चित हास्यकलाकारहरूको समेत प्रस्तुति रहने यो कार्यक्रमलाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्दैछ ।



## रेगाई बारमा बब मार्लीको सम्झना

आज शुक्रबार बौद्धको द ब्यारेल बार एन्ड ग्रिलमा म्युजिकल नाइटको आयोजना हुँदैछ । रेगे म्युजिकका लागि बब मार्ली राजा नै मानिन्छन् । मार्लीको सम्झनामा फुट्लुज ब्यान्डले प्रस्तुति दिनेछ ।

रेस्टुराँ

## मैतीदेवीमा बुइँगल



सहरको भीडभाड तथा कोलाहलभन्दा टाढा कुनै शान्त रेस्टुराँ जान चाहनुहुन्छ भने मैतीदेवीस्थित बुइँगल लाउन्ज एन्ड बार पुग्न सक्नुहुन्छ । मैतीदेवी चोकबाट उत्तरतर्फ मोडिएपछि युनिभर्सल कलेजसँगै छ, बुइँगल । यहाँको सजावट तथा वातावरण मौलिक नेपाली शैलीको छ । यो रेस्टुराँ छिरेपछि बट्टाई तथा लोकल कुखुराको मासु, हाँसको छोयला, कसौँडीको मासु आदिको स्वाद लिन सकिन्छ । कसौँडीमा पकाइने खसीको मासु यहाँ धेरैले रुचाउने परिकार हो । बुइँगलमा नेपाली, चाइनिज, भारतीय तथा कन्टिनेन्टल परिकारहरूसमेत उपलब्ध हुन्छन् । ग्राहकहरूलाई घरकै जस्तो वातावरण उपलब्ध गराउनु यो रेस्टुराँको लक्ष्य हो । बुइँगल लाउन्ज एन्ड बार बर्थ डे, पास्नी, इङ्गेजमेन्टजस्ता पार्टीलगायत विभिन्न मिटिङका लागि पनि उपयुक्त गन्तव्य हुनसक्छ । यहाँ पार्किङको समेत पर्याप्त सुविधा छ ।

विकेन्ड हाइकिङ



भोलि शनिबार फुर्सदमा हुनुहुन्छ भने हाइकिङ गएर समयको सदुपयोग गर्न सक्नुहुन्छ । हाइक फर नेपालले भीमढुंगा, डम्डमे तथा मुड्खु रुटमा हाइकिङको आयोजना गरेको छ । यदि तपाईं पहिलो पटक हाइकिङ जाँदै हुनुहुन्छ भने ९ सय रुपैयाँ तिर्नुपर्ने हुन्छ । त्यसबापत तपाईंलाई एउटा टिसर्ट उपलब्ध हुनेछ तर तपाईं दोहोऱ्याएर हाइकिङ जाँदै हुनुहुन्छ भने ४ सय रुपैयाँ तिरे पुग्छ । 'हाइक फर नेपाल' को फेसबुक पेजबाट तपाईंलाई थप जानकारी प्राप्त हुनसक्छ । यसमा गाडीमा लाने र हाइकिङ सकिएपछि फर्काउने व्यवस्था छ ।

**भेला हुने स्थान :** बिहान ७ बजे, भृकुटीमण्डप गेट

**रुट :** भीमढुंगाबाट डम्डमे हुँदै मुड्खु

म्युजिक नाइट

## भृकुटीमण्डपमा एमटी ८८४८




भोलि शनिबार भृकुटीमण्डपमा एमटी ८८४८ ब्यान्डले आफ्नो प्रस्तुति दिने भएको छ । उक्त ब्यान्डका साथमा नेपाल आइडलको टप टेनमा पर्न सफल अफसर अलि तथा गायक नितेशजंग कुँवरले समेत आफ्नो प्रस्तुति दिनेछन् । असहाय बालबालिकाहरूका लागि काम गर्ने संस्था 'कन्सर्न बाजुरा' को सहयोगार्थ यो इभेन्ट आयोजित गर्न लागिएको उक्त संस्थाका अध्यक्ष गणेश थापाले बताए ।

प्रतिस्पर्धा



## कायक च्याम्पियनसिप

नेपाल कायक क्लबले आज 'तेस्रो हिमालयन फ्रिस्टाइल कायक च्याम्पियनसिप' को आयोजना गर्दैछ । यो प्रतिस्पर्धा त्रिशूली नदीमा बिहान ९ बजेदेखि ११ बजेसम्म चल्नेछ । कायकसम्बन्धी ज्ञान हुनेहरूले यो प्रतियोगितामा सहभागिता जनाउनेछन् । प्रतियोगितामा सहभागी हुन नेपाल कायक क्लबका सदस्यहरूले १ हजार २ सय तथा अरूले १ हजार ५ सय रुपैयाँ तिर्नुपर्नेछ । क्लबका अध्यक्ष अनुप गुरुङका अनुसार यो प्रतिस्पर्धामा पहिलो स्थान हुनेलाई १० हजार, दोस्रो हुनेलाई ५ हजार तथा तेस्रो हुनेलाई २ हजार रुपैयाँ नगद प्रदान गरिनेछ ।

विकेन्ड डिनर

## लेखनाथमा गायक पशुपति र शिव

लेखनाथ उद्योग वाणिज्य संघले कास्की लेखनाथको तालचोकमा आयोजना गरेको १४ औं संस्करणको लेखनाथ महोत्सवमा भोलि शनिबार शिव परियारले प्रस्तुति दिँदैछन् । साँझ ५ बजेपछि प्रारम्भ हुने उक्त कार्यक्रममा शिवले आफ्ना नयाँ तथा पुराना गीत सुनाउँदै वातावरण तताउनेछन् भने भोलि शनिबार दिउँसो लोक दोहोरी गायक पशुपति शर्माले लोकदोहोरीको मज्जा चखाउनेछन् । उनको साथमा देवी घर्ती, शिवहरि ढुगांना, प्रेमराज अधिकारी, सरला पाण्डे, बन्धना पाण्डे आदिको प्रस्तुतिसमेत रहनेछ ।

आज शुक्रबार दिउँसो भने विष्णु खत्री, घनश्याम रिजाल, कृष्ण अखेली, शंकर पन्त, कला लम्साल, मिना अधिकारी तथा रेखा गुरुङका साथमा स्थानीय कलाकारहरूको लोकदोहोरी प्रस्तुत हुनेछ । आज साँझ सहिमा श्रेष्ठ, दीपक शर्माका साथमा अन्य ब्यान्ड तथा कलाकारहरूले प्रस्तुति दिने यो महोत्सव माघ २२ गतेसम्म चल्नेछ ।

राजाराम पौडेल



चलचित्र

# शेरबहादुर



**निर्देशक :** आर राजवंशी
**कलाकार :** सुनिल थापा, मेनुका प्रधान, कर्मा तथा रवीन्द्र झा
**संगीतकार :** कोसिस क्षेत्री

फरकधारका चलचित्र निर्माण हुने क्रममा अर्को एउटा चलचित्र थपिएको छ– शेरबहादुर । आज शुक्रबार सार्वजनिक हुने यो चलचित्रलाई मह सञ्चारसँग आवद्ध छायांकार गौरीशंकर धूजुले निर्माण गरेका हुन् । सस्पेन्स-थ्रिलर शैलीको यो चलचित्रमा राते काइँला अर्थात सुनिल थापाले शीर्षक भूमिका निर्वाह गरेका छन् । चलचित्र जात्राका निर्देशक प्रदीप भट्टराई कार्यकारी निर्देशक रहेको यो चलचत्रिमा सुनिल थापा अवकाशप्राप्त सैनिकको भूमिकामा प्रस्तुत हुन्छन् । यो चलचित्रमा मेनुका प्रधान, कर्मा तथा रवीन्द्र झाले बुनेका तानाबानालाई शेरबहादुर अर्थात् सुनिल थापाले कसरी असफल बनाउँछन् भन्ने कथा चित्रण गरिएको ट्रेलरबाट अनुमान गर्न सकिन्छ । हलिउडको एउटा चलचित्रबाट प्रभावित भनिएको चलचित्र शेरबहादुरमा एक्सन, रोमान्स तथा ड्रामा पनि समावेश छ । चलचित्रमा वसन्त श्रेष्ठको नृत्य निर्देशन छ भने दीर्घ गुरुङ तथा नारायण जिसीले यसको छायांकन गरेका हुन् । सेन्सर बोर्डबाट पिजी सर्टिफिकेट पाएको यो चलचित्र बालबालिकाहरूले आफ्ना अभिभावकहरूसँग बसेर हेर्नुपर्नेछ ।

# पटुकी




**निर्देशक :** राम नेपाल
**कलाकार :** जेम्स बिसी, रजनी केसी, नवराज अधिकारी, गोविन्द नेपाली, रोजी श्रेष्ठ, दीपक कँडेल आदि ।
**संगीतकार :** राजनराज शिवाकोटी

नारीप्रधान चलचित्र पटुकीको सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । राम नेपालद्वारा निर्देशित यो चलचित्रका लेखक तथा निर्माता म्याक्टेन कालु हुन् । चलचित्र पटुकीमार्फत अभिनेत्री रजनी केसी लामो समयपछि दर्शकमाझ आउँदैछिन् । रजनीले विगतमा लोफर, परदेशी, ब्रासलेट, लालजोडीजस्ता चलचित्रमा अभिनय गरिसकेकी छिन् । चलचित्रमा रजनीलाई अभिनेता जेम्स बिसीले साथ दिएका छन् । जेम्सको यो पहिलो चलचित्र हो । चलचित्रमा हास्यव्यंग्यकार नवराज अधिकारी फरक किसिमको चरित्रमा देखा परेका छन् । चितवन, नवलपरासी, पोखरा, काठमाडौं आदि स्थानमा छायांकन गरिएको यो चलचित्रमा मौलिक भाषा, संस्कृति जगेर्ना गर्ने किसिमको कथा समेटिएको छ । नेपालमा महिलाले भोग्ने दुःख-पीडाको कथा ऐनाका रूपमा उतारिएको यो चलचित्रको शिर्ष गीत 'पटुकी-पटुकी' लोकप्रिय भैसकेको छ । राजनराज शिवाकोटी तथा अञ्जु पन्तको स्वरको उक्त गीत लोक शैलीमा आधारित छ ।

रंगमञ्च

# तयार भयो पोखरा थिएटर




प्रदेश नम्बर ४ को पहिलो थिएटरका रूपमा पोखरा थिएटरको निर्माण सम्पन्न भएको छ । थिएटर निर्माण सम्पन्न भएसँगै त्यहाँ नाटक मञ्चन गर्ने तयारी समेत प्रारम्भ भएको छ । फागुनको पहिलो साता मञ्चन हुने नाटकमा पोखराका पुराना नाट्यकर्मीदेखि नवोदित प्रतिभाहरूले सम्म अभिनय गर्नेछन् । यो थिएटरको स्थापनासँगै पोखरामा नाट्य गतिविधि बढ्ने अपेक्षा गरिएको छ । पोखराको गैरापाटनमा निर्मित नाटकघरमा प्रकाश, ध्वनि, सिटलगायत सबै कुराको व्यवस्था भैसकेको छ भने यहाँ पोखराबाहिरका नाटकसमेत मञ्चन हुनेछन् ।

ग्यालरी

# नुवाकोटमा अन्तर्राष्ट्रिय कार्यशाला




नुवाकोटमा अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला हुने भएको छ । बसिबियाँलो नुवाकोटको आयोजनामा प्रथम नुवाकोट अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला हुन लागेको हो । माघ २१ देखि २४ गतेसम्म चल्ने उक्त कार्यशालाका लागि विभिन्न देशका चित्रकार नुवाकोट आउनेछन् । माघ २१ गते विदुरमा अतिथि चित्रकारहरूको स्वागतसहित कार्यशालाको उद्देश्यमाथि प्रकाश पारिनेछ । त्यसपछि नुवाकोटको पर्यटकीय सम्भावना बोकेका स्थलहरूको भ्रमण गराइने कार्यक्रम छ । माघ २२ र २३ गते 'अन द स्पट' चित्र कोरिनेछ भने कार्यशालाको अन्तिम दिन माघ २४ गते चित्रकारहरूले कोरेका सिर्जनाहरूको प्रदर्शनी हुनेछ । नुवाकोटमा कोरिएका चित्र काठमाडौं तथा स्लोभेनियामा समेत प्रदर्शित हुनेछन् ।

# हिट्स एवार्डमा सुन साइँलीको वर्चश्व

हिट्स एफएम म्युजिक एवार्डको १९ औं संस्करणमा गायक हेमन्त रानाको 'सुन साइँली...' गीतले सर्वाधिक चारवटा एवार्ड जितेको छ । सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा शुक्रबार सम्पन्न सांगीतिक समारोहमा उक्त गीतबाट गायक रानाले सर्वोत्कृष्ट पुरुष गायक पप तथा सर्वोत्कृष्ट गीतको एवार्ड प्राप्त गरे । त्यही गीतबाट संगीतकार कालीप्रसाद बाँस्कोटाले सर्वोत्कृष्ट पप रक संगीतको एवार्ड हात पारे भने रिकेश गुरुङले सर्वोत्कृष्ट संगीत संयोजनको एवार्ड पाए । उक्त अवसरमा संगीतकार कालीप्रसाद बाँस्कोटाले चलचित्र संगीतकारको एवार्ड समेत हासिल गरे । बाँस्कोटा चलचित्र लुट-२ को ठमेल बजार गीतका लागि पुरस्कृत भएका हुन् ।

समारोहमा गायिका बर्तिका एम राईले दुईवटा एवार्ड जितिन् । उनले 'खै' शीर्षकको गीतबाट सर्वोत्कृष्ट गीत रचनाको एवार्ड प्राप्त गरिन् । त्यसक्रममा उनले राजेन्द्र थापा, वीरेन्द्र पाठक तथा एक नारायण भण्डारीहरूलाई निराश पारेकी थिइन् । त्यही गीतबाट बर्तिकाले सर्वोत्कृष्ट महिला गायन पपको एवार्ड समेत जितिन् ।


तस्बिर : नवराज वाग्ले

सर्वोत्कृष्ट एकल गायन पुरुष विधाको एवार्ड गायक शिव परियारले जिते । गायक परियारले 'वर्षौं भो छोडेको' गीतका लागि उक्त एवार्ड प्राप्त गरेका हुन् । सांगीतिक यात्राको डेढ दशकपछि गायक परियारले पहिलो पटक हिट्स एफएम म्युजिक एवार्डमा कब्जा जमाएका हुन् । गायक परियारले एवार्ड जित्ने क्रममा यही विधाका लागि मनोनीत गायकहरू राजेशपायल राई, कर्णदास, अजर जंगम आदिलाई निराश तुल्याएका थिए । सर्वोत्कृष्ट एकल गायन महिलातर्फ गायिका बानिका प्रधानले एवार्ड जितिन् । उनले 'पूर्णिमाको रात' गीतबाट उक्त सफलता हासिल गरेकी हुन् ।

सर्वोत्कृष्ट संगीत सिर्जनाको एवार्ड संगीतकार हरि लम्सालले प्राप्त गरे । लम्सालले 'आज फेरि एकान्तमा' गीतबाट यो उपलब्धि हासिल गरेका हुन् । रक गायनतर्फ 'च्याइबा' गीतबाट एक्सिस ब्यान्डले एवार्ड जित्यो भने समूह गायनतर्फको एवार्ड सत्याकृत ब्यान्डले जित्यो । उक्त ब्यान्ड 'गणेश गणनायक' गीतबाट पुरस्कृत भएको हो ।

लोक गीततर्फको एवार्ड 'आमाको तस्बिर हातैमा' गीतका लागि बिरही कार्कीले जिते । नव प्रतिभातर्फको एवार्ड 'सधैं सधैं' गीतका लागि समिक सापकोटालाई प्रदान गरियो । युगल गायन एवार्डबाट उदय तथा मनिला सोताङ पुरस्कृत भए । उनीहरूले 'दुई दिनको' गीतबाट उक्त सफलता हासिल गरेका हुन् । सांगीतिक समूह १९७४ एडीको 'हजार सपना' ले सर्वोत्कृष्ट गीति-संग्रहको एवार्ड जित्यो ।

हिट्स एफएम म्युजिक एवार्डमा सांगीतिक क्षेत्रमा चार दशकभन्दा लामो समयदेखि योगदान पुर्‍याएका अग्रज गायक दीप श्रेष्ठलाई लाइफ टाइम एचिभमेन्ट एवार्ड-२०७४ बाट सम्मानित गरिएको थियो । सांगीतिक समूह सत्याकृतको लाइभ प्रस्तुतिसँगै प्रारम्भ भएको एवार्ड वितरण समारोहमा गायकहरू शिव परियार, अजर जंगम, सांगीतिक समूह पहेँलो बत्तीमुनी, गायिका तृष्णा गुरुङ आदिले समेत मनोरञ्जन प्रदान गरेका थिए ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



श्रृतिका गुरुङ







**पर्वत जिल्लाको** दुर्लुङमा जन्मिएकी श्रुतिका गुरुङलाई बाल्यकालदेखि नै मोडलिङमा रुचि थियो। प्रवेशिका परीक्षा उत्तीर्ण भएपश्चात् उनी पोखरा आइन्। हाल पोखराको दीपमा बसोबास गर्ने श्रुतिकाको उचाइ ५ फिट ५ इन्च छ भने उनको तौल ६० केजी तथा उमेर २२ वर्ष छ। उनलाई मन पराउनेहरूको कमी छैन। गुरुङलाई प्रवेशिका परीक्षाभन्दा अघिदेखि नै प्रपोज आउन थालेको हो, जुन अहिलेसम्म पनि जारी नै छ, तर उनले स्पेसल ब्वाइफ्रेन्ड भने बनाएकी छैनन्। 'प्रपोज त आउँछ नि, तर मैले स्वीकार गरेकी छैन,' श्रुतिकाले बताइन्।

उनी यतिबेला आफूलाई रेक्सपेक्ट गर्ने जिवनसाथीको खोजीमा भने छिन्। 'मलाई रेक्सपेक्ट गर्ने, मेरो कुरा बुझ्ने लाइफ पार्टनर चाहिन्छ,' श्रुतिकाले भनिन्। अंग प्रदर्शनप्रति उनको बुझाइ खुल्ला छ। 'अंग प्रदर्शन गर्ने व्यक्तिलाई कम्फरटेबल हुन्छ भने केही फरक पर्दैन,' गुरुङले भनिन्, 'यो कुरा मानिसको बुझाइमा भर पर्छ।'


श्रुतिकाले पोखरास्थित फिस्टेल नर्सिङ क्याम्पसबाट पिसिएल लेभलको नर्सिङ पूरा गरेकी हुन्। अध्ययनपश्चात् ६ महिना गण्डकी अस्पतालमा 'भोलेन्टियर जब' गरेकी श्रुतिका हाल फिस्टेल हस्पिटल एन्ड रिसर्च सेन्टरमा कार्यरत छिन्। नेपाल नेक्स्ट टप मोडलको फस्ट रनर्सअप तथा मिस पोखरामा वेस्ट फोटोजेनिक र वेस्ट वाक उनले जितेका पुरस्कार हुन्। उनले म्युजिक भिडियो तथा विज्ञापनहरूमा समेत मोडलिङ गरिसकेकी छिन्। श्रुतिकालाई डान्स तथा ह्यान्डिक्राफ्टमा पनि रुचि छ भने उनी मेकअप आर्टिस्टसमेत हुन्।

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

प्रस्तुति : राजाराम पौडेल
तस्बिर : सुरज श्रेष्ठ, एस टु प्रोडक्सन
लोकेसन : एस टु प्रोडक्सन, नयाबजार, पोखरा







# सत्यराजलाई साढे सातको पिर

अचेल गायक सत्यराज आचार्यको दैनिकी फेरिएको छ । कुनै बेला बिहानैदेखि रियाजमा तल्लीन हुने यी गायक पछिल्ला केही सातायता अर्कै काममा व्यस्त हुन थालेका छन् । आफूले अभिनय गरेको चलचित्र 'साढे ७' को प्रदर्शन मिति नजिकिँदै जाँदा अभिनेता तथा गायक सत्यराजको मुटुको धड्कनसमेत बढेको छ । भारतले नेपालमाथि गरेको नाकाबन्दीमा आधारित यो चलचित्रमा सत्यराज मुख्य भूमिकामा छन् । चलचित्रमा उनले सञ्चारकर्मीको भूमिका निर्वाह गरेका छन् । सत्यराजले चलचित्रमा अभिनय मात्र गरेका छैनन्, उनी चलचित्रका एक निर्माता समेत हुन् । 'अभिनय मात्र गरेको भए पनि धपेडी त यस्तै हुन्थ्यो होला, आइतबार साँझ भेटिएका सत्यराज भन्दै थिए- 'तर निर्माता समेत भएपछि त तनावै हुने रहेछ !' साम्तेन भुटियाद्वारा निर्देशित यो चलचित्रमा सत्यराजले दुई भिन्न अभिनेत्रीसँग रोमान्स गर्ने अवसर पाएका छन् । एकातिर उनी सुप्रिया कटवालसँग अनस्क्रिन रोमान्स गरिरहेका देखिन्छन् भने अर्कातिर उनलाई अभिनेत्री मेनुका प्रधानले समेत साथ दिएकी छिन् । फागुन ११ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रले निर्मातालाई साढे सातको दशा लगाउँछ कि उक्त दशाबाट मुक्ति दिलाउँछ, हेर्न बाँकी नै छ ।

# महँगा भए प्रशान्त

एक-दुईवटा चलचित्रमा मात्र अभिनय गरेर स्थापित हुने थोरै कलाकारमा प्रशान्त ताम्राकारको नाम अग्रपंक्तिमा आउँछ । पुराना मोडल तथा कोरियोग्राफर प्रशान्तलाई यतिबेला दर्शकहरूले खलनायकका रूपमा चिनेका छन् । चलचित्र ऐश्वर्यको प्रभावकारी अभिनयपछि प्रशान्तले आफ्नो मोडलको परिचय बिर्सन बाध्य हुनुपरेको छ । त्यसो त ऐश्वर्यअघि पनि प्रशान्तले केही चलचित्रमा अभिनय नगरेका होइनन्, यद्यपि ती चलचित्रमा उनलाई दर्शकहरूले नोटिस गरेनन् । ऐश्वर्यमा भने उनको ड्यासिङ पर्सनालिटी, वजनदार आवाज तथा अभिनेता रमेश उप्रेतीको समानान्तर भूमिकाले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । चलचित्रको व्यवसायिक सफलताको सम्पूर्ण फाइदा कि त निर्मातालाई भयो कि त कलाकारका रूपमा प्रशान्तलाई । उक्त चलचित्र प्रदर्शन भएलगत्तै प्रशान्तलाई दर्जनौं चलचित्रबाट प्रस्ताव आयो । अधिकांश प्रस्ताव खलनायककै लागि थिए । उनले प्रस्ताव आएका मध्ये निकै कम चलचित्र छनौट गरे । त्यसरी छनौट गरिएका चलचित्रमध्ये पहिलो बन्यो 'रानीमहल' । 'दर्शकले अब मबाट अझ राम्रो काम र भूमिकाको अपेक्षा गर्नुभएको छ, प्रशान्तको भनाइ छ- 'यही कुरालाई ध्यानमा राख्दै रानीमहलमा आबद्ध भएको हुँ ।' नयाँ अभिनेताहरूले अभिनय गर्न लागेको यो चलचित्रमा प्रशान्त नै सबैभन्दा महँगो पारिश्रमिकमा अनुबन्ध भएको बताइन्छ, यद्यपि उनको पारिश्रमिक रकम भने गोप्य नै राखिएको छ ।

# नीताको पहिलो आइटम

प्रदर्शनको तयारीमा रहेको चलचित्र पञ्चायतबाट अमेरिकामा सर्वोत्कृष्ट अभिनेत्रीको एवार्ड जित्न सफल अभिनेत्री हुन्– नीता ढुंगाना । कुशल अभिनय गर्न सक्ने नीता हरेक प्रकारका भूमिकामा उत्तिकै सशक्त देखिन्छिन् । पछिल्लो समय उनले आफूलाई आइटम गर्लका रूपमा समेत प्रस्तुत गर्न भ्याएकी छिन् । फागुन २५ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हुर्केको बाँचे नि पशुपति...गीतमा नीताले प्रस्तुत गरेको आइटम डान्स कामुक मात्र छैन, कलात्मक पनि छ । अभिनेता राजाराम पौडेलले समेत कम्मर मर्काएको उक्त गीतको सामूहिक नृत्यमा नीतालाई झन्डै एक दर्जन नृत्य कलाकारले साथ दिएका छन् । कालीप्रसाद बाँसकोटा तथा एकतारेको शब्दको उक्त गीतमा कालीप्रसादकै संगीत एवं झुमा सुब्बा तथा कालीप्रसादको स्वर सुन्न सकिन्छ । 'पहिलो पटक आइटम गीतमा नृत्य गर्न पाउँदा खुसी लागेको छ, नीता भन्छिन्– गीत मन परेकाले नै उनी नृत्यका लागि तयार भएकी हुन् । गीत सार्वजनिक गर्ने समारोहमा पनि नीताले आइटम डान्स नै गरेर मनोरञ्जन प्रदान गरेकी थिइन् ।

**व्यक्ति एक टिप्पणी अनेक**



# हरेक प्रकारको भूमिकामा उत्तिकै सशक्त

सुनिल थापा नेपाली चलचित्रका भर्सटायल कलाकार हुन् । चलचित्रमा प्रायः नकारात्मक भूमिका निर्वाह गरेर दर्शकको मनमा बसेका थापालाई दर्शकहरु राते काइँलाको उपनामले समेत चिन्छन् । चलचित्र चिनोमार्फत उनले उक्त उपाधि पाएका हुन् । यतिबेला उनी आफ्नो पुरानो उपाधि परिवर्तन गर्ने मोडमा पुगेका छन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र शेरबहादुरमा उनले शेरबहादुरकै भूमिका निर्वाह गरेका छन् । थापाले कुनै पनि चलचित्रको शीर्षक भूमिका निर्वाह गरेको यो पहिलो अवसर हो । यही चलचित्रमा अभिनय गर्न मुम्बईबाट काठमाडौं फर्किएका थापा यसको प्रदर्शनसँगै दर्शकले आफूलाई शेरबहादुरका रूपमा सम्बोधन गर्ने कुरामा आशावादी छन् । अभिनेता थापाका बारेमा केही टिप्पणी जस्ताको तस्तै :

सुनिल थापा नेपाली चलचित्रका एउटा दह्रो खम्बा नै हुन् भन्दा फरक पर्दैन । पुरानो तथा नयाँ धारका चलचित्रलाई जोड्ने एउटा सूत्र पनि सुनिल थापा नै हुन् ।

**रमेश उप्रेती, अभिनेता**

सुनिल थापा त्यस्ता कलाकार हुन्, जसले दर्शकलाई आफूले निर्वाह गरेका चरित्रमा कन्भिन्स गर्न सक्छन् । अर्को शब्दमा भन्नुपर्दा हरेक प्रकारको भूमिकामा उत्तिकै सशक्त कलाकार हुन्– सुनिल थापा ।

**केकी अधिकारी, अभिनेत्री**

सुनिल थापा उत्कृष्ट खलनायक हुन् । नेपाली चलचित्रमा उनको अभिनयको छुट्टै छाप छ ।

**ऋषिराज आचार्य, निर्देशक**

सुनिल थापालाई मैले एउटा राम्रो कलाकार भन्दा पनि असल व्यक्तिका रूपमा चिनेको छु । विगत केही वर्षदेखि उहाँसँग नजिक रहेर संगत गरेकाले पनि मैले उहाँमा एउटा असल व्यक्तित्वको झलक पाएको हुँ । उहाँ उत्कृष्ट अभिनय गर्ने कलाकार त हुँदै हुनुहुन्छ ।

**नरेशदेव पन्त, गीतकार**

सुनिल थापा अभिनय क्षेत्रका लागि जीवित इतिहासको एक अध्याय हुन् । चलचित्रलाई आफ्नो कर्म थलो बनाउनेहरूका लागि उनी अभिभावकसमेत हुन् । थापा एक सशक्त कलाकार हुन् भन्दा फरक पर्दैन । निरन्तर चलचित्रलाई नै आफ्नो कर्मथलो बनाउँदै इतिहास रचेका व्यक्ति हुन्– सुनिल थापा ।

**समीर बलामी, सञ्चारकर्मी/निर्देशक**

बोल्ड व्यक्तित्व, आफ्नो चरित्रमा अब्बल, देख्दै डर लाग्ने तर सामान्य जीवनमा मायालु, विवादमा नपरेको व्यक्ति तथा अन्तर्राष्ट्रिय स्तरमा एक नेपाली कलाकार ।


**राम सिटौला, संगीतकार**



तस्बिर: बाहुबरी

# गर्छिन् कि त निकिताले ?

चलचित्र विकास बोर्डको अध्यक्ष पद झन्डै ६ महिना खाली भयो । राजकुमार राई बिदा भएपछि खालि भएको पदका लागि आवेदन नै खुला गरियो र त्यसमा एक दर्जन प्रतिस्पर्धीलाई पाखा लगाउँदै गोपीकृष्ण मुभिजकी निकिता पौडेलले बाजी मारिन् । निकिता अध्यक्ष बन्ने बित्तिकै चलचित्र क्षेत्रबाटै आलोचनाको शिकार भइन्, यद्यपि नियुक्त भएको केही सातापछि नै उनले चलचित्र क्षेत्रलाई नै फाइदा हुने कामहरू गर्न थालेकी छिन् । सर्वप्रथम उनले भारतको पुनास्थित अभिनय प्रशिक्षण संस्थासँग सम्झौता गर्दै झन्डै चार दर्जन नेपाली कलाकारलाई प्रशिक्षणको जाँचोपाँजो मिलाइन् । प्रशिक्षण लिने कलाकारहरूको छनौट अहिले अन्तिम चरणमा पुगेको बताइन्छ । यसै सातामात्र निकिताले आफ्नो दोस्रो काम सार्वजनिक गरेकी छिन् । लामो समयदेखि नेपाली चलचित्रका लागि बक्स अफिस लागू गर्ने योजना कागजमा मात्र सीमिति भैरहेका बेला निकिताले आगामी वैशाखदेखि उक्त नियम लागू हुने परिपत्र नै गरिसकेकी छिन् । बोर्डको हालैको बैठकले चलचित्र क्षेत्रको विकासका लागि अत्यन्त महत्वपूर्ण मानिएको बक्स अफिस प्रणाली २०७५ सालको असार महिनादेखि लागू हुने निर्णय गरेको छ । वैशाख १ गतेदेखि परिक्षण तथा साउन १ देखि काठमाडौंमा तथा माघ १ गतेदेखि काठमाडौं बाहिर यो नियम लागू हुनेछ । यसअघि मल्टिप्लेक्सले आफ्नै प्रकारको बक्स अफिस सञ्चालन गरे पनि देशभरिका सिंगल थिएटरमा यो नियम लागू छैन । बक्स अफिस लागू हुँदा एउटा चलचित्रको देशभरीको व्यापार एकै ठाउँमा आउँछ, जसले चलचित्रका निर्मातालाई समेत ठूलो राहत दिन्छ ।



# टर्‍यो एउटा भिडन्त

भ्यालेन्टाइन डे नजिकिँदै छ । १४ फेब्रुअरी आउन अब धेरै बाँकी छैन । प्रेम दिवसलाई प्रेमि-प्रेमिकाको त्यागका रूपमा समेत चित्रण गरिन्छ । नेपाली चलचित्रको एक जोडी प्रेमी-प्रेमिका भने भ्यालेन्टाइन डेपछिको साता प्रदर्शन हुने आ-आफ्ना चलचित्रमार्फत भिडन्त गर्न तयार भएका थिए । प्रसंग हो सौगात मल्ल र सृष्टि श्रेष्ठको । चलचित्र क्षेत्रमा उनीहरूलाई प्रेमी-प्रेमिकाका रूपमा हेरिन्छ । यी दुवै जोडी चलचित्र पञ्चेबाजा तथा रोमियो एन्ड मुनामार्फत एकै दिन दर्शकमाझ आउन ठिक्क परेका थिए । फागुन ११ गते यी दुबै चलचित्रले प्रदर्शन मिति तय गरेका थिए । पञ्चैबाजामार्फत सौगात मल्ल दर्शकमाझ आउँदैछन् भने सोही दिन अभिनेत्री सृष्टि श्रेष्ठ रोमियो एन्ड मुनामार्फत दर्शकसमक्ष प्रस्तुत हुने कुरा थियो । अन्तिम समयमा आएर रोमियो एन्ड मुनाको पोष्ट प्रोडक्सनमा समय लाग्ने भएपछि उक्त चलचित्र अब चैत २ मा मात्र प्रदर्शन हुने भएपछि एक जोडी प्रेमि-प्रेमिकाको सम्भावित भिडन्त टरेको हो ।

**ब्याक बाइट्स**

# अभिनेता निखिल उप्रेतीबाट अभिनेत्री सारा शिर्पाली



अभिनेता निखिल उप्रेती एक्सन प्रधान नेपाली चलचित्रको सशक्त अंग रहँदै आएका छन् । डरलाग्दा स्टन्टमा उनी आकर्षक मात्र देखिँदैनन्, उत्तिकै आत्मविश्वासीसमेत मानिन्छन् । निखिलले अभिनय गरेका दर्जनौं चलचित्रमा दर्शकले उनका द्वन्द्वमा ताली पिटेका छन् । यसबीच उनी पहिलो पटक एउटा यस्तो चलचित्रमा प्रस्तुत भए, जसमा एक्सन त छ नै, सँगसँगै रोमान्ससमेत छ । चलचित्र पिंजडा ब्याक अगेन तथा रूद्रमा निलिखको जोडीका रूपमा प्रस्तुत भएकी अभिनेत्री हुन्-सारा शिर्पाली । सुन्दर मुहारकी धनी सारासँग निखिलको जोडीसमेत मिलेको छ । साप्ताहिकका लागि निखिलले अभिनेत्री साराका राम्रा तथा सुधार्नुपर्ने केही कुरा यसरी व्यक्त गरेका छन् :

## राम्रो पक्ष

**मेहनती :** उनी असाध्यै मेहनती कलाकार हुन् । सानो दृश्यका लागि समेत उनले प्रशस्त मेहनत गरेको पाइन्छ ।

**काम :** उनको काम भनेको अभिनय हो । उनी आफ्नो कामलाई पूजा गर्छिन् । आफूलाई दिइएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्छिन् ।

**चुनौती मोल्ने :** कठिन काममा समेत चुनौती मोलेर अघि बढ्ने उनको स्वभावबाट म प्रभावित छु ।

**सुमधुर बोली :** उनी प्रायः साइलेन्ट रहन रुचाउँछिन् । आवश्यक परेको बेला मात्र बोल्छिन्, त्यो पनि सुमधुर शैलीमा ।

**सम्मानको भावना :** आफूभन्दा अग्रजलाई कसरी आदर-सम्मान गर्नुपर्छ भन्ने कुरा उनले राम्रैसँग बुझेकी छिन् ।

## सुधार्नुपर्ने पक्ष

**कुरा गर्ने शैली :** सफ्ट शैलीमा कुराकानी गर्नु उनको राम्रो पक्ष हुँदाहुँदै आवश्यक परेका बेलासमेत चुप लागेर बस्ने बानी भने सुधार्नुपर्छ ।

**घुलमिल हुने कला :** उनी प्रायः एकान्त मन पराउँछिन् जस्तो देखिन्छ । साथीभाइहरूसँग हँसिमजाक गर्दा आफ्नै दायरा फराकिलो हुन्छ ।

**नृत्यको अभ्यास :** उनको नृत्य खराब छ भन्न खोजेको होइन, तर थप अभ्यास गर्ने हो भने त्यसमा अझ निखार आउनेछ ।

**मात्र काम :** उनी काममा मात्र फोकस रहन्छिन् । सधैं काम-काम मात्र भनेर बस्यो भने साथीभाइहरूसँग घुलमिल हुन गाह्रो पर्छ ।

# कृष्णभक्त अनमोल

सुव्रत आचार्य

- मलाई तडक-भडकवालीभन्दा कुर्था-सलवार लगाएकी कुर्थावाली मनपर्छ ।
- जब एकदम भोक लाग्छ नि, मलाई चोकोपाई खान मन लाग्छ ।
- म ब्रान्ड कन्सियस छैन, मन पर्‍यो भने रत्नपार्कको फुटपाथबाट पनि किन्न सक्छु ।
- म भगवान् श्रीकृष्णको भक्त हुँ ।
- मलाई घडी तथा एसेसरिज लगाउन मन लाग्दैन ।
- मलाई बाइकको सौख छ, मसँग दुईवटा स्पोर्ट्स बाइक छन् ।
- म आफ्नो ब्रेकफास्ट र कफी आफैं बनाउँछु ।



अहिलेका 'हटकेक हिरो' अनमोल केसीसँग पाँचतारे होटल अन्नपूर्णको पौडी पोखरीछेउमा भेट्न उनका बाबु अभिनेता, निर्देशक तथा निर्माता भुवन केसीले बोलाएका थिए । अनमोलसँग अघिल्लो दिन फोन वार्ता हुँदा घरमै भेट्ने कुरा भएको थियो, तर चलचित्र 'कृ'को प्रदर्शन मिति नजिकिँदै जाँदा अनमोल मिडियाहरूसँग अन्तर्क्रियामा व्यस्त रहेकाले त्यही भेट्न सकिने भुवन केसीले बताएपछि हामी त्यही पुगियो ।

त्यतिबेला अनमोल एउटा अनलाइनलाई अन्तवार्ता दिइरहेका थिए । एकैछिन पर्खिएपछि अनमोलले अमेरिकानो र आफ्ना लागि क्यापेचिनो अर्डर गरेर कुरा गर्न थाले । पहिलेदेखिको चिनाजानी भएकाले कुराकानीमा उनी निकै सहज देखिए । सुरुवातमा उनले आफ्नो बाल्यकाल नै सम्भिmए ।

**बाल्यकालमा ठूलो भएपछि चलचित्रको हिरो हुन्छु, बाबुझैं नाम कमाउँछु भन्ने थियो ?**

मलाई त म्युजिकमा रहर थियो । सानो छँदा अभिनयको कुनै रहर थिएन । स्कुलमा पनि म नाटकमा भन्दा सांगीतिक कार्यक्रममा बढी सहभागी भएँ ।

**कुन स्कुल पढेको ?**

एउटा भए पो भन्नु ? मैले धेरै स्कुल चेन्ज गरें । स्कुल जीवनमा म साह्रै बदमास थिएँ । मैले होस्टलमा बसेर पढेको हुँ । ड्याड र ममसँग लामो बिदाका बेला मात्र भेट हुन्थ्यो । आफ्नो बदमासीकै कारण म स्कुलबाट रेस्टिकेटसम्म भएको छु । स्कुलको कम्पाउन्डमा एउटा रूखमा बारुलाको गुँड थियो । साथीहरूमाझ मैले केही हुँदैन भनेर सान देखाउँदै रूखमा किक हानेको, बारुलाको गुँड खसिहाल्यो, अनि त एकैछिनमा बारुलाको हूल आएर मेरो रूप नै बिगारेर गयो । छ-सातवटाले नै टोकेछन् । भोलिपल्ट दिउँसो प्यारेन्ट्स डे थियो । स्टेजमा इन्ट्रोडक्सनका लागि आउँदा टाढाबाट देखेर ड्याड-ममले प्यारेन्ट्स डेमा हुने नाटकमा मैले हनुमानको रोल पाएछु कि भन्ने सोच्नुभएछ ।

ए लेभलसम्म पढेर हाललाई पढाइ रोकेका अनमोल अध्ययनलाई पनि उत्तिकै जरुरी मान्छन् । आफ्नो पढाइका बारेमा उनी भन्छन्, 'म पढाइमा कमजोर विद्यार्थी हुँ, निकै कमजोर । डिग्री पाउनु मात्र पनि पढाइ होइन । उपन्यास तथा पुस्तकहरू पढ्नु वा विकिपिडिया पढ्नु पनि त पढाइ नै हो । म कुनै न कुनै माध्यमबाट ज्ञान हासिल गर्नुलाई पनि पढाइ भन्छु । अचेल त झन इन्टरनेटमा जे खोज्यो त्यही भेटिन्छ । पढाई त अब अनलाइनबाट समेत हुन थालेको छ ।'

अनमोल केसी आफूलाई निकै रोमान्टिक भन्न रुचाउँछन् । बुबा भुवन केसीले रोमान्टिक नायकको छवि बनाएका छन् । त्यसैले पनि अनमोल आफ्नो रगतमै रोमान्स भएको बताउँछन् । कति रोमान्टिक छन् त अनमोल ?

उनी भन्छन्- 'धेरै नै रोमान्टिक छु । स्कुल वा कलेजमा छँदा म रिलेसनसिपमा पनि थिएँ, तर त्यति सिरियस होइन । अहिले म कसैसँग रिलेसनसिपमा छैन । म पूरा आफ्नो काममा फोकस्ड छु । विवाह गर्ने र घरजम गर्ने सोच अहिले त सम्भव छैन । भविष्यमा गरुँला । अहिल्यै केही सोचेको छैन ।'

'राजेश हमालको जस्तो उमेर ढल्किएपछि विवाह गर्ने त होइन ?'

हुन पनि सक्छ । म उहाँले उमेर ढल्किएपछि होइन, समय आएपछि विवाह गर्नुभएको मान्छु । मेरो ड्याड र ममको सम्बन्ध बिग्रिएपछि म विवाहप्रति त्यति सकारात्मक छैन ।

## अनमोलको दैनिकी

अनमोल बिहान छिट्टै उठ्छन् । उनलाई बाथरुममा नुहाउन आधा घण्टा लाग्छ । त्यस्तै परे दिनमा पाँच पटकसम्म नुहाउन सक्छन् । सफा-सुग्घर रहनु उनको बानी नै भैसकेको छ । अनमोल फ्रेस भएपछि आफ्ना लागि आफैं ब्रेकफास्ट बनाउँछन् । शाकाहारी भएकाले उनको ब्रेकफास्ट शाकाहारी नै हुन्छ । त्यसपछि उनी शारीरिक अभ्यासमा जुट्छन् । दिउँसो १२ बजेपछि खाना खान्छन् । पहिले पनि मासु खासै मन

## ट्वीटरमा अनमोल केसी

**नुवाकोटे कान्छो@RajRimal9**
नेपालमा फेरि कुर्था लगाउने फेसन चल्ने भो, अनमोल केसी कुर्था लगा'की केटी देखेपछि हुरुक्कै हुन्छन् रे ।

**तिमल्सिना राजनजी@Najar_man**
कति सम्झाउनु यार आजकलका केटीहरूलाई, हिरो भनेको दयाहाङ राई हो, अनमोल केसी भनेको बाल कलाकार ।

**Nabin Thakur@NabinThakur10**
सुजाता कोइराला, अनमोल केसी, शेख हसिना, अभिषेक बच्चन, विमलेन्द्र निधि आदि आफ्नो योग्यताभन्दा पारिवारिक पृष्ठभूमिका कारणले महान् भएका हुन् ।
:चाल्भउबरिबलयवलभउबढिढ
अनमोल केसी र टाइगर श्राफलाई हेट गर्न नि रिजन चाहिन्छ र भन्या, अनुहार देख्दै रिस उठेपछि ।

**सृजना@sirju5**
अनमोल केसी स्टार अफ द इयर रे, चित्त बुझेन ।

**चिलिमे कान्छा@nayendangi**
तैट्, सबै जना अनमोल केसी हाई-हाई भनेर पोस्ट गर्छन्, तर आफूलाई चैं बिलकुलै मन पर्दैन ।

**Nabin Thakur@nabin_thakur**
कला क्षेत्र पनि पेसा नै हो । सलमान खान, टम क्रुज र अनमोल केसीलाई देखेर लाग्ने भीड बस भीड हो । भीडले निजत्व गुमाउँछ । निजत्वसँगै विवेक पनि गुम्छ ।

**Amit@vulkeli**
यो अनमोल केसी नाम गरेको केटो मन नपर्ने मलाई मात्र त होइन होला नि ।

**सुदीक्षा भुषाल@mbsyl**
हामी राजेश हमालका फिलिम हेर्या मान्छेलाई काँबाट मन पर्नु अनमोल केसी ।

**Ritika@dklreetika**
मलाई सारै मन पर्छ यो अनमोल केसी- यर्थाथ कुरो ।

**Pawan Acharya@acharyapawan**
कलेजका छात्राहरू अनमोल केसी अभिनित चलचित्र हेर्न कक्षा हापेर सिनेमा हल छिरेछन्- सक्किगोन्त ।
मिस्टर२दबबबबगपयहयचय
नेपालमा जस्तै भारतमा नि अनमोल केसी छन्, उनको नाम हो- टाइगर श्राफ ।

**Bhawana Gurung@BhawanaNa**
केटाहरूका अनुसार : ब्राड पिट गे, जस्टिन बिबर गे, टेरेन्स गे, प्रवल गुरुङ पनि गे, अनमोल केसी गे... केटाहरूको खास दुश्मनी चैं के रैछ यिनीहरूसँग ?

**Ranjan Adhikari@RyanjanAC**
अनमोल केसीको कृको ट्रेलर २४ घण्टामा साढे ६ लाख भ्युज बटुल्दै १ नम्बर ट्रेन्डिङमा । सामाजिक सञ्जालमा गे ट्रोल, खत्तम एक्टिङ, केटी जस्तो क्युट जे भनेनी विरोधको झ्याली पिट्न पनि उनलाई फलो गर्नैपर्छ । आफ्नो वेट मेन्टेन गर्दाको नतिजा हो यो । मलाई अनमोलको यही कुरा मनपर्छ ।
उपेन्द्र ढकाल२गउउगमजबपर्बा
केटीहरूले अनमोल केसी र पल शाहलाई जति नै आइडल बनाए पनि लास्टाँ पर्ने भनेको बल्छी ध्रुवे जस्तै केटो नै हो क्या' रे ।

**निशान@NISHANLM10**
उ बेला बाहुबली द बिगिनिङ हेरि सकेपछि धेरै नेपाली जनतालाई कटप्पाले बाहुबलीलाई कसरी मार्यो होला भन्ने चासो थियो तर अहिलेसम्म पनि नेपालका नायक अनमोल केसीको दाह्री-जुंगा किन आएन, अहँ कसैलाई

नपराउने भए पनि डाइटका लागि मात्र खाने अनमोलको अहिलेको डाइट भनेको भिजेको चना, बटर, दूध, गेडागुडी तथा सिजनल भेजिटेबल हुने गरेको छ । 'दाल, भात, तरकारी अचार मन पर्छ, तर धेरै खान्नँ ।' उनले भने ।

अनमोल आफूलाई 'फिट एन्ड फाइन' राख्ने कुरामै बढी ध्यान दिइरहेका हुन्छन् । चलचित्र 'कृ'मा उनको दुईवटा रूप हेर्न पाइनेछ । एउटामा उनी पहिलेको जस्तो चकलेटी लुक्समा दुब्लो र क्युट देखिन्छन् भने अर्कोमा उनी शारीरिक सुगठन राम्रो भएको विहंगम रूपमा देखिनेछन् । त्यसका लागि पहिले ज्यान बनाएर सुगठित रूपको छायांकन सकेर केही महिनाको विश्राममा उनले आफ्नो शरीर पातलो बनाए । 'शारीरिक अभ्यास र लगनशीलता भए जे पनि गर्न सकिँदो रै'छ । मैले यो कुरा अब भने राम्रोसँग बुझेको छु ।' -अनमोलले भने । 'कृ'का लागि बिहान ६ बजे उठेदेखि रातिको ८ बजेसम्म अनवरत शारीरिक व्यायाम, अभिनय एवं नृत्य प्रशिक्षण गर्ने अनमोलले त्यतिबेला विश्राम भनेको मात्र एकाध घण्टा पाउँथे । अझ त्यो बेला बुबा भुवन केसीले कतै पनि सार्वजनिक नहुने उर्दी जारी गरेका थिए । उनले पनि आफूलाई सकेसम्म लुकाएरै राखे । 'नेपालमा पापाराजी फोटोग्राफर रहेनछन्, नत्र लुकेर मेरो फलो गरेका भए त्यतिबेलाको मेरो लुक्स पहिल्यै बाहिर ल्याइदिन्थे,' -अनमोलले हाँस्दै भने ।

अहिले उनको दैनिकी परिवर्तन भएको छ । अनमोल बिहान ६ बजे उठेर खाजा खाएपछि घरभित्रै व्यायाम गर्छन् अनि जुस आदि खाएर खबर पढ्न थाल्छन् । अहिले त चलचित्र 'कृ'को प्रचारप्रसारमा व्यस्त रहनुपरेकाले त्यसका लागि पनि समय दिइरहेका हुन्छन् उनी ।

### सात्विक जिन्दगी

'कृ'का लागि पूर्वाभ्यास गर्ने क्रममा अनमोल केसी घुम्दै बूढानीलकण्ठ पुगे । बुढानिलकण्ठमा भगवान् श्रीकृष्णका भक्तहरूमाझ पुगेर प्रवचन सुनेछन् । त्यसपछि उनलाई लाग्यो, 'कृ' भनेकै कृष्ण हुन् अनि उनी भगवान् श्रीकृष्णको भक्त भए । अनमोल त्यसपछि भगवान् श्रीकृष्णसम्बन्धी अध्ययनमा जुटे । माछामासु छाडेर पूरै शाकाहारी भए । शारीरिक अभ्यास गरिरहनुपर्ने भएकाले डाइटका लागि माछामासुको विकल्पमा हुन सक्ने खान्की रोजे । अहिले उनी बिहान-बिहान प्रार्थना र ध्यान गरिरहेका हुन्छन् । पुरानो बानेश्वरस्थित घरमा उनको आफ्नै फ्ल्याट छ । उनको फ्ल्याटभित्रको दृश्य कुनै मन्दिरको भन्दा कम छैन । त्यहाँ धूपको मगमग बास्ना आउँछ भने चारैतिर भगवान्का मूर्ति एवं तस्बिरहरू सजाइएका छन् । अनमोल हालै आफ्नी आमा तथा मामाघरका हजुरबुवा-हजुरआमाहरूसँग बनारस घुमेर आए । 'अचेल मलाई त्यस्ता स्थान घुम्दा आनन्द आउन थालेको छ,' अनमोलले बताए । अनमोल खानपिनमा बढीजसो उसिनेको शाकाहारी भोजन गर्छन् । दूध र जुस उनको फेभरेट हो । विद्यालय जीवनदेखि दूधमा बोर्नभिटा हालेर दिनको आठ-दस गिलाससम्म पिउँथे । 'खानाका लागि मरिहत्ते गर्ने बानी कहिल्यै भएन, तर एकदमै भोक लागेका बेला चोकोपाई खान मन लाग्छ ।' -उनले भने । दैनिक मन्त्रोच्चारण गर्ने भएकाले अनमोललाई पहिलेजस्तो टेन्सन हुँदैन, न त कसैसँग रिस नै उठ्छ । दिनहुँ १ सय ८ पटक ओमकार जपेपछि आफूमा धेरै परिवर्तन आएको उनले बताए ।





### रोमान्टिक लाइफ

अनमोलका 'ड्याड' रोमान्टिक छविका कारण अहिले पनि चर्चित छन् । पर्दामा मात्र होइन, वास्तविक जीवनमा समेत महिलाहरूसँगको सम्बन्धका कारण उनी विवादमा आइरहे । नाम होस् वा बदनाम, भुवन केसीको हातमा जहिले पनि तुरुपको एक्का रह्यो । जहिले पनि सफल हुने चलचित्रकर्मीको नाम लिँदा भुवन केसी सम्भवत: पहिलो नम्बरमा आउँछन् । यद्यपि आफू रोमान्टिक बाबुको पथमा नहिँडेको अनमोल बताउँछन् । 'सानोमा त्यस्ता कुरामा चासो थिएन । अहिले उहाँ आफ्नै किसिमले बस्नुभएको छ, म आफ्नै किसिमले । ड्याडीका क्रियाकलापले मलाई कहिल्यै प्रभाव पारेनन् । त्यो उहाँको लाइफको पाटो थियो, म मेरो लाइफ आफ्नै किसिमले बनाउँदैछु ।' प्रेम सबैसँग गर र कसैको चित्त नदुखाऊ भन्ने भगवान् श्रीकृष्णको उपदेशले आफूलाई सदाबहार रोमान्टिक बनाइरहने अनमोलको तर्क छ ।

# अनमोलका बारेमा अनमोल वाणी



मेरो छोरा अनमोल निकै मेहनती र कामप्रति समर्पित व्यक्ति हो । त्यसैले मलाई लाग्छ, आजसम्म उसले जे गऱ्यो त्यसमा ऊ सफल भयो र आगामी दिनमा ऊ अझ सफल हुँदै जानेछ । अनमोल एउटा असल छोरा पनि हो । केयरिङ र लभ मलाई उसको सबैभन्दा मन पर्ने बानी हो । मेरो नजरमा ऊ सोझो, आज्ञाकारी र अग्रजहरूलाई सम्मान गर्ने असल व्यक्ति हो । ऊ पारिवारिक सम्बन्धलाई निकै महत्व दिन्छ । सबैभन्दा ठूलो कुरा ऊ धार्मिक प्रवृत्तिको छ । भगवानको प्रार्थना गर्छ, मन्त्र जप्छ जसले गर्दा पनि ऊ भित्र सकारात्मक ऊर्जा बढेको हो । शाकाहारी र ईश्वरप्रति पूर्ण विश्वास गर्ने यत्तिको आज्ञाकारी छोरा भगवानले सबैलाई दिऊन् । मैले यस्तो छोरालाई जन्म दिन पाएँ, त्यसमा मलाई गर्व छ ।

**सुस्मिता केसी, अनमोलकी आमा/अभिनेत्री**

होस्टलदेखि कृसम्म आइपुग्दा अब कुनै शंका छैन कि अनमोल नेपाली चलचित्रका सुपरस्टार भैसकेका छन् । यद्यपि उनी भने आफू स्टार वा सुपरस्टार भएकोमा कुनै मतलब राख्दैनन् । उनलाई हरेक पटक राम्रो काम गरुँ भन्ने चिन्ता मात्र भैरहन्छ । यही कारणले उनी आज यो स्थानसम्म आइपुगेका हुन् । अनमोलमा आफूलाई समय परिस्थितिअनुसार परिमार्जित गर्दै अघि बढ्ने क्षमता छ । मलाई विश्वास छ कि भविष्यमा पनि उनको यो बानीमा कमी आउने छैन र उनले अझ सफलता प्राप्त गर्दै थप नाम कमाउनेछन् ।

**हेमराज बिसी, निर्देशक**

अनमोललाई मैले धेरै नम्र, कामप्रति समर्पित, लगनशील एवं मासुम व्यक्तिका रूपमा पाएको छु । अहिलेको पुस्ताका धेरै मानिस भगवानलाई मान्दैनन्, अनमोलको भगवानप्रतिको आस्था चकित पार्ने खालको छ । काममा उनको प्रतिबद्धता पनि हेर्न लायककै छ । उनले नहेरेका चलचित्र कमै होलान् । अनमोलले मनोरञ्जनका लागि घर बाहिर जानै पर्दैन । उनी म्युजिक लभर हुन् र पूरै दिन कोठामा गीत-संगीत सुनेर, एक्लै खाना खाएर बस्न सक्छन् । उनको एउटा राम्रो बानी भनेको कसैका बारेमा कसैसँग गुनासो नगर्नु पनि हो । कुरा काट्न त झन उनलाई आउँदै-आउँदैन । अब भने उनले समाजमा अलि बढी भिज्नुपर्छ । उनलाई मानिसहरूले माया गर्छन्, सम्मान गर्छन् । उनलाई आफ्नो आइडल मान्नेहरू पनि धेरै भैसके । पछिल्ला केही समय उनी विस्तारै बाहिरी मानिसहरूसँग घुलमिल भैरहेको देखेको छु । अनमोल वास्तवमै अनमोल छन् ।

**दिवाकर भट्टराई, निर्देशक**

अनमोल केसी हाम्रो चलचित्र उद्योगकै आशाका केन्द्र हुन् । भोलिका बारेमा त म केही भन्न सक्दिन तर आजको मितिसम्म उनी एउटा त्यस्ता अभिनेताका रूपमा देखिएका छन्, जसले नेपाली चलचित्रलाई अर्को तहसम्म पुऱ्याउन सक्छन् ।

**सलोन बस्नेत, अभिनेता**

अनमोल केसी परिश्रमी कलाकार हुन् । उनी सबैभन्दा बढी मेहनत गर्ने नेपाली अभिनेता हुन् भन्दा फरक पर्दैन । मैले अनमोलसँग ड्रिम्स तथा कृमासँगै काम गरेको छु । यी दुवै चलचित्रका लागि उनले प्रसस्तै मेहनत गरेका छन् । कृका लागि त उनले कडा मेहनतको सीमा नै नाघेका छन् ।

**चन्द्र पन्त, द्वन्द्व निर्देशक**

मैले अनमोल केसीलाई नजिकबाट चिनेको चलचित्र 'ड्रिम्स' को प्रदर्शनदेखि हो । चलचित्र कृसम्म आइपुग्दा अनमोलसँग म अझ नजिक भएको छु । अनमोलमा सुपरस्टारमा हुने गुण चलचित्र होस्टेलको प्रदर्शनका बेला नै देखिएको थियो । यद्यपि ड्रिम्ससम्म आइपुग्दा उनमा धेरै परिवर्तन आएको मैले पाएको थिएँ । करिब डेढ वर्ष मिडियाबाट टाढा रहेर चलचित्र कृको तयारीमा लाग्ने क्रममा अनमोल शारीरिक रूपमा मात्र होइन मानसिक रूपमा समेत बलिया भएका छन् । अनमोलको बोलीमा परिपक्वता, अरूप्रति सम्मान तथा नेपाली चलचित्रलाई नयाँ तरिकाले अघि बढाउनुपर्छ भन्ने सोच विकसित भएको छ । मलाई उनको कुराकानी गर्ने शैली मनपर्छ । उनी कुन ठाउँमा कस्तो तरिकाले बोल्नुपर्छ भन्ने कुराको जानकार छन् । अनमोलको चकलेटी अनुहारका फ्यान धेरै होलान्, तर मलाई चलचित्रको भन्दा चलचित्र बाहिरको अनमोल बढी मनपर्छन् ।

**विजय आवाज, सञ्चारकर्मी**

# मिस पश्चिमाञ्चलको उपाधि



पोखरामा सञ्चालित आठौं संस्करणको मिस पश्चिममाञ्चलको उपाधि अविना पहारीले जितेकी छिन् । ११ जना प्रतियोगीलाई पछि पार्दै उपाधिमा कब्जा जमाएकी अविनाले मिस क्रियटिभको सवटाइटल समेत हात पारिन् । द लुक्स फेसन होमले आयोजना गरेको यो प्रतियोगिताकी फस्ट रनर्सअप सजना केसीले मिस पर्सनालिटी तथा सेकेन्डरनर्सअप सभ्या गुरुङले मिस ट्यालेन्टको उपाधिसमेत जिते भने अल्बिना तिमिल्सिना भ्युअर च्वाइस एवार्डबाट पुरस्कृत भइन् ।

# अभिनेता हमालका साथमा मिस विश्वकर्मा



मिस विश्वकर्मा इन्टरनेसल २०७४ को फाइनल फागुन ६ गते मलेसियाको क्वालालम्पुरमा मा हुने आयोजक मोनाली इन्टरनेसनलले जनाएको छ । फाइनल कार्यक्रमका लागि टप ८ प्रतियोगी, कलाकार, आयोजक टिमसहित जम्मा २५ जनाको टोली मलेसिया जानेछ । कार्यक्रममा अभिनेता राजेश हमाल, मिस नेपाल सुगरिका केसी, गायक हिमाल सागर, अभिनेत्री नम्रता सापकोटा, गायक डेबिड शंकर, सुजना ढकाल, रकेश राई आदि समेत सम्लग्न हुनेछन् ।

गोपीकृष्ण ढ्वागाईं

# खाद्य मेलामा दीपक

गायक दीपक लिम्बूले आफ्ना गीतमार्फत धरानेहरूलाई नचाए । धरानमा सम्पन्न खाद्य मेला-२०७४ को दोस्रो दिनको सांगीतिक कार्यक्रममा लिम्बुले आधा दर्जनभन्दा बढी गीत सुनाए । खाद्य प्रविधि तथा गुण नियन्त्रण क्षेत्रीय कार्यालय, विराटनगरको आयोजनामा माघ १२ गतेदेखि १४ गतेसम्म सञ्चालित उक्त खाद्य मेलामा विभिन्न उद्यमीले उत्पादन गरेका खाद्य सामग्रीहरू, जातीय खाद्य परिकारका स्टल तथा कलेज एवं संस्थाहरूका गरी ६० वटा स्टल थिए ।

सञ्जु राई



# अडिसनमा मिस ई-कलेज

मिस ई-कलेजको आठौं संस्करणको पहिलो चरणको अडिसन सम्पन्न भएको छ । काठमाडौं, ललितपुर तथा भक्तपुरका विभिन्न कलेजमा अध्ययनरत छात्राहरूमा लक्षित यो प्रतियोगिताको अडिसनमा सहभागीहरूको व्यक्तित्व, आत्मविश्वास एवं कम्युनिकेसन स्किल्सको मूल्यांकन गरिएको थियो । अडिसनबाट छानिएकाहरूलाई करिब एक महिना प्रशिक्षण प्रदान गरेपछि मिस ई-कलेजको फाइनल हुनेछ ।




# मिस कलेज आइडल

काठमाडौंमा सञ्चालित मिस कलेज आइडलको दोस्रो संस्करणमा बर्नहार्ट कलेजमा अध्ययनरत सम्झना चौधरी विजेता भएकी छिन् । उक्त प्रतियोगितामा अस्मिता थपलिया फस्ट रनर्सअप तथा अस्मिता गैरे सेकेन्ड रनर्सअप घोषित भएका थिए । त्रिनिटी मार्केटिङ एन्ड इभेन्ट म्यानेजमेन्टको आयोजनामा सञ्चालित उक्त प्रतिस्पर्धामा अलिशा श्रेष्ठ क्याटवाक, नीलिमा पराजुली फोटोजेनिक, सुष्मा दीक्षित पर्सनालिटी, पूजा मगर ट्यालेन्ट, आइसा श्रेष्ठ बेस्ट ड्रेस, करिना राजथला बब्ली, सृजना पाखिन भ्युअर च्वाइस तथा सिम्रन सुवेदी वेष्ट स्माइल र पब्लिक च्वाइस विधामा विजेता भए ।

# नेपाल गोल्डेन आइडल

पाँचौ संस्करणको नेपाल गोल्डेन आइडलको सुपर मेघा राउन्ड प्रारम्भ भएको छ । असोज ६ गतेदेखि देशका विभिन्न ठाउँमा अडिसन सञ्चालन गरी छानिएका प्रतिभाबीच प्रतिस्पर्धा गराइने यो प्रतियोगिताको पहिलो चरणको सुपर मेघा राउन्डमा २ सय ५० प्रतिस्पर्धीमध्ये १ सय ५ जना अघिल्लो चरणका लागि छानिए । १२ चरणमा विभाजित यो प्रतियोगितामा गायन विधामा ५ जना तथा नृत्य विधामा ५ जना ग्रान्ड फिनालेका लागि छानिने आयोजक गोल्डेन स्टार मल्टिमिडियाका अध्यक्ष सरन गुरुङले बताए । गोल्डेन आइडलको ग्रान्ड फिनाले आगामी चैत २६ गते पोखरामा हुनेछ ।



# भद्रपुरमा ११ औं किराँत महोत्सव

झापाको भद्रपुरमा ११ औं किराँत महोत्सव जारी छ । किराँत संस्कृतिको संरक्षण एवं सामाजिक एकतामा जोड दिँदै गत पुस २७ गते यो एकमहिने महोत्सव प्रारम्भ भएको हो । महोत्सवमा किराँती परिकारका स्टल, सांस्कृतिक वेशभूषाको प्रर्दशनी एवं राष्ट्रिय कलाकारहरूको प्रस्तुतिसहितका सांस्कृतिक कार्यक्रमहरू सञ्चालन भैरहेको महोत्सव संयोजन समितिका संयोजक जीवन सुब्बाले जानकारी दिए ।





# केलाङ महोत्सवको तयारी

केलाङ सांस्कृतिक समाज पाँचथरको व्यवस्थापनमा फिदिममा अन्तर्राष्ट्रिय केलाङ महोत्सव हुने भएको छ । किराँत-याक्थुङ चुम्लुङसँगको समन्वयमा समाजले फागुन ७, ८ र ९ गते उक्त महोत्सवको आयोजना गर्न लागेको हो । लिम्बू जातिको सांस्कृतिक बाजा 'के' अर्थात् च्याब्रुङ र 'लाङ' (नृत्य) को संरक्षण गर्न यो महोत्सव सञ्चालन गर्न लागिएको हो । केलाङ प्रस्तुतिका लागि लिम्बू बहुल पाँचथर, तेह्रथुम, ताप्लेजुङ, इलाम, धनकुटा, सुनसरी आदि जिल्लाका कलाकार उपस्थित हुनेछन् भने काठमाडौं, ललितपुर, भक्तपुरका साथै भारतको सिक्किम तथा दार्जीलिङका कलाकारहरूलाई समेत आमन्त्रण गरिने बताइएको छ ।

नारायण तुम्बापो

# नारायणपुरमा ज्योतिको धमाका

दाङको नारायणपुरमा आयोजित महोत्सवमा गायिका ज्योति मगरले दर्शकहरूलाई खुबै तताइन् । ज्योति आउने प्रचारले मैदान दर्शकहरूले भरिभराउ थियो । ज्योति मगरले आफ्ना चर्चित गीतहरू प्रस्तुत गर्दा उनीसँगै युवायुवतीहरू पनि नाचेका थिए । महोत्सवमा लोकदोहोरी गायक एवं मोडल सन्दीप न्यौपानेले पनि दर्शकहरूलाई नचाए । यसैगरी महोत्सवमा हास्यकलाकार कमल गाउँले, लोक दोहोरी गायक चन्द्र शर्मा, गायिका कला लम्साल आदि कलाकारको समेत प्रस्तुति समेटिएको थियो । उक्त अवसरमा गायक एवं संगीतकार यादव योगीले पनि आफ्ना गीत प्रस्तुत गरेका थिए । 'कृषि व्यवसाय एवं पर्यटनमा प्रोत्साहन : दिगो अर्थतन्त्रका लागि अमूल्य योगदान' भन्ने नाराका साथ गत माघ १२ गते यो महोत्सव प्रारम्भ भएको हो ।



दुर्गालाल केसी



# मिस्टर एन्ड मिस कलिउड

मिस्टर एन्ड मिस कलिउडमा विभश सुवेदी तथा कृति कार्की विजेता भएका छन् । प्रतियोगितामा रोनित सुवेदी र अस्मिता तामाङ फस्ट रनर्सअप तथा सनम महर्जन र श्वेता पौडेल सेकेन्ड रनर्सअप घोषित भए । मोडलिङ स्कुल नेपालले आयोजना गरेको यो प्रतियोगितामा ह्यान्डसम र ब्युटिफुलमा क्रमशः रोनित सुवेदी र माधुरी गुरुङ, बेस्ट ड्रेसमा सिमान्त सुवेदी र श्वेता पौडेल, बेस्ट वाकमा सुशान्त घिमिरे र अस्मिता तामाङ विजेता छानिए ।


पहिलो विश्व

# झुर ड्रेस सेन्स भएका सेलिब्रेटी

ग्रामीलाई विश्वकै प्रतिष्ठित सांगीतिक एवार्ड मानिन्छ । यो एवार्ड कार्यक्रममा सहभागी हुन पाउनुलाई समेत सम्मानका दृष्टिकोणले हेरिन्छ । यो कार्यक्रममा भाग लिनकै लागि धेरै सेलिब्रेटीले महिना दिनअघिदेखि नै आफूले लगाउने पहिरनको चाँजोपाजो मिलाउँछन् । यद्यपि निकै सजिए पनि कतिपय सेलिब्रेटी हाँसोको पात्र बन्न पुग्छन् । आइतबार सम्पन्न ग्रामी एवार्डमा पहिरनकै कारण आलोचित भएका केही सेलिब्रेटी :







तस्बिरहरू : एजेन्सीहरू

## पर्यटकको हर्कत




कम्बोडिया प्रहरीले त्यहाँ घुम्न पुगेका १० जना पर्यटकलाई यौन आशन झल्कने खेल खेलेको अभियोगमा पक्राउ गरेको छ । विभिन्न देशबाट आएका पर्यटकहरूले कम्बोडियाको लोकप्रिय गन्तव्य अंकोरभाट मन्दिरनजिकको एक पबमा त्यस्तो हर्कत देखाएको बताइन्छ । अश्लील हाउभाउ देखिने किसिमको डान्स गरेको तस्बिरलाई उनीहरूले नै सामाजिक सञ्जालमा अपलोड गरेपछि प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको हो । पक्राउ पर्नेमा अधिकांश बेलायती नागरिक छन् । पक्राउ परेकाहरूले उक्त पार्टीमा १ सयभन्दा बढी व्यक्ति सहभागी भएको जनाएका छन् । प्रहरीले धार्मिक आस्थाको केन्द्र मन्दिर वरिपरि अश्लील क्रियाकलापलाई बढावा दिएका कारण ती पर्यटकलाई पक्राउ गरिएको कुरा बताएको छ ।

## चन्दा माग्दा ज्यान मार्ने धम्की



सबै युवतीले चाहेर मात्र स्तन ठूलो बनाउँदैनन् । कसै-कसैको स्तन नचाहँदा-नचाहँदै पनि ठूलो भैदिन्छ । स्कटल्यान्डकी एक युवतीको स्तन लगातार बढ्न थालेपछि उनलाई समस्या माथि समस्या भएको छ । १३ वर्षको उमेरमै डीडी साइजको स्तन भएकी जस्मिन भ्लासीको स्तन २० वर्ष पुग्दा बढेर ३२ के साइजको भएको थियो । स्तनको आकार लगातार बढेपछि उनले शल्यक्रिया गरेर त्यसलाई घटाउने निधो गर्दै वेबसाइट गो फन्ड मीमार्फत् सहयोगको आव्हान गरिन् । उनले केही व्यक्तिमार्फत १ हजार डलरसमेत प्राप्त गरिन् । यद्यपि अकस्मात् उनलाई स्तन घटाउन चन्दा मागेको निहुँमा ज्यान मार्ने धम्की आउन थाल्यो । उक्त धम्कीले गर्दा आफू मानसिक समस्यामा परेको जस्मिन बताउँछिन् । उपचारका लागि घरौटी राख्न अझै ५ सय डलर नपुगे पनि धम्की आउन थालेपछि उनले आफ्नो आह्वानलाई साइटबाट हटाइसकेकी छिन् ।

## डा. सन्दुक रुइत

# नेपालका ग्लोबल ब्रान्ड



तस्बिरहरू : नवराज बराल

भिषा काफ्ले/जनक तिमिल्सिना

***'हेल्लो नमस्ते !'***

***'नमस्कार को बोल्नुभयो होला ?***

***'म राजदूत मञ्जितसिंह पुरी बोल्दैछु, मैले हजुरलाई जानकारी दिन खोजेको कुरा थाहा पाउनुभयो ?'***

***'मलाई अलि-अलि जानकारी भैसककेको छ, तर प्रष्ट छैन ।'***

***'हामी धेरै भाग्यमानी छौं– तपाईंलाई पद्मश्री जस्तो ठूलो पदकबाट सम्मानित गर्न पाएर । यो हाम्रा लागि ठूलो अवसर पनि हो, किनभने तपाईंले धेरैलाई उज्यालो संसार दिनुभएको छ । यसमा हामी तपाईंप्रति कृतज्ञ छौं ।'***

***'हस् धन्यवाद त'***

मोतीयायाबिन्दुका १ लाखभन्दा बढी बिरामीको आँखाको ज्योति फर्काएका वरिष्ठ आँखा रोग विशेषज्ञ डा. सन्दुक रुइतलाई पद्मश्री सम्मान पाएको जानकारी दिन भारतीय राजदूत पुरीले ११ माघको राति ११ बजे फोन गरेपछिको संवाद हो यो । त्यतिबेला डा. रुइत आफ्ना सबै रुटिङ सकेर ओछ्यानमा पल्टने तरखरमा थिए । विशिष्ट तथा विशेष उपलब्धि हासिल गर्ने व्यक्तिहरूलाई भारत सरकारले प्रदान गर्ने पद्मश्री सम्मान पाएको औपचारिक खबरले एकछिन उनको शरीरमा काँडा उम्रिए, गह्रौं भारी थपिएको महसुस भयो ।

डा. रुइतले एक घण्टा अघिदेखि नै भारतको सुप्रसिद्ध पद्मश्री सम्मान पाएकोमा इमेल तथा म्यासेजबाट बधाई थापिरहेकै थिए तर, ती सबै अनौपचारिक थिए । भारत सरकारको आधिकारिक एजेन्सी प्रेस इन्फर्मेसन ब्युरो अफ इन्डियाले ट्वीटरमार्फत पहिलो पटक यो खबर सार्वजनिक गरेपछि देश-विदेशबाट उनलाई बधाई दिनेहरूको ओइरो नै लागेको थियो । 'राजदूतले नै बधाई दिएपछि सम्मानित भएको रहेछु भन्नेमा कन्फर्म भएँ,' ६३ वर्षीय डा. रुइतले भोलिपल्ट साँझ साप्ताहिकसँगको भलाकुसारीमा भने ।

मोतीयाबिन्दुका कारण आँखाको ज्योति गुमाएका मानिसका लागि सस्तोमा लेन्स (इन्ट्रा एक्युलर लेन्स 'आइओएल') उपलब्ध गराएर ज्योति फर्काउने कार्यका लागि विश्वभर प्रसिद्धी कमाएका यी चिकित्सकले पाएको यो पहिलो अन्तर्राष्ट्रिय सम्मान वा पुरस्कार भने होइन् । यसअघि पनि उनले अन्तर्राष्ट्रिय स्तरका धेरै पुरस्कार तथा सम्मानहरू थापिसकेका छन् । उनले थापेका दर्जनौं पुरस्कार र सम्मानमध्ये धेरैजसोको नाम अहिले उनको डायरीमा सिमित छन् । एसियाको नोबेल पुरस्कार मानिने मेगासेसे, थाइल्यान्डको सबैभन्दा सम्मानित प्रिन्स महिदुल एवार्ड, अल्बर्ट आइन्स्टाइन फाउन्डेसनले प्रदान गर्ने ग्लोबल भिजनरी एवार्ड, वर्ल्ड इकोनोमिक फोरमले दिने सोसल इन्टरप्रेनरसीप एवार्ड, भुटानको नेसनल एवार्डलाई भने उनी सम्झन्छन् ।

डा. रुइतलाई राम्रोसँग थाहा छ, पद्मश्री एवार्डको बेग्लै महत्व छ । 'नेपालको भौगोलिक, ऐतिहासिक तथा सांस्कृतिक संरचनाले गर्दा पनि यो एवार्डले धेरै महत्व राख्छ,' उनी भन्छन्, 'मैले यसअघि पनि धेरै अन्तर्राष्ट्रिय एवार्ड प्राप्त गरे, तर यो एवार्डमार्फत भारत सरकारले सम्पूर्ण नेपालीका लागि विशेष कूटनीतिक सन्देश दिन खोजे जस्तो लाग्छ ।' हालसम्म राजनैतिक तथा कर्मचारीतन्त्रमा सीमित रहेको नेपाल–भारत सम्बन्धलाई यो एवार्ड जनता–जनताबीचको सम्बन्ध विस्तारमा सहयोगी हुने डा. रुइतको विश्वास छ । पद्मश्री एवार्डबाट सम्मानित हुने डा. रुइत दोस्रो नेपाली हुन् । गत वर्ष यही एवार्ड माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले प्राप्त गरेकी थिइन् ।

### तिलगंगाको कथा

सस्तो मूल्यमा गुणस्तरीय आइओएल लेन्स ७० भन्दा बढी देशमा पुऱ्याएर मोतीयाबिन्दुबाट हुने अन्धोपन निवारणमा अतुलनीय भूमिका निर्वाह गरेका डा. रुइत नेतृत्वको तिलगंगा आँखा प्रतिष्ठानलाई विश्वकै नमुना मानिन्छ । सबैजसो वस्तुमा परनिर्भर भैरहेको नेपालजस्तो तेस्रो विश्वको गरिब देशमा निर्मित आइओएल लेन्सले बेलायत, अस्ट्रेलिया, क्यानाडादेखि विकासशील एसिया, अफ्रिका एवं अन्य महादेशका ४० लाखभन्दा बढी नागरिकलाई उज्यालो संसार दिन सहयोगी हुनु आफैंमा गर्वको कुरा हो । सन् १९९७ देखि लेन्स उत्पादन थालेको तिलगंगाले यस बीच ४२ लाखभन्दा बढी लेन्स उत्पादन गरिसकेको छ । सुरुमा दैनिक २ सय उत्पादन हुँदै आएको लेन्सको संख्या अहिले बढेर १ हजार ८ सयसम्म पुगेको छ ।

विश्वबजारमा सस्तो र गुणस्तरीय आइओएल लेन्स उत्पादनका लागि ख्याति कमाएको तिलगंगा आँखा अस्पतालका डा. रुइतले ३८ वर्षदेखि गर्दै आएको कठोर परिश्रमको प्रतिफल हो यो । ७ जुन १९९४ मा तत्कालीन राजा वीरेन्द्र तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई एउटै मञ्चमा राखेर उनले आफ्नो सपनाको बीउ रोपेका थिए तर त्यो बीउ उमार्न पनि उनले थुप्रै अप्ठ्यारा एवं चुनौतीहरू सामना गर्नुपऱ्यो ।

आखिर डा. रुइतको सपनाको यो क्यानभासमा यथार्थको रंग कसरी पोतियो त ? यसलाई पुनःस्मरण गर्न डा. रुइत ८० को दशकतिर फर्किए । सन् १९७९/१९८० मा नेपालमा आँखासम्बन्धी रोगको एउटा ठूलो सर्भे भएको थियो । सर्वेमा उनी जुनियर डाक्टरका रूपमा सिनियर डाक्टरहरूको टोलीसँगै सहभागी थिए । 'त्यस क्रममा मैले मोतीयायाबिन्दुका कारण धेरैले अन्धकारमा जीवन बिताइरहेको थाहा पाए, शल्यक्रिया भैसकेकाहरूको अन्धोपन निवारणमा पनि विभिन्न समस्या थियो,' उनी त्यति बेलाको नेपालमा विद्यमान मोतीयायाबिन्दुको उपचार प्रणालीमा देखिएका समस्याका सम्बन्धमा भन्छन्-त्यो देखेपछि मेरो मनमा हामी आफैं किन मोतीयाबिन्दुको विश्वस्तरीय उपचार दिन सक्दैनौं भन्ने प्रश्न उब्जियो ?'

संयोग नै मान्नुपर्छ नेपालीको मोतीयायाबिन्दु र त्यसको उपचार पद्धतिमा विद्यमान त्रुटिका विषयमा चिन्तित भैरहेकै बेला डा. रुइतलाई भारतको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (एम्स)ले आँखा रोग विशेषज्ञता सम्बन्धी अध्ययनका लागि अवसर उपलब्ध गरायो । एम्सबाट पोष्ट ग्राजुयट गरेर फर्किएपछि उनी नेपालकै डाँडाकाँडा सुहाउँदो मोतीयाबिन्दुको उपचार पद्धतिको अनुसन्धानमा लागे । त्यतिबेला शल्यक्रियामा लेन्स प्रयोग हुँदैनथ्यो, शल्यक्रिया माइक्रोस्कोपिक पनि हुँदैनथ्यो । यो सन् १९८६ तिरको कुरा हो । यो प्रविधि नेपालमा कसरी ल्याउने भन्ने ठूलो चुनौती थियो । त्यसका लागि आवश्यक ठूला–ठूला प्रविधि नेपालमा कसरी भित्र्याउने ? उनी घोत्लिएर सोचिरहन्थे । उति बेला विश्वबजारमा एउटा लेन्सको एक सय डलरसम्म पर्थ्यो । त्यत्रो पैसा तिरेर आँखामा लेन्स राख्नु नेपालीका लागि असम्भवजस्तै थियो ।

यस्तो अवस्था देखेपछि डा. रुइत नेपाल सुहाउँदो उपचार पद्धतिको विकासका लागि थप अनुसन्धान गर्न देशाटनमा निस्किए । उनको साथमा एउटा माइक्रोस्कोप, श्रीमती र बालक छोरा थिए । उनले मेचीदेखि महाकालीसम्म नेपालीपनको उपचार प्रविधिको विकाससम्बन्धी अनुसन्धान गरे । अनुसन्धान सकिएपछि उनको मस्तिष्कमा एउटा सपनाले आकार लियो । त्यति बेला नेपालमा मोतीयाबिन्दुको उपचार गर्दा 'टक्क क्याट्र्याक निकाल्ने र मोटो लेन्स हाल्ने चलन थियो । 'तर, म साथीहरूसँग आँखाको एउटा कुनामा पातलो लेन्स हाल्ने प्रविधिको कुरा गर्थे । धेरै साथीहरू विश्वास गर्दैनथे,' उनले स्मृति पल्टाए । डा. रुइतसँग काम गर्ने धेरैलाई यो अमूर्त सपनाजस्तो लाग्थ्यो । त्यो समयमा उनीहरूलाई त्यस्तो लाग्नु स्वभाविक पनि थियो, किनभने डा. रुइतको त्यो सोच ज्यादै महत्वाकांक्षी र जोखिमपूर्ण थियो । कतिले त खुलेरै भन्थे-यो ठाउँमा यति महत्वाकांक्षी र अमूर्त कुरा किन गर्ने ? कतिले त यति धेरै महँगो प्रविधिका सम्बन्धमा सपना नदेख्न पनि उनलाई सुझाएका थिए । यो कुरा लिएर एउटा टोली तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासम्मै पुगेको थियो । कुनै एउटा सन्दर्भमा कोइरालाले डा. रुइतलाई उनका विरुद्ध पोल लगाउनेहरूको प्रसंग समेत कोट्याएको उनी सम्झन्छन् तर, 'मैले सबैलाई भेला पारेर टेक्नीकल्ली जवाफ दिन र आफ्नो सपना बुझाउन छाडिन्,' उनले पुराना किस्सा खोले ।

भनिन्छ, सपना उसैको पुरा हुन्छ, जसले सपना पूरा गर्ने अभिष्ट राख्छ । डा. रुइतका सन्दर्भमा पनि ठ्याक्कै यही भनाइ लागू हुन्छ । उनी सस्तोमा नेपालीलाई राम्रो आँखा सेवा दिने सपना देखिरहेका थिए, उनमा एकदिन त्यो सपना पूरा गर्न सक्छु भन्ने अठोट थियो । संयोगजस्तै बनेर आइदिए–उनका अष्ट्रेलियन गुरु डा. फ्रेड हलोज । फ्रेड सन् १९८५ मा विश्व स्वास्थ्य संगठनका तर्फबाट आँखामा हुने खस्रे (ट्रकोमा) रोगको विशेषज्ञका रूपमा नेपाल आएका थिए । अनुसन्धान सकिएपछि उनले डा. रुइतलाई आफ्नो अभियानको सहयात्री बनाए । जुन कुरामा डा. रुइत लगभग निराशा भैसकेका थिए, फ्रेडले त्यही कुरामा उनलाई आत्मविश्वासी बनाइदिए ।

'यो अभियानमा डा. फ्रेड निकै आशावादी हुनुभयो र त्यसपछि उहाँसँगको मेरो सहकार्य सन् १९९२ मा उहाँ नवितुन्जेलसम्म कायम रहयो,' डा. फ्रेडलाई सम्झदै डा. रुइत भन्छन्, 'डा. फ्रेड बित्नु अघि उहाँलाई अस्ट्रेलियन अफ दि इयर एवार्डले सम्मान गरिएको थियो ।' डा. फ्रेडले उक्त एवार्डको केही रकम तिलगंगाको जग हाल्न उपलब्ध गराउनुभयो । अफसोच तिलगंगा अस्पतालले आफ्नो सेवा थालनी गर्दा त्यसको जगमा पहिलो इँटा हाल्ने डा. फ्रेडले यो संसार त्यागिसकेका थिए ।

कुनै समय विश्वबजारमा १ सय डलर पर्ने बाक्लो लेन्सलाई विस्थापित गर्न तिलगंगाले बनाएको आँखाको कुनामा हालिने पातलो लेन्सको मूल्य मात्र ४ डलर छ । प्रतिफल प्राप्त गर्न मेहनतमा कन्जुस्याइँ नगर्ने डा. रुइत तिलगंगाको सुरुवाती टिमसँग यो महत्वाकांक्षी मिसनको सफलताको श्रेय बाँडछन् । त्यतिबेलाका बोर्डका सदस्यहरू

स्व. जगदीश घिमिरे, सुन्दर घिमिरे, शम्भु तामाङ, दिवाकर गोल्छा, सुशील पन्त तथा हरिवंश आचार्यले उनको अभियानलाई हृदयदेखि नै साथ दिए। 'राम्रो गर्छुभन्दा राम्रा मानिसहरू पनि जोडिन आइपुग्दा रहेछन्,' डा. रुइतले बताए।

जुन दिन तिलगंगामा डा. रुइतको ड्रिम प्रोजेक्ट प्रारम्भ भयो, उनी औधी उत्साहित थिए तर २४ वर्षको छोटो अवधिमै नेपालजस्तो राजनीतिक अस्थिरता भएको देशमा निर्माण गरिएको नमुना संस्थामा विश्वकै ध्यान केन्द्रित होला भन्ने कुरा भने उनले कल्पनासम्म गरेका थिएनन्। त्यति बेला अलिकति दौडनासाथ एउटा पछि अर्को झमेला ब्यहोर्नुपर्थ्यो। सबैभन्दा ठूलो समस्या स्रोत जुटाउनु थियो। 'हामी ६ महिना त अन्डरग्राउन्ड नै भएका थियौं, ६ महिना पछि एकै पटक हामीले परिणाम देखाइदियौं,' डा. रुइतले जोस्सिँदै सुनाए।

टिमवर्कलाई सफलताको सूत्र मान्ने डा. रुइत नेपालीमा सामूहिकताको विकास नभएकोमा चिन्तित देखिन्छन्। जुनसुकै कामका लागि टिमवर्क पहिलो शर्त हो। टिमसँग नेतृत्वले जति गहिराइमा पुगेर दृष्टिकोण बाँडफाँड गर्न सक्छ त्यति नै सहजताका साथ लक्ष्यको सिँढी चढ्न सकिन्छ भन्ने उनको मान्यता छ। 'तिलगंगा यो अवस्थामा आइपुग्नुको सबैभन्दा ठूलो सूत्र भनेकै टिमवर्क हो,' उनले तिलगंगाको सफलताको कारण खोले, 'लिडरको भिजनलाई भित्रसम्मै मनन गर्ने बनाउन सक्नुपर्छ। यसको सर्टकट छैन।' तिलगंगाको विश्वस्तरीय सफलताका पछाडि यसले गुणस्तरीयतामा सम्झौता नगर्नु पनि हो। तिलगंगाले उत्पादन गर्ने लेन्स बेलायतको एसजीएस कम्पनीबाट सिई मार्क तथा आइओएस सर्टिफाइड छ। 'आइओएल'मा बेलायतबाट आइओएस मार्क प्राप्त गर्ने तिलगंगा दक्षिण एसियाकै तेस्रो अस्पताल हो।

## ड्रिम आई बैंक

तिलगंगाको अर्को सफल कार्यक्रम भनेको आँखाको नानी प्रत्यारोपण पनि हो। आँखा बैंकको कुरा गर्दा उनले एउटा पुरानो रोचक प्रसंग सम्झिए। भएको के रहेछ भने उनले तत्कालीन राजगुरु अम्बिकाप्रसादको दुवै आँखाको अप्रेसन गरेका रहेछन्। पछि अम्बिकाप्रसाद बिरामी भएर वीर अस्पताल भर्ना भएछन्। अप्रेसन गर्ने क्रममा भएको चिनजानका नाताले डा. रुइत उनलाई भेट्न वीर अस्पताल पुगे। उक्त भेटमा रुइतको हात समातेर अम्बिकाप्रसादले भनी हाले, 'अरू सबै काम गर्नु तर घाटमा मान्छे पोल्ने बेला आँखा निकाल्ने काम चाहिँ कहिल्यै नगर्नु है।'

यसले आँखा दानप्रति त्यति बेलाको नेपाली समाजको मनस्थिति कस्तो थियो भन्ने कुराको झलक दिन्छ। यद्यपि रुइत मरेपछि खरानी हुने आँखाको नानी संकलन गरेर अन्धोपन भएकाहरूको संसारमा उज्यालो भर्न चाहन्थे। समाजको संकीर्ण मानसिकताकाबीच खुल्मखुल्ला आँखाको नानी संकलन गर्नु र बैंकमा राखेर अर्काको आँखामा त्यसलाई प्रत्यारोपण गर्न उति सजिलो कुरा थिएन। उनले आँखा बैंक स्थापना गररै छाडे। जतिबेला आँखाको नानी संकलन केन्द्र स्थापना भयो, सबैभन्दा पहिले आर्यघाटको एउटा कुनामा नदेखिने सानो साइजको 'आँखा दान महादान, एकजनाको बलिदानले दुईजनाको जिन्दगी बन्छ भन्ने' साइनबोर्ड राखियो। यो समाजको प्रतिक्रिया हेर्ने पहिलो पहल थियो।

एक हप्तासम्म कुनै प्रतिक्रिया नआएपछि त्यही साइनबोर्ड अलि देखिने ठाउँमा राखियो। मानिसहरूले त्यसमा पनि खासै प्रतिक्रिया दिएनन्। विस्तारै–विस्तारै खुल्ला ठाउँमा ठूलो बोर्ड राखेर प्रचार गर्न थालियो। पहिलो पटक कम्युनिस्ट नेता निर्मल लामाले आँखा दान गरे। त्यसपछि क्रमशः मनमोहन अधिकारी, जगदीश घिमिरेजस्ता व्यक्तित्वले आँखा दान गरे। विस्तारै–विस्तारै यो क्रम बाक्लिँदै गयो। अहिले आँखादान झन्डै-झन्डै रक्तदानकै अवस्थामा पुगेको छ। उनी के ठोकुवा गर्छन् भने नेपाल आँखाको नानी प्रत्यारोपणमा सक्षम छ, कसैको भर पर्नुपर्ने अवस्था छैन। सुरुवाती दिनमा विदेशीले क्रिसमस, न्यू-इयरजस्ता विशेष अवसरमा दान गरेर पठाएका आँखाका नानी लिन उनी एयरपोर्टमा कयौं घण्टा कुर्थे। 'दान गरिएको उक्त नानी ल्याएर रातभर अप्रेसन गर्थें,' कथाझैं लाग्ने यो अनुभवलाई डा. रुइत गर्वका साथ सबैलाई सुनाउँछन्।

## ग्लोबल ब्रान्ड

डा. रुइत आँखाका बिरामी खोज्दै नपुगेको नेपालको कुनै कुना छैन। उनी विकट क्षेत्रहरूमा शिविर चलाएर अस्पतालसम्म पुग्न नसकेर अध्यारो जीवन बिताइरहेकाहरूलाई उज्यालो दिन्छन्। नेपालमा मात्र होइन्, यी डुलुवा डाक्टर एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका देशहरूमा समेत आँखाका बिरामी खोज्दै भौतारिरहेका हुन्छन्।

किन यसरी भौतारिरहन्छ, उनी ? डा. रुइत भन्छन्, 'नेपाली माटोमा यहाँको पाखा पखेराबाट सिकेर तिलगंगामा जुन सिस्टम विकास गरेका छौं। त्यसलाई लिएर नेपालजस्तै कम विकसित देशका नागरिकहरूलाई सस्तोमा ज्योति दिन हिँड्छु।' तिलगंगाले 'सस्तो मूल्यमा गुणस्तरीय उपचार' दिन सकिन्छ भन्ने प्रणालीको विकास गरेको छ। त्यसलाई विकाशोन्मुख देशहरूले खोजिरहेको आवश्यकतालाई नेपालले पूरा गर्न सहयोग गरिरहेको उनी बताउँछन्।

सबैभन्दा महत्वपूर्ण कुरा यसले केही मात्रामा भए पनि नेपाललाई 'ग्लोबल ब्रान्ड' बनाउन र आर्थिक रूपमा टेवा पुर्‍याउन सहयोग गरिरहेको छ। नेपाली प्रविधि साउथ टु साउथको अपरेसनका लागि प्रभावकारी हुने उनको दाबी छ। 'इथियोपियाजस्तो विकाशोन्मुख देशमा अमेरिकाले विकास गरेको सिस्टमले काम गर्दैन। त्यहाँ नेपालमा विकास भएको सिस्टम बढी प्रभावकारी सावित भएको छ,' उनी विदेशमा शिविर चलाउदैं हिँड्नुको कारण खोल्छन्। डा. रुइतले यसैका लागि म्यानमार, इण्डोनेशिया, उत्तर कोरिया, चीन, भियतनाम, ल्याटिन अमेरिका तथा अफ्रिकाका विभिन्न देशमा शिविर सञ्चालन गर्दैं आएका छन्।




डा. रुइतले विकास गरेको प्रविधिले विश्वमा अलग्गै 'नेपाली ब्रान्ड'को पहिचान स्थापित गरेको छ। यसैमा उनलाई सबैभन्दा ठूलो गर्व छ। 'त्यहाँ गर्व गर्ने कुरा यो नेपालबाट आएको प्रविधि हो भनेर प्रचार हुन्छ। त्यहाँ नेपाली झन्डा फहराउँछ,' डा. रुइत गर्विलो देखिन्छन्, 'हामीले देशलाई दिन सकेको योगदान पनि यही त हो नि।'

शिविर लिएर डुलिरहने यी डाक्टरमा म्यानमारप्रति भने बिछट्टै लगाव देखिन्छ। त्यसको एउटा विशेष कारण छ- म्यानमारका नेपालीहरू आत्मसम्मानका साथ बस्नु र उनीहरूले डा. रुइतप्रति दर्शाउने माया। करिब साढे ३ लाख नेपाली बसोबास गर्ने म्यानमारमा नेपालीहरूको स्टाटस भारतीयहरूभन्दा माथि छ। म्यानमार पुग्दा आफू नेपाली भएकामा गर्व अनुभव हुन्छ। 'अरू ठाउँमा नेपालीहरू के गर्छन सबैलाई थाहा छ। म्यानमारका प्रायः सबै नेपाली प्रतिष्ठित छन्। केही न केही काम गरेर बसेका छन्। देशको इज्जत जोगाएका छन्। त्यहाँ रामबहादुर नामका एक राष्ट्रिय फुटबलर थिए। उनलाई म्यानमारमा हिरो मानिन्छ,' उनी आफ्नो म्यानमार प्रेमका सम्बन्धमा भन्छन्, 'यस्तै कुरा देखेर मलाई त्यहाँ पुग्दा सदैव गौरव महसुस हुन्छ।' डा. रुइत म्यानमारका नेपालीहरूले आफूलाई गरेको सहयोगप्रति पनि उत्तिकै अनुग्रहित छन्।

## मेरो परिवार, मेरो दैनिकी

सुदूरपूर्वको हिमाली गाउँ ओलाङचुङगोला तमोर नदीको सिरान हो। १० हजार फिट उचाइमा पर्ने ओलाङचुङगोलामा उनी जन्मिदा त्यहाँ २ सयजति घर थिए। अहिले त्यही तमोरको बाढीले उनी जन्मिएको परम्परागत बस्ती उजाडिसकेको छ। अहिले त्यहाँ ५०/६० वटा जति मात्र घर छन्।

७ वर्षको उमेरसम्म चौरीको पुच्छर निमोठ्दै हिँडेका डा. रुइत उतिबेला १५ दिन हिँडेर दार्जिलिङ पुगी कक्षा १ मा भर्ना भएका थिए। त्यो उमेरमा भर्ना भएका उनलाई यो अवस्थामा आइपुग्छु भन्ने कल्पनासम्म थिएन। कहिलेकाहीं पछाडि फर्किएर हेर्दा डा. रुइत आफैंलाई अचम्म लागेर आउँछ। 'मान्छेले इमान्दारिता, प्रतिबद्धता, कडा परिश्रम र दृढ इच्छाशक्तिलाई समेट्ने सक्यो भने भाग्य, मौका र संगति आफैं प्राप्त गर्ने रहेछ,' डा. रुइत भन्छन्, 'यसले जस्तोसुकै कठिनाइका पहाड फोर्न सकिन्छ भन्ने मेरो जीवनको सबैभन्दा ठूलो सिकाइ हो।'

९३ वर्षीय बुवा, दुई छोरी, एक छोरा तथा श्रीमतीका साथ काठमाडौंको स्वयम्भूमा बस्दै आएका डा. रुइत दक्षिण एसियाली समाजका मानिसको सबैभन्दा ठूलो शक्ति परिवार भएको बताउँछन्। 'परिवार भनेको हाम्रो एसियाली संस्कृतिको ठूलो हिस्सा हो। हामी परिवार हुर्काउन जति दुःख गर्छौं परिवारले हामीलाई त्यति नै राम्रो कुरा दिन्छ,' डा. रुइत भन्छन्, 'एसियालीहरूको एउटा प्रमुख शक्ति नै परिवार हो। हाम्रो कमजोरी र बल दुवै परिवार हो।'

फुर्सदको धेरैजसो समय परिवारसँगै बिताउने डा. रुइत कहिलेकाहीं संगीतमा पनि रमाउँछन्। नारायण गोपाल, बच्चु कैलाश, अरुणा लामा, मोहम्मद रफी तथा लता मंगेशकर उनका प्रिय गायक/गायिका हुन्। समय उति नहुने भए पनि उनी अक्सर पुस्तक पढ्छन्। बायोग्राफी उनको रोजाइमा पर्छ। कहिलेकाहीं विवादास्पद व्यक्तिहरूका बारेमा लेखिएका पुस्तकले पनि उनलाई तान्छ। उनले पढेकामध्ये सबैभन्दा मनपरेको पुस्तक नेल्सन मण्डेलाको बायोग्राफी हो। डा. रुइत मुड चल्दा परिवारसँग चलचित्र हेर्न हलसम्म पनि पुग्छन्। उनी अहिलेसम्म सपिङमा भने निस्किएका छैनन्। उनका लागि आवश्यक किनमेल प्रायजसो श्रीमतीले नै गर्छिन्। 'त्यसको साटो मैले उनलाई माया दिएको छु' डा. रुइतले रोमान्टिक हुँदै भने।

अनुशासित जीवन रुचाउने डा. रुइतको दैनिकी पनि अनुशासित नै छ। बिहान साढे चार बजे ओछ्यान छोडिसक्ने उनी डेढ घण्टा व्यायाम गर्छन्। घर स्वयम्भू नजिक भएको हुँदा त्यहाँका सिँढीले उनको व्यायामको एक डोज पूरा गर्छन्। व्यायाम सकेपछि २० मिनेट इमेल-इन्टरनेट चेक गर्छन्। कहिलेकाहीं स्काइपबाटै देशविदेशमा चलिरहेका कन्फ्रेन्सहरू एटेन्ड गर्छन्। त्यसपछि उनी तिलगंगा अस्पताल पुग्छन्। बिरामी हेर्ने आदि नियमित काम तथा बैठकहरूमा सहभागी हुन्छन्। बेलुका उनी नागपोखरीस्थित आफ्नो क्लिनिकमा बस्छन्।

खानपिनमा पनि उतिकै सजग छन्- डा. रुइत। साधारणतयाः बिहान साढे सात बजेतिर ब्रेकफास्ट खान्छन्। लन्च भने अस्पतालमै लिएर जान्छन् जसमा फलफूल, रोटी, तरकारी आदि हुन्छन्। लन्चका साथमा उनी कालो चिया पनि पिउँछन्। बेलुकाको खाना प्रायः घरमै खान्छन्, जसमा रोटी, तरकारी, मासु ढिडो, फापरको रोटी, सुप तथा ब्रेड हुन्छ। अलि पेट लागेका कारण उनलाई श्रीमतीले भात खान प्रतिबन्ध लगाएकी छन्, त्यसैले बेलुकाको खानामा प्रायः रोटी नै हुन्छ।


मानिसहरूको आँखाको ज्योति फर्काउनु उनको दैनिकी हो। अन्धोपन बेहोरिरहेको मानिसले संसार देख्न सक्नुजतिको ठूलो खुसी अरू केही पनि हुँदैन्। अरूको आँखामा प्रकाश दिएर रंगीन दुनियाँको मनोरम दृश्य देखाउने डा. रुइतका लागि जीवनकै सर्वाधिक खुसीको क्षण कुन होला ? हामीले लामो कुराकानीको बिट मार्ने सन्दर्भमा उनीसँग सोध्यौं। 'सन् १९९४ जुन ७। तिलगंगा आँखा अस्पतालको उद्घाटन भएको दिन मेरा लागि जिन्दगीकै सबैभन्दा खुसीको दिन हो। त्यस्तो कठिन मेहनतपछि अस्पताल सञ्चालनमा आयो त्यो जति खुसी म कहिल्यै भएको छैन,' उनले आफ्नो अनुपम खुसीको क्षण साटे, 'स्वर्गीय राजा वीरेन्द्र तथा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एउटै मञ्चमा बसेर उद्घाटन गर्नुभएको थियो। त्यो बेला मेरा सहकर्मीहरू सहित मेरो मुहारमा देखिएको खुसी हेर्न लायक थियो।'

अपराध

# अस्ट्रेलियामा घटेको विवादास्पद हत्याकाण्ड

नारायण खड्का





यही जनवरीको १९ मा अस्ट्रेलियाका विभिन्न सञ्चारमाध्यमले एक नेपाली युवा ब्राजिल गुरुङले आफ्नी बेलायती प्रेमिकाको हत्या गरेर आफूले आत्महत्या गरेको खबर सार्वजनिक गरे । नेपालीहरू बाक्लै बस्ने सिड्नीको न्युटाउनमा घटेको उक्त घटनालाई नेपाली समुदायले पूर्णतः विश्वास त गर्न सकेन नै, उनको परिवारले समेत ब्राजिल त्यस्तो चरित्रको नभएको भन्दै उक्त समाचारमा सत्यता नभएको गुनासो गर्‍यो ।

अस्ट्रेलियन प्रहरीले उनीहरूको मृत शरीर शुक्रबार साँझ करिब ५:३० बजे प्रहरीले फेला पारेको थियो । ब्राजिल बसोबास गर्दै आएको युनिटमा फेला परेको उनीहरूको शवलाई प्रहरीले थप अनुसन्धानका लागि लिएर गएको थियो । उनीहरूको मृत्यु वा हत्याका सम्बन्धमा प्रहरीले अहिलेसम्म कुनै रिपोर्ट सार्वजनिक गरिसकेको छैन, तर यहाँका सञ्चारमाध्यमहरूले भने यसलाई 'सुसाइड मर्डर' भनेपछि परिवारले त्यसमा आपत्ति जनाएको छ । परिवारका तर्फबाट ब्राजिलकी दिदी सोनु गुरुङद्वारा जारी विज्ञप्तिमा जुन किसिमले समाचारहरू सार्वजनिक भए त्यसमा सत्यतथ्य नभएको उल्लेख गरिएको छ भने प्रहरीले अनुसन्धान गरिरहेकाले घटनाको यथार्थता चाँडै सार्वजनिक हुने विश्वाससमेत लिइएको छ ।

ब्राजिल गुरुङ सन् २०१४ मा डिपेन्डेन्ट भिसामा अस्ट्रेलिया आएका थिए । उनी विवाहित भए पनि श्रीमतीसँग अलग बसोबास गर्दै आएका थिए । गुरुङ स्थानीय एक रेस्टुराँमा मुख्य सेफका रूपमा काम गर्थे । केटी साथीहरूसमेत भएका ब्राजिलको सोही रेस्टुराँमा काम गर्ने बेलायती युवती एमेलिया ब्लेकसँग नजिकको सम्बन्ध थियो । प्रहरीले उनलाई तिनै युवतीसँग मृत अवस्थामा फेला पारेको थियो । सञ्चारमाध्यमहरूको दाबीअनुसार उनीहरूको जोडी उक्त युनिटमा केही महिनादेखि सँगै बस्दै आएको थियो भने उनकी 'गर्लफ्रेन्ड' भनिएकी ब्लेक अस्ट्रेलिया छाडेर बेलायत नै फर्कने कुरा थाहा पाएपछि ब्राजिलले उनको हत्या गरेर आफूले पनि आत्महत्या गरेका थिए ।

सञ्चारमाध्यमहरूले मृतकहरूले काम गर्ने रेस्टुराँकी म्यानेजरलाई उद्धृत गर्दै ब्राजिल लागूपदार्थ सेवन गर्ने र आर्थिक समस्यामा परेको बताएका छन्, तर परिवारद्वारा सार्वजनिक गरिएको विज्ञप्तिमा सञ्चारमाध्यमहरूद्वारा भनिएजस्तो उनी लागूपदार्थको सेवनकर्ता तथा आर्थिक समस्यामा रहेको आफूलाई थाहा नभएको बताइएको छ । बाज्रिलले काठमाडौंमा लागूपदार्थबाट पीडितहरूलाई सहयोग गर्न पुनःस्थापना केन्द्र सञ्चालन गरिरहेको उनको पारिवारिक सूत्रहरू बताउँछन् । गुरुङको शवमा दुवै हातखुट्टा र घाँटीमा चोटका निसानहरू देखिएको बताउँदै उनी आफैं पनि पीडित भएको दाबी परिवारको छ । प्रहरीले यो अनुसन्धान पूरा हुनुअघि नै यसलाई 'मर्डर सुसाइड' भनेर गरेको आशंकाले परिवारको घाउमा थप नुन छर्किएको उनीहरूको गुनासो छ ।

मृतककी दिदी सोनु गुरुङले घटना रहस्यमय भएको बताउँदै यहाँका सञ्चारमाध्यमहरूले एकोहोरो समाचार प्रस्तुत गरेकोमा दुःख व्यक्त गरेकी छिन् । उनका अनुसार ब्राजिलकी इने नाम गरेकी पूर्वप्रेमिकाले उनलाई फोन गरेर मृतक गुरुङ तनावमा रहेको जानकारी दिएकी थिइन् । दिदी सोनुले आफ्नो भाइसँग सम्पर्क गर्दा सम्पर्क नभएपछि तिनै पूर्वप्रेमिकालाई घरमा गएर हेरिदिन आग्रहसमेत गरेकी थिइन्, तर साँझ प्रहरीले गुरुङसहित उनकी कथित बेलायती प्रेमिकाको शव उनको कोठामा फेला पारेको थियो ।

घटनामा नेपाली युवालाई मात्र दोषी देखाइएकोमा यहाँको नेपाली समुदायसमेत दुखित छ । घटनाको सत्यतथ्य खोजेर मात्र समाचार सार्वजनिक गर्नुपर्नेमा त्यसो नगरिएको उनीहरूको भनाइ छ । एनआरएन अस्ट्रेलियाका उपाध्यक्ष तथा न्यू साउथ वेल्स संयोजक नन्द गुरुङले सत्यतथ्य पत्ता लागिसकेपछि मात्र कसैलाई दोषी भन्नुको साटो अनुमानका भरमा काम गरिएको बताए ।

घटनामा नेपाली युवालाई मात्र दोषी बताइएपछि सिड्नीस्थित अवैतनिक महावाणिज्यदूत दीपक खड्काले पहिलो पटक समाचार प्रकाशन गर्ने संवावदातालाई आधारहिन समाचार लेखिएकोमा सचेत गराउँदै कानुनी प्रक्रियामा जाने चेतावनीसमेत दिएका थिए । उनले पक्का प्रमाण र कोरोनरको रिपोर्ट आउनुअघि नै अनुमानका भरमा समाचार नलेख्न आग्रह पनि गरेका थिए ।

यता, प्रेस विज्ञप्तिमा परिवारका तर्फबाट उनकी दिदीले आफ्नो भाइ खराब व्यक्ति नभएको र उनले अहिलेसम्म कसैलाई पनि हानि नपुर्‍याएको दाबी गरेकी छिन् । गुरुङले आफ्नो भाई आर्थिक समस्यामा रहेको कुरा आफूहरूलाई जानकारी नभएको बताएकी छिन् । विज्ञप्तिमा केही महिला आफ्नो भाइको अवस्थाका बारेमा चिन्तित रहनु, उनी साथीभाइबीच प्रसिद्ध रहेको र यसले प्रहरीलाई अनुसन्धानमा सहयोग पुर्‍याउन सक्ने कुरासमेत बताइएको छ । अर्कातिर आफूहरू अस्ट्रेलियन नागरिक नभएकाले प्रहरीले अनुसन्धानमा आफ्ना स्रोतहरू बचत गर्न खोजेको हुन सक्ने आरोपसमेत लगाइएको छ ।

पछिल्लो समयमा विभिन्न कारणले नेपालीहरूको मृत्यु हुने क्रम बढेसँगै यहाँका नेपालीहरूमा चिन्ता बढ्दै गएको छ । घटनाको सत्यता प्रहरीले आफ्नो अनुसन्धान सकेपछि र कोरोनरको रिपोर्ट आएपछि मात्र पत्ता लाग्ने भए पनि ब्राजिललाई नै एकतर्फी रूपमा हत्यारा र दोषी देखाउनु न्यायसंगत नभएको यहाँका नेपालीहरूको भनाइ छ । ब्राजिल ह्यान्डसम र सबैसँग खुलेर बोल्ने भएकाले उनका साथीहरू धेरै भएको समाचारहरूले समेत प्रस्ट पारेका छन् भने उनकी श्रीमतीसँग पारपाचुके भएको थियो कि थिएन, प्रस्ट बताइएको छैन, तर उनी आफ्नी श्रीमतीसँग केही महिनादेखि अलग बस्दै आएका थिए ।

घटनाका बारेमा थप जानकारी लिन मृतककी दिदी सोनु गुरुङलाई पटक-पटक फोन गरिए पनि सोनु आफैं सम्पर्कमा आउन चाहिनन् । यो घटनाको यथार्थ बाहिर आउन अझै केही समय लाग्ने बताइएको छ ।


# छिटो पैसा कमाउन अवैध हुन्डीको धन्दा

मोरङ प्रहरीले दुई महिनाको अवधिमा विराटनगरबाट हुन्डीको कारोबार गर्ने मुख्य नाइकेसहित १० जनालाई पक्राउ गरेपछि त्यस्ता व्यक्तिहरू चाँडै पैसा कमाउने उद्देश्यअनुरूप उक्त धन्दामा लाग्ने गरेको प्रहरीले खुलासा गरेको छ ।

पैसाको स्रोत खुलाउन नपर्ने र भनेका बेला एजेन्टमार्फत अन्तर्राष्ट्रियस्तरमा सजिलै पैसा पठाउन सकिने भएकाले अवैध रुपमा हुन्डी धन्दामा लाग्ने गरेको प्रहरीको अनुसन्धानमा देखिएको हो । जिल्ला प्रहरी कार्यालय, मोरङले सादा पोसाकमा विशेष प्रहरी परिचालन गरी गत बिहीबार विराटनगरको केशलिया मार्गबाट ३६ लाख रुपैयाँसहित ४ जना हुन्डी कारोबारीलाई फक्राउ गरेको थियो । यसअघि हुन्डीको कारोबार गर्ने मुख्य अभियुक्त अनुपचन्द सेठियासहित ६ जनालाई विराटनगरबाटै ८६ लाख रुपैयाँसहित पक्राउ गरेपछि मोरङ प्रहरीले हुन्डीका कारोबारीहरू विरुद्ध आफ्नो सक्रियता बढाएको हो ।

पक्राउ पर्नेहरूमा विराटनगर-७ का १९ वर्षीय सुदर्शन साह, विराटनगर-११ का २४ वर्षीय निरन्जन कुमार साह, सोराभाग-८ घर भै हाल विराटनगर-६ बस्ने ४१ वर्षीय सन्तोषकुमार रौनियार तथा विराटनगर-१७ का २८ वर्षीय साकिब आलम छन् । पक्राउ परेकामध्ये रौनियार गिरोहका नाइके हुन् । उनीहरूबाट प्रहरीले ३६ लाख १८ हजार २ सय ५० रुपैयाँ, एयरटेल कम्पनीको भारतीय सिमकार्ड १ थान तथा विभिन्न कागजातसमेत बरामद गरेको छ ।

पक्राउ परेका अभियुक्तहरूलाई सम्पत्ति शुद्धीकरणअन्तर्गत मुद्दा चलाइने मोरङका प्रहरी प्रमुख एसपी अरुणकुमार बिसीले बताए । 'अवैध हुन्डीका कारोबारी र ठूलो परिणाममा नगद फेला परेको छ,' मोरङका एसपी विसीले भने, 'अहिलेसम्म उक्त सम्पत्तिको स्रोत खुलेको छैन ।' एसपी बिसीका अनुसार यो गिरोह भारतका विभिन्न ठाउँमा हुन्डीमार्फत पैसा पठाउन सक्रिय थियो । भारतमा पैसा पठाउन यो गिरोहले यहाँ नगद संकलन गर्ने र सम्बन्धित ठाउँमा पुर्‍याउने काम गरेको देखिन्छ ।



विराटनगर क्षेत्रमा ठूलै संख्यामा अवैध रुपमा हुन्डीको कारोबार भैरहेको प्रहरीले बताएको छ । 'छोटो समय अवधिमा फरक -फरक मितिमा हुन्डीको मुख्य गिरोहसहित कारोबारीहरू पक्राउ परेका छन्,' एसपी बिसी भन्छन्, 'विराटनगर क्षेत्रमा हुन्डीको कारोबार गर्ने गिरोह भित्री रूपमा अझै सक्रिय हुन सक्ने अनुसन्धानले देखाएको छ ।'

प्रहरीले गत १ मंसिरमा हुन्डीको कारोबार गर्ने विराटनगरको एउटा अर्को ठूलो गिरोह सार्वजनिक गरेको थियो । उक्त गिरोहमा विराटनगरका व्यापारी अनुपचन्द सेठिया संलग्न थिए । सेठिया हाल विराटनगर कारागारमा छन् ।

### यसरी पक्राउ परे कारोबारी

हुन्डीको कारोबार गर्ने व्यापारी अनुपचन्द सेठियालाई प्रहरीले पक्राउ गरेपछि विराटनगरमा अझै अवैध रुपमा हुन्डीको कारोबार भैरहेको मोरङ प्रहरीलाई भरपर्दो सूचना प्राप्त भयो । प्रहरीले तत्काल हुन्डी कारोबारीहरूलाई पक्राउ गर्ने योजना बनायो । अवैध हुन्डी कारोबारीलाई नियन्त्रणमा लिन मोरङ प्रहरीले प्रहरी निरीक्षक सुवास भट्टराईको नेतृत्वमा सादा पोसाकका प्रहरी परिचालन गर्‍यो । हुन्डी कारोबारीहरूले सन्तोष कुमार रौनियारले भाडामा लिएको घरको कोठामा कार्यालय राखेर अवैध रूपमा कारोबार गरिरहेका थिए । उक्त घरमा निगरानी राख्दै प्रहरीले घेराबन्दी गर्‍यो । प्रहरीले मुख्य अभियुक्त रौनियारलाई पैसा मिलाइरहेको अवस्थामा र सुदर्शन साह तथा साकिब आलमलाई पैसा लिएर उक्त घरबाट बाहिर निस्किरहेको अवस्थामा विराटनगर-११ केशलिया मार्गस्थित कन्हैया गुप्ताको घरको गेटबाट पक्राउ गरेको थियो ।

अनिल श्रेष्ठ



KMG
MI
Presents
Radio Kantipur
National MUSIC awards 2074
Powered by
Crompton
Mi A1
Picture Perfect Dual Camera
Optical Zoom Dual Camera
4 GB RAM - 32/64 GB ROM
5.5" FHD Display
YONDER MUSIC Presents
Peoples Choice Award
Categories
80 NOMINEES
15 CATEGORY AWARD
1 LIFETIME ACHIEVEMENT AWARD
1 PEOPLES CHOICE AWARD
वर्षको उत्कृष्ट आधुनिक गायक
वर्षको उत्कृष्ट गीत
वर्षको उत्कृष्ट नव कलाकार
वर्षको उत्कृष्ट गीतकार
वर्षको उत्कृष्ट आधुनिक गायिका
वर्षको उत्कृष्ट लोक गायक
वर्षको उत्कृष्ट पिपल्स च्वाइस अवार्ड
वर्षको उत्कृष्ट पप गायिका
वर्षको उत्कृष्ट एल्बम
वर्षको उत्कृष्ट लोक गायिका
वर्षको उत्कृष्ट पार्श्व गायिका
वर्षको उत्कृष्ट राष्ट्रिय गीत
वर्षको उत्कृष्ट सांगीतिक समूह
वर्षको उत्कृष्ट संगीत निर्देशक
वर्षको उत्कृष्ट पार्श्व गायक
वर्षको उत्कृष्ट पप गायक
माघ २६ गते, २०७४ (9th Feb, 2018)
LIVE ON
In Association with
RUSLAN 100% PURE MUSIC
Career Partner
merojob
Medical Partner
Insurance Partner
नेको इन्स्युरेन्स लि. Neco Insurance Ltd.
Celebration Partners
City Express
goodlife
Education Partner
AECC GLOBAL
Digital Wallet Partner
khalti
Telecom Partner
Nepal Telecom
Ticketing Partner
SASTO TICKETS
Hotel Partner
CROWNE PLAZA

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

### मेष

पारिवारिक वातावरण खलबल्याउन नातेदारहरू नै पछि लागेको अवस्था छ, जसले व्यक्तिगत छविमा समेत असर पुऱ्याउन सक्छन् । अध्ययनका क्षेत्रमा देखिएको दोधारे मनोवृत्ति स्वतः अन्त्य हुनेछ । यात्राको अवसरसँगै चुनौतीहरूसमेत सामना गर्नुपर्ने हुन सक्छ ।

### वृष

तपाईंको लगनशिलतालाई भित्रभित्रै मन पराइएको अवस्था छ । प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । अभिभावकको सुझाव मुताबिक निर्णय लिनुमै आफ्नो कल्याण छ । स्वरोजगारीका निम्ति दौडधुप गर्नुपर्ने हुन सक्छ । कर्मचारीवर्गका निम्ति अन्य नयाँ अवसर जुट्ने सम्भावना छ ।

### मिथुन

मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ । जालझेल गरी आफूलाई प्रभावित तुल्याउने प्रयास हुनसक्छ, सचेत रहनुहोला । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ । साताको अन्त्यमा खानपानको फेरबदलले स्वास्थ्य प्रतिकूल बनाउन सक्छ ।

### कर्कट

पुर्ख्यौली धन लगानी गरी प्रारम्भ गरिएको व्यवसाय मौलाउने स्थिति छ । अर्काको काममा समय खर्च गर्नुपरे पनि जस भने नमिल्न सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । सेतो रंग तथा पश्चिमतर्फको यात्राले आफूलाई प्रफुलित तुल्याउनेछ ।

### सिंह

सामाजिक मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला । सोम तथा मङ्गलबार आफन्तहरूसँग मनमुटाव सिर्जना हुनसक्छ । आर्थिक पक्ष सबल हुँदै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ । मन पराएको बहाना गर्नेहरूले झुक्याउन सक्छन्, सचेत रहनुहोला ।

### कन्या

भावी योजना तर्जुमा गर्न समय खर्चनुपर्ने अवस्था छ । धन प्राप्तिका निम्ति पेसा व्यवसाय एवं स्थान परिवर्तन हुन सक्छ । नयाँ सवारी साधन खरिद गर्ने वातावरण केही समय पछाडि धकेलिन सक्छ । साताको अन्त्यमा परिवारका सदस्यहरूसहित मांगलिक कार्यमा उपस्थिति भइनेछ ।

### तुला

प्रेमिकाको सहयोगमा धन आर्जन गर्न सकिनेछ । रोजगारीसहित विदेश भ्रमणको अवसर प्राप्त हुने सम्भावना छ । जोडी नम्बरको सवारी साधनले विशेष फाइदा पुर्‍याउन सक्छ । गणेशको आराधना गर्दा विघ्नहरू समाप्त हुनेछन् । राति अबेरसम्मको यात्रा गर्दा होसियारी अपनाउनुहोला ।

### वृश्चिक

ब्रह्म मुहूर्तमा भगवान्‌को स्मरण एवं योग ध्यान गर्दा मानसिक तनाव कम हुनेछ । कार्यक्षेत्रमा झिनामसिना व्यवधान आइलाग्न सक्छन् । आकस्मिक निमन्त्रणामा सहभागी भै मिष्ठान्न भोजन गर्दा स्वास्थ्यको ख्याल गर्नुपर्नेछ । सुनौलो रंगको पहिरनले राम्रै उपलब्धि हात लगाउने सम्भावना छ ।

यो साता

माघ २१गते

अर्बुदरोग निवारण दिवस
कुष्ठरोग निवारण दिवस

### धनु

भ्रमण खानपान तथा फेसनमा धन खर्च हुनेछ । योजना कार्यान्यनमा ढिलाइ गर्नाले आफैंपछि परिनेछ । नगद सापटी लिएका आफन्तहरूले वचन पूरा नगर्दा आर्थिक संकट आइलाग्न सक्छ । परिणाममुखी कार्य सम्पन्न गर्न ढिला हुनेछ । साताको अन्त्यमा परोपकारी कार्यमा संलग्न भइनेछ ।

### मकर

अभिभावकले स-साना त्रुटि औंल्याउँदा मन खिन्न हुनेछ । मेहनतपूर्वक गरिएको काममा अपजस आइलाग्दा मनमा निराशाले डेरा जमाउनेछ । टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ । साताको अन्त्यमा पूर्वतर्फको यात्रा गर्न सके फलिफाप हुनेछ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ ।

### कुम्भ

क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । वैदेशिक क्षेत्रमा गरिएका कार्यले अनन्तः फाइदा नै पुऱ्याउनेछ । साताको अन्त्यमा प्रेम प्रस्ताव प्राप्त हुने सम्भावना छ । मनोरञ्जक क्रियाकलापमा सहभागी हुन पाइनेछ ।

### मीन

होसियारीपूर्वक गरिएका कार्यबाट प्रर्याप्त आर्थिक लाभ लिन सकिनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । विश्वासपात्रलाई वचन दिदा संयम अपनाउनुहोला । बाहिरी खानपान तथा मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । साताको अन्त्यमा भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्न सक्छ ।

अब हाम्रो पालो

# नेपालमा भ्रष्टाचारमुक्त क्षेत्र कुन होला ? किन ?

मसानघाटको दाउरा खरिद-बिक्रीमा पनि भ्रष्टाचार हुने देशमा कुन क्षेत्र भ्रष्टाचारमुक्त छ भन्नु खै ?

**राम पौडेल**

सरकार नै भ्रष्ट्र भएको देशमा अरू कुरा गरेर हुन्छ ? कस्तो प्रश्न गरेको ?

**आरडी खप्तडी बस्नेत**

देशका सबै निकायमा काम गर्नेहरू भ्रष्ट्र छन् ।

**युरिकराज नेपाली**

ठाउँ भनेको हो कि सरकारको स्वामित्व रहेको क्षेत्र भनेको हो ? कुरा स्पष्ट रूपमा बुझ्न सकिएन । यदि सरकारको दायराभित्रको क्षेत्र भन्न खोजेको भए ऊर्जा मन्त्रालय हुनुपर्छ । तत्कालका लागि कुलमानजीको कार्यकालपछि त्यो अवस्था आएको हो ।

**काजी दीपक बस्नेत**

अहिलेको विश्वको सबैभन्दा हाँसोउठ्दो प्रश्न ! माफ गर्नुहोला, उत्तर चैं आएन मलाई ।

**दीपराज राई**

म पनि त्यही त्यही क्षेत्रको खोजीमा छु ।

**मगर मास्की मिन**

संसद् भवन भन्नुहुन्थ्यो नि, तर मेरो कुरा कसले पत्याउला र ?




**सरिफ केटा**

जीवनबाट उन्मुक्त क्षेत्र नै होला ?

**शमशेर**

हाल नेपालमा यस्तो ठाउँ खोज्नु मुर्खताजस्तो लाग्छ मलाई ।

**दीपक**

कुनै पनि छैन ।

**सागर श्रीस्टार**

गरिब दुःखीको मायाबाहेक सबै क्षेत्रमा भ्रष्टाचारी छन् ।

**जीवन आचार्य श्रेष्ठ**

मसानघाट हुन सक्छ ।

**राज ठकुरी**

साह्रै कठिन प्रश्न सोध्नुभयो हजुर ।

**प्रसाद भट्टराई**

नेपालको सन्दर्भमा यो प्रश्न उचित नहोला कि ?

**कैलाश भुजेल**

सबै क्षेत्र घुसखोरहरूले भरिएको छ ।

**अर्जुन क्षेत्री**

भए पो दिनु उत्तर, भन्न कठिन छ हजुर ।

**प्रकाश अधिकारी**

शिक्षण पेसा ।

**झलक अर्याल**

मेरो घर नै होला भ्रष्टाचारीमुक्त ठाउँ । अरू त कहाँ होला र हजुर ?

**लुंगा ऋतुराज सुब्बा**

देउवा, ओली अनि प्रचण्डहरूसँग सोध्नु न नेपालमा यस्तो ठाउँ कहाँ छ भनेर ।

**सुशील**

मैले उनलाई गर्ने मायाको क्षेत्रबाहेक अरू सबैतिर भ्रष्टाचार छ ।

**नवीन संकल्प**

यही प्रश्न मैले तपाईंसँग गरें भने तपाईंको जवाफ के आउँछ ?

**सुमन अधिकारी पुष्प**

युवाहरू विदेश गएर हो, नेताहरूले भ्रष्टाचार गरेको ।

**समीर गुरुङ**

सबै कार्यालय, जहाँ असल मानिसहरू काम गर्छन् ।

**नीति**

कुन होला र हौ ? अब साप्ताहिक भ्रष्टाचार उन्मूलन गर्न लागि पर्ने भयो कि क्या हो ?

**परमदा पौडेल**

छँदै छैन, त्यस्तो ठाउँ भन्न त मन थियो तर के गर्नु ? कसले कुन बेला कस्तो पोस्ट गर्छ र मुद्दा हाल्न पाउँछु भनेर हेरिरहेको हुन्छु । असल अनि राम्रो भएर बाँच्न गाह्रो छ हजुर !

**प्रथम थापामगर**

घर-परिवार क्षेत्र, बूढाबूढी कार्यालय, प्रत्येक दिन बेलुकी हिसाब राखिने भएकाले ।

**विनोद न्यौपाने**

खै, कुन्नि थाहा छैन । अचेल आफ्नै घरकी श्रीमतीलाई माइत पठाउन घूस ख्वाउनुपर्छ ।

**शाक्य**

यो प्रश्नको उत्तर स्वयं महादेवलाई पनि थाहा छैन । हामी त मनुष्य हौं हजुर ।

**लक्ष्मण**

नेपाल भ्रष्टाचारमुक्त भने कहिल्यै होला जस्तो लाग्दैन ।

**निर्दोष मन**

त्यस्तो कुन क्षेत्र होला र खै ?

**कैलाश**

शिक्षाक्षेत्र । त्यसमा पनि अझ शिक्षकहरू । किनभने उनीहरूले भ्रष्टाचार गर्ने ठाउँ नै पाउँदैनन् ।

**थानेश्वर कलाथोकी**

हैट ! प्रश्नै ठीक भएन । यो प्रश्न सोध्ने बेला भा'को छैन अझै नेपालमा ।

**भूपेन इलामेली**

छँदै छैन ।

**सुमन गुरुङ**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. समय र धनमा कुन बढी महत्वपूर्ण छ ? किन?


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


## यौन जिज्ञासा र समाधान


डा. राजेन्द्र भद्रा

म २२ वर्षीया युवती हुं। मेरो पहिलो यौनसम्पर्क १७ वर्ष हुंदा भएको थियो। त्यति बेला मलाई केही समस्या भएजस्तो महसुस भएन तर अहिले २-३ वर्ष भयो मेरो गुप्तांग अलि बढी गन्हाउंछ अनि चिलाउंछ पनि। कहिलेकाहीं पिसाब गरेपछि गुप्तांग पोल्छ। यो के भएको हो ?

५२०७७





> छापा तथा टेलिभिजनमा गरिएका प्रचारले तपाईंको यौनाङ्ग क्षेत्रबाट पनि फूलको जस्तो सुगन्ध आउनुपर्छ जस्तो लाग्न सक्छ तर वास्तविकता त्यो होइन। स्वस्थ योनिको आफ्नै किसिमको विशेष गन्ध हुन्छ। महिलामा भने महिनाबारीको चक्र अनुरूप यसको गन्धमा समेत केही परिवर्तन आउँछ। छटपटाउनुको पीडा उसैलाई थाहा हुन्छ।

### योनिको गन्ध

प्रत्येक व्यक्तिको आ-आफ्नै किसिमको स्वाभाविक गन्ध हुन्छ। विशेष गरेर किशोरावस्थामा पुगेपछि हाम्रो छालामा भएका पसिना ग्रन्थिहरूको श्राव तथा त्यसमा जीवाणुका क्रियाकलापका कारणले यस्तो गन्ध उत्पन्न हुन्छ। विशेष गरेर किशोरावस्थामा apocrine तथा sebaceous glands सक्रिय हुन्छन् भने apocrine ग्रन्थि हाम्रो काखीमा तथा यौनाङ्ग क्षेत्रमा पाइन्छ र यी नै हाम्रो शरीरको गन्धका लागि प्रमुख रूपमा जिम्मेवार हुन्छन्। त्यसबाहेक हाम्रो खाना, स्वास्थ्य स्थिति, हामीले सेवन गरेका केही औषधिले पनि हाम्रो शरीरको गन्धमा प्रभाव पार्छन्। तपाईंले याद गर्नुभएकै होला, पुरुष र महिलाको शरीरको गन्धमा पनि भिन्नता हुन्छ।

योनिको गन्धको सम्बन्धमा कतिपय महिलालाई तपाईंलाई जस्तै चासो हुन्छ र विशेष गरेर अन्तरङ्ग सम्बन्ध राख्नुपर्ने स्थितिमा यसको चिन्ता अधिक हुन्छ। तपाईंलाई छापा तथा टेलिभिजनमा गरिएका प्रचारले तपाईंको यौनाङ्ग क्षेत्रबाट पनि फूलको जस्तो सुगन्ध आउनुपर्छ जस्तो लाग्न सक्छ तर वास्तविकता त्यो होइन। स्वस्थ योनिको आफ्नै किसिमको विशेष गन्ध हुन्छ। महिलामा भने महिनाबारीको चक्र अनुरूप यसको गन्धमा समेत केही परिवर्तन आउँछ। यस्तो गन्ध व्यक्तिअनुसार फरक-फरक हुन्छ। कतिपय महिलामा यो गन्ध कडा किसिमको हुन्छ भने कतिपयमा हल्का किसिमको। यौनसम्पर्क तथा वीर्य स्खलनपछि पनि योनिको गन्धमा फरकपन देखा पर्छ।

### योनिको असामान्य गन्धको कुरा

योनिको असामान्य गन्धप्रति विशेष चासो र चिन्ता हुनु जायज पनि छ किनभने यसले कुनै विकार वा रोगलाई संकेत गरिरहेको हुनसक्छ। अब के-कस्तो अवस्थामा योनि असामान्य रूपमा गन्हाउँछ भन्ने चर्चा गरौं। तपाईंले योनि गन्हाउनेदेखि बाहेक चिलाउने वा पोल्ने कुरा पनि उल्लेख गर्नु भएकाले त्यसले योनिको संक्रमणलाई संकेत गरिरहेको छ।

योनिको संक्रमणमध्ये एउटा प्रमुख संक्रमण bacterial vaginosis हो। योनिमा सामान्य रूपमा हुने जीवाणुको मात्रा असन्तुलित हुँदा यस्तो हुन्छ। सेतो वा मैलो किसिमको र अधिक मात्रामा योनि श्राव हुने, योनिको वरिपरि चिलाउनेदेखि बाहेक योनिबाट आउने गन्ध माछाको जस्तो हुन्छ। तपाईंले आफ्नो योनिश्रावको गन्ध कस्तो प्रकारको छ, लेख्नुभएको छैन। अर्को धेरैजसो हुने योनिको संक्रमण हो। योनि र योनि वरिपरि चिलाउने, पिसाब पोल्नेबाहेक पनिर जस्तो सेतो बाक्लो योनिश्राव भए पनि यसको गन्ध भने खराब हुँदैन। यस्तो संक्रमण यौनसम्पर्क नराखेको स्थितिमा समेत हुनसक्छ।

तपाईंले १७ वर्षको उमेरमा यौनसम्पर्क भएको कुरा गर्नुभएको छ। त्यसैले तपाईंलाई यौन रोग लागेको सम्भावनालाई पनि नकार्न सकिँदैन। त्यसबाहेक त्यतिबेला एकपटक मात्र यौनसम्पर्क भएको हो वा त्यसपछि पनि निरन्तर यौनसम्पर्क हुँदै आएको छ, स्पष्ट भएको भए जवाफ दिन सजिलो हुने थियो।

### समाधान के होला ?

योनिका केही संक्रमण गम्भीर प्रकृतिका हुनसक्ने भएकाले के कारणले यस्तो भएको हो पत्तालगाई उपचार गराउनुपर्छ। यसका लागि तपाईंले चिकित्सकको सहयोग लिनुपर्ने हुन्छ। अर्को महत्वपूर्ण पक्ष योनिको संक्रमण हुन नदिनु हो। योनिको संक्रमणबाट जोगिने वा भनौं कम गर्ने केही उपाय :

- योनि तथा यौनाङ्ग क्षेत्रलाई सफा राख्ने। हल्का किसिमको साबुन-पानीले योनिको बाहिरि भाग प्रत्येक दिन धुने। दिसा-पिसाबपछि टिसु पेपरले पुछ्नहुन्छ भने अगाडि (योनि) तिरबाट पछाडि (मलद्वार) तिर लगेर पुछ्ने। पछिल्तिरबाट अघिल्तिर ल्याएर पुछ्दा मलद्वारमा भएका जीवाणु योनिमा सर्न सक्छन्।
- भित्री पहिरन (अन्डरवेयर) धेरै कसिलो तथा नाइलन, पोलिस्टर वा रेयोनले बनेको हुनु हुँदैन। बरु सुतीले बनेको मात्र प्रयोग गर्ने। यौनाङ्ग क्षेत्रलाई ओभानो राख्नुपर्छ। धेरै गर्मी वा धेरै ओसिलो भए जीवाणुको संक्रमण हुने सम्भावना हुन्छ।
- सफा गर्न भनेर धेरैले योनिमा डुस दिन्छन्। स्वस्थ योनिले आफूलाई सफा गर्ने आफ्नै प्राकृतिक विधि हुन्छ। डुस दिने, कडा किसिमको साबुन वा डिओडेरान्टको प्रयोगले योनिको प्राकृतिक अवस्थामा असन्तुलन ल्याउँछ र संक्रमणलाई बढावा मिल्छ।
- भित्री पहिरन (अन्डरवेयर) दिनहुँ फेर्नुपर्छ।
- पर्याप्त मात्रामा पानी पिउनुपर्छ जसले गर्दा पिसाब सफा होस्।
- अत्यधिक सुगन्धित साबुन, टेम्पोन, प्याड, स्प्रे वा बबल वाथ जस्ता कुरा प्रयोग नगर्दा संक्रमणको सम्भावना कम हुन्छ।

यौनसम्पर्कका कारणले नै योनि तथा प्रजनन अङ्गमा संक्रमण हुन सक्ने भएकाले यसलाई कन्डमको प्रयोगबाट सुरक्षित बनाउनुपर्छ। यदि यौनसम्पर्क राख्नबाट परहेज गर्न सकिँदैन भने यौनरोग लागे-नलागेको निदान गरेर यौन साथीसहित आफ्नो पनि पूर्ण उपचार गर्नुपर्छ।

## यौन मनोविज्ञान


करुणा कुँवर, मनोविद्

मैले स्वस्थ यौन सम्बन्धका बारेमा सुनेकी थिएँ, यसका बारेमा केही प्रस्ट पारिदिनुहोला। के सबै जोडीको यौन सम्बन्धलाई स्वस्थ मान्न सकिँदैन ? स्वस्थता भन्नाले कुन-कुन पक्ष समेटिन्छ ?

सुफी

यौन ऊर्जा प्राकृतिक रूपमा शक्तिशाली हुन्छ। जसरी सूर्य, पानी, हावा वा हाम्रो आफ्नै हाँसोसँग अथाह शक्ति हुन्छ त्यसरी नै स्वस्थ यौन जीवनले जीवन सकारात्मक वा नकारात्मक कस्तो हुने हो, तय गर्छ। दम्पतीबीचको रोचक सम्बन्ध ओछ्यानमा भेटिने एउटा सुप्राप्य र सुगम सुख हो। हामी सबैले त्यसलाई सुन्दर बनाउनेतिर लाग्नुपर्छ। मनोविज्ञानले भन्छ, सचेत सकारात्मक अभिव्यक्तिले मनोबल, शारीरिक स्वास्थ्य एवं भावनात्मक सम्बन्धलाई बढावा दिन्छ। दम्पतीले आपसमा कुराकानी गर्ने, भावना साटासाट गर्ने, एक-अर्कालाई बुझ्न प्रयास गर्ने, केही काल्पनिक पनि हुँदै जाने र अन्तिम अवस्थामा चरम रमाइलोमा डुब्ने हो भने यौनको सन्तुष्टि र त्यसले शरीरलाई दिने लाभको कुनै सीमा छैन।

सन् १९९७ मा प्रकाशित ब्रिटिश जर्नलका अनुसार उत्साही, सकारात्मक र मनोरञ्जक यौनसम्बन्धले मृत्युदर आधाले घट्नुका साथै मानिसहरूको सुँघ्न सक्ने क्षमतासमेत वृद्धि हुन्छ। हृदयाघात आधाले घट्छ, तौल घट्छ, डिप्रेसन घट्छ, पीडाबाट मुक्त हुन सकिन्छ, चिसो तथा रुघाले सताउन पाउँदैन, प्रोस्टेट बढ्न दिँदैन, दाँत चम्किलो हुन्छ र पिसाबको प्रवाह सहज हुन्छ भन्ने पनि अध्ययनहरूले देखाएका छन्।

यौन स्वास्थ्यविद् युभोनी के पी एच डीका अनुसार यौनमा सक्रिय व्यक्तिहरूले बिरामी बिदा कम लिन्छन्। पेनसेल्भेनियाको विल्किस युनिभर्सिटीका अनुसन्धानकर्ताहरूका अनुसार हप्तामा एकदेखि दुई पटकसम्म यौन सम्पर्क गर्दा रोग प्रतिरोधात्मक क्षमता वृद्धि भै रोग सँग लड्ने क्षमता सक्रिय हुन्छ।

बाह्य सम्बन्ध कायम गरेर दाम्पत्य जीवनभित्र सन्तुष्टिको खोजी गर्नु जुवा खेल्नु समान हो। यसमा कुन उत्तम विकल्प हो भनेर सोच्नुपर्छ र त्यसभित्र सम्भावना र सन्तुष्टिको खोजी गरिनुपर्छ। धेरैले दाम्पत्य जीवनभित्रको यौन सम्बन्धलाई राम्रो मानेर यस्तो सम्बन्धलाई रोचक र रमाइलो बनाउने गरेका छन्। ओछ्यानको तनाव अर्थात् ट्रबल इन द बेड आधुनिक विश्वका कामकाजी मानिसहरूको प्रमुख समस्या बन्दै गएको छ। झगडा बढ्दै गएपछि सम्बन्ध बिग्रने र अर्को स्थायी वा अस्थायी सम्बन्ध विकास गर्नेतिर लाग्नेहरू पनि उत्तिकै हुन्छन्, तर त्यसले अझ नैराश्यता ल्याएर पुरानै अवस्थामा फर्कनेहरूसमेत छन्। त्यसैले यौन सम्बन्धलाई स्वस्थ बनाउन आफैंभित्रका कमजोरी पहिचान गर्ने र आफैंभित्रका सम्भावनाहरूको खोजी गर्नेतिर लाग्नु श्रेयष्कर हुन्छ।



यौन स्वस्थताका लागि यौनकै विषयमा कुराकानी तथा यौन मनोविज्ञानका सीपका बारेमा कुरा गर्नु पनि उत्तिकै आवश्यक छ। यौन सबैको अनिवार्य आवश्यकता हो र यो आवश्यकतालाई किन स्वस्थ राख्नुपर्छ भन्ने विषयमा पनि खुलेर चर्चा गर्नुपर्छ। हरेक जोडीमा यौनसम्बन्ध राख्ना अपनाइने विधिहरू फरक-फरक हुन सक्छन्। हरेक व्यक्तिको यौन इच्छा फरक-फरक हुन्छ। स्वस्थ यौन सम्बन्ध भन्नाले दुवै जोडीले यौन क्रियाकलापका क्रममा आनन्द महसुस गरेको हुनुपर्छ। कुनै एक जनाले आफूलाई यौन क्रियाकलापका लागि दबाब दिएको महसुस गर्नु हुँदैन। दुई जनामा एक जनाले आफूलाई इच्छा नहुँदा इच्छा नभएको कुरा व्यक्त गर्ने अधिकार दिने मात्र होइन, त्यस्तो भावनाको सम्मानसमेत गरिनुपर्छ। यौनसम्पर्कपछि एक-अर्काप्रति सम्मान व्यक्त गर्नुपर्छ र सम्मान गिरेको महसुस हुनु हुँदैन। यौन इच्छा तथा यौन क्रयाकलापका बारेमा खुलेर एक-अर्कासँग कुराकानी गर्नुपर्छ। त्यसबाहेक हरेक यौनसम्पर्क हुनुअघि एक-अर्काको शरीर एवं भावनालाई महसुस गर्नुपर्छ।

तस्बिर बोल्छ





# बुजकशीको रोमाञ्च

मध्य एसियाली मुलुक उज्बेकिस्तानमा खेलिने बुजकशी खेल उक्त क्षेत्रमा निकै लोकप्रिय छ। टर्किस भाषामा यो खेललाई कुपकरी पनि भनिन्छ। उज्बेकिस्तानमा यो खेललाई उलाकका रूपमा समेत चिनिन्छ। यस्तै खेल ताजिकिस्तान, अफगानिस्तान, किर्गिजस्तान, तुर्कमेनिस्तान तथा उत्तरी पाकिस्तानमा समेत खेलिन्छ। यो खेल खेल्दा खेलाडीहरू घोडामा सवार हुन्छन्। यो खेलका क्रममा घोडसवारले मारिएको खसी वा भेडालाई बलका रूपमा प्रयोग गर्छन्। यसरी मैदानमा राखिएको मरेको खसी वा भेडालाई जसले उठाएर लान सक्छ त्यही खेलाडी विजेता मानिन्छ। यो खेल उज्बेकिस्तानको कुरामिन पहाडी क्षेत्रमा बढी खेलिन्छ। यो खेल खेल्ने अनुमति त्यहाँका स्थानीय बासिन्दाहरूलाई मात्र छ। बाहिरी गाउँका मानिसहरूले यो खेल खेल्न पाउँदैनन्।

विजेताका लागि पहिल्यै विभिन्न जनावर पुरस्कारका रूपमा प्रदान गरिने घोषणा गरिएको हुन्छ भने दर्शकहरू पनि विजेतालाई आफ्ना तर्फबाट पुरस्कार दिन अघि सर्छन्।







# विश्वकप फुटबल ट्रफीको एसियाली यात्रा




विश्वकप फुटबल ट्रफीलाई कुनै पनि देशको राष्ट्राध्यक्षजस्तै सम्मान गरिन्छ। सुरक्षा पनि त्यस्तै। त्यसैले यो ट्रफी उचाल्ने दुई जना मात्र हुन्छन् भनिन्छ, पहिलो विश्वकप जित्ने कप्तान, अर्को त्यो ट्रफी पुग्ने देशका राष्ट्राध्यक्ष। अरूका लागि त्यो ट्रफीलाई नजिकबाट हेर्न पाउनु पनि ठूलो उपलब्धि हुन्छ, छुन पाउने त परको कुरा। सन् २०१८ को विश्वकप छ महिनापछि रूसमा हुँदैछ र विश्वकपका सम्बन्धमा पूरा विश्वमा रोमाञ्चकता उत्पन्न गर्न अहिले ट्रफीको विश्व भ्रमण सुरु भैसकेको छ।

यसलाई विश्वकपकै सबैभन्दा रोमाञ्चक मोडका रूपमा वर्णन गरिन्छ। सन् २००६ देखि विश्वकप ट्रफीको यात्रा प्रारम्भ भएको हो र विश्वकप सुरु हुनु ठीक अघि यस्तो यात्राको आयोजना हुन्छ। त्यति बेला अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) र यसको एउटा प्रमुख प्रायोजक कोकाकोलाले विश्वकप ट्रफीलाई विश्व घुमाउने ऐतिहासिक निर्णय गरेका थिए र यो क्रम अहिले ठूलो उत्साहका साथ अघि बढिरहेको छ, जुन मे १ तारिखसम्म चल्नेछ।

पछिल्लो साता मात्र विश्वकप ट्रफीको यात्रा सुरु भएको थियो र यसको पहिलो गन्तव्य रह्यो– श्रीलंकाको कोलोम्बो। जनवरी २३ मा ट्रफीले पहिलो पटक श्रीलंकाली भूमि छोएको थियो।

संयोगवश यसपटक ट्रफीले सबैभन्दा बढी एसियाली देशकै यात्रा गर्नेछ। सन् २००६ मा यो ट्रफीले २९ देशको यात्रा गरेको थियो। सन् २०१० मा ८४ देश पुगेको उक्त ट्रफीले सन् २०१४ मा ९० वटा देशको भ्रमण गरेको थियो। यसपटक आयोजक रूससँगै ट्रफी पुग्ने देशको संख्या ५२ छ।

ट्रफीको कोलम्बो यात्रा अघि लन्डनमा फिफाले विशेष कार्यक्रम आयोजित गरेको थियो। फिफाको दाबी छ– विश्वकप ट्रफीलाई नजिकबाट हेर्न पाउनु पनि कसैका लागि जीवनमा एकपटक मात्र आउने दुर्लभ अवसर हुन्छ। यसपटक ट्रफीले ६ वटा महादेशको यात्रा गर्नेछ।

कोलम्बोमा विश्वकप ट्रफीलाई सार्वजनिक प्रदर्शनीका लागि राखिँदा ठूलो उत्साह देखिएको थियो। श्रीलंकाली फुटबल खस्किएको स्थितिमा ट्रफीको आगमनले त्यहाँको फुटबलमा नयाँ उत्साह सिर्जना गर्ने विश्वास गरिएको छ।

यसपटक विश्वकप ट्रफी कुन-कुन एसियाली देशमा पुग्नेछ त ? कोलम्बो आइपुगेको ट्रफी नजिकैको छिमेकी माल्दिभ्सको माले पुगेको थियो। त्यसपछि थाइल्यान्डको फुकेट। त्यसपछि यो ट्रफी अरू दुई एसियाली देश लाओस र मकाओ पुग्नेछ। फेब्रुअरी ३ मा ट्रफी फेरि एसिया आउनेछ र त्यति बेला उसको गन्तव्य हुनेछ, पाकिस्तानको लाहोर। त्यहाँबाट ट्रफी क्रमशः काजाकिस्तान, किर्गिस्तान, उज्बेकिस्तान र तुर्कमिस्तानको भ्रमणमा लाग्नेछ।

फेब्रुअरी १७ पछि यो ट्रफी फेरि एसिया आउनेछ र त्यति बेला यसलाई स्वागत गर्ने मौका पाउनेछ, प्यालेस्टाइनले। त्यहाँबाट ट्रफी जोर्डन र युएई पुग्नेछ। अप्रिलको अन्तिम साता यो ट्रफी तीन एसियाली देशमा पुग्नेछ र ती हुनेछन्– मंगोलिया, चीन र जापान। रूस पुग्नुअघि जापान ट्रफी यात्राको अन्तिम गन्तव्य हुनेछ। ट्रफीको अन्तिम प्रदर्शन रूसको भ्लाडिभोस्टकमा गरिनेछ र त्यहीं ट्रफीको औपचारिक विश्व यात्रा टुंगिनेछ।





## काठमाडौंमा ट्रफी

चार वर्षअघि विश्वकप ट्रफी काठमाडौं आइपुगेको थियो र त्यो नेपाली फुटबलका लागि ऐतिहासिक घटना थियो। त्यो दिन थियो– ०७० पुस ६। फिफाको विशेष विमानबाट ट्रफी भुटानको थिम्पु हुँदै काठमाडौं आइपुगेको थियो। त्यति बेला उक्त ट्रफीलाई नेपालका पहिलो राष्ट्रपति रामवरण यादवसामु प्रस्तुत गरिएको थियो। त्यसपछि विश्वकप ट्रफीलाई दशरथ रंगशालामा सार्वजनिक प्रदर्शनका लागि राखिएको थियो। त्यहाँ अपेक्षाअनुसार नै दर्शकको ठूलो घुइँचो लागेको थियो। फिफाको नीतिअनुसार विश्वकप ट्रफीलाई चार वर्षको अन्तरमा फेरि दोहराएर त्यही देशमा लगिँदैन। त्यसैले यसपटक ट्रफी काठमाडौं ल्याइएन, सम्भवतः सन् २०२२ मा आइने हो कि ?

# विदेशमा जम्ने प्रयास

नेपाली खेलकुदका लागि यो साता केही राम्रा समाचार आए, जसमध्ये सबैभन्दा ठूलो समाचार क्रिकेटबाट थियो भने बाँकी तीन फुटबलबाट । क्रिकेट र फुटबल दुवैमा ठूला घरेलु प्रतियोगिता खासै हुन नसकिरहेको स्थितिमा चार नेपाली खेलाडीले विदेशी भूमिमा आफूलाई सिद्ध गर्ने अवसर पाएका छन् । तय छ, यसले नेपाली खेलकुदमा निकै ठूलो प्रभाव पार्नेछ विशेषत: क्रिकेटमा । यसले एउटा महत्वपूर्ण तथ्य के सिद्ध गरेको छ भने खेलाडीमा प्रतिभा छ भने सम्भावना जे पनि हुन सक्छ ।

## सन्दीप लामिछाने

क्रिकेट



यो साता नेपाली क्रिकेटमा सामान्य रुचि राख्नेहरूले पनि लगातार एउटै समाचार पछ्याए, के सन्दीप लामिछाने इन्डियन प्रिमियर लिग (आईपीएल) का लागि कुनै टिमको छनौटमा पर्नेछन् ? यसपल्टको प्रतियोगिताका लागि खेलाडीको लिलामी बैंगलोरमा भएको थियो र लिलामीमा पर्ने खेलाडीहरूको सूचीमा थिए, नेपाली लेग स्पिनर सन्दीप लामिछाने । अन्तत: लिलामीको दोस्रो दिन राम्रो समाचार पनि आयो र सन्दीपका लागि दिल्ली डेयरडेभल्स २० लाख भारतीय रुपैयाँ तिर्न तयार भयो ।

सन्दीपको आईपीएल यात्रा नेपाली क्रिकेटका लागि कोसेढुंगा सावित हुने निश्चित छ । आईपीएल विश्वकै सबैभन्दा धनी क्रिकेट प्रतियोगिता हो र यसले पूरा विश्व क्रिकेटलाई परिवर्तन गरेको तथ्य कसैबाट लुकेको छैन । विश्व क्रिकेटमा जति पनि राम्रा खेलाडी छन्, सबै यही प्रतियोगिता खेल्न प्रयत्नरत हुन्छन् । सन्दीपका लागि मात्र होइन, नेपाली क्रिकेटमै यो निकै ठूलो अवसरका रूपमा अगाडि आएको छ । यो कति ठूलो उपलब्धि हो भन्ने कुराका लागि सन्दीपले दिल्लीबाट सँगै खेल्ने खेलाडीको नाम नै पर्याप्त हुन्छ, जस्तो- ग्लेन म्याक्सवेल, गौतम गम्भीर, ट्रेन्ट बोल्ट आदि-आदि ।

सन्दीपको आईपीएल यात्रा कसरी सम्भव भयो त ? आफ्नो छोटो खेल जीवनका क्रममा उनले धेरैलाई प्रभावमा पारे, त्यसमा प्रमुख छन्– अस्ट्रेलियाका पूर्वकप्तान माइकल क्लार्क । दिल्ली टिमका प्रशिक्षक हुन्, अर्का अस्ट्रेलियाली पूर्वकप्तान रिकी पोन्टिङ । यो सम्बन्धले त काम गरेकै छ त्यसमाथि सन्दीपले केही दिनअघि दिल्ली पुगेर 'ट्रायल' समेत दिएका थिए र त्यसमा पोन्टिङ सन्दीपबाट निकै प्रभावित भए ।

## विमल घर्तीमगर

फुटबल



नेपाली फुटबलका युवा खेलाडीमध्ये सार्वधिक प्रतिभाशाली मानिन्छन्– विमल घर्तीमगर । एन्फा एकेडेमीका उत्पादन विमल भारतको मोहन बगानसँग अनुबन्ध हुने कुरा भर्खरै मात्र तय भएको हो । यसअघि उनले युरोपका विभिन्न लिगमा खेल्ने समाचार बाहिर आए पनि त्यो पूरा हुन सकेन । भर्खरै मात्र थ्री स्टारका लागि खेलेका विमलले क्लबलाई इटहरीमा मदन भण्डारी मेमोरियल गोल्डकप जिताउन पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गरे । यसबीच विमल कोलकाता क्लबसँग आबद्ध हुने समाचार बाहिर आएको हो ।

आई लिग क्लब मोहन बगान अहिले चौथो स्थानमा छ र क्लब योभन्दा माथिल्लो स्थानमा पुग्ने प्रयासमा छ । यसका लागि उसलाई उत्कृष्ट फरवार्डको आवश्यकता परेको हो । उसका प्रमुख फरवार्ड हाइटीका सोनी नोडे घाइते भएपछि मोहन बगानको नजर विमलमाथि परेको हो । विमलसँग घरेलु लिग खेलेको खासै अनुभव छैन । उनको एक मात्र अनुभव भनेको राष्ट्रिय लिग खेल्नु हो । त्यसैले लिगको अनुभव उनका लागि नयाँ हुनसक्छ ।

विमलका लागि मोहन बगानको प्रस्ताव निकै चुनौतीपूर्ण छ । विमलमाथि लाग्ने आरोप हो, उनी निकै राम्रा खेलाडी भए पनि आफ्नो खेल जीवनप्रति त्यति गम्भीर छैनन् । सम्भवत: मोहन बगानबाट खेल्दा उनले खेलप्रति गम्भीर हुने पाठ सिक्ने छन् । उनले कति पारिश्रमिक पाउने छन् भन्ने कुरा पनि तय भएको छैन । सम्भवत: मासिक दुई लाख रुपैयाँको हाराहारीमा र यो अनुबन्ध लिगको समाप्तीसम्मका लागि मात्र हुनेछ ।

## रोहित चन्द

फुटबल



नेपाली राष्ट्रिय टिमका प्रमुख सदस्य रोहित चन्दले अघोषित निर्णय जस्तै गरेका छन्, नेपालमा व्यवसायिक लिग नखेल्ने, खेल्ने भए विदेशी लिग मात्र खेल्ने । डिफेन्डर र एटायकिङ मिडफिल्डरको दोहोरो भूमिकामा जम्न सक्ने रोहितले भर्खरै मात्र इन्डोनेसियाको पर्सिजा जाकार्तासँग अनुबन्ध गरेका छन् । पुरानो सिजनको अन्त्यसँगै उनले नयाँ अनुबन्ध गरेका हुन् । रोहित नेपालको घरेलु लिगमा विरलै देखिन्छन् । उनले १६ वर्षको उमेरमै मछिन्द्रको छातामुनि रहेर लिगमा सहभागिता जनाएका थिए ।

अहिले इन्डोनेसियाली लिगको नयाँ नियमअनुसार तीन जना विदेशी खेलाडी खेलाउन पाइन्छ । पर्सिजानका प्रशिक्षक स्टेफानो कुगुराले यसका लागि पहिलो रोजाइमा रोहितलाई नै राखे । क्लबका लागि लगातार राम्रो खेलिरहेका रोहितलाई फेरि नयाँ अनुबन्ध गर्नुको प्रमुख कारण हो– उनी क्लबका समर्थकहरू माझ निकै लोकप्रिय छन् । रोहित विशेषत: क्लबका समर्थकबीच सामाजिक सञ्जालमा सर्वाधिक प्रिय मानिन्छन् । उनको उपनाम नै राखिएको छ– हिमालयन टाइगर ।

नयाँ अनुबन्धअनुसार उनको पारिश्रमिक मासिक पाँच हजार डलरभन्दा बढी रहने बताइएको छ । सन् २०१६ तिर चोटका कारण रोहितले मलेसियामा व्यवसायिक फुटबल खेल्ने अवसर गुमाए । उनले आफ्नो खेल जीवनको सुरुतिर आई-लिगमा हिन्दुस्तान एरोलोटिक्स लिमिटेडबाट दुई सिजन खेलेका थिए । दक्षिण पूर्वी एसियाको फुटबल एसियामै राम्रो मानिन्छ । यस्तोमा रोहितले इन्डोनेसियामा बटुलेको अनुभवले नेपालको राष्ट्रिय टिमलाई समेत फाइदा पुगिरहेको छ ।

## किरण चेम्जोङ

फुटबल



एसियाकै ठूलो फुटबल बजारका रूपमा अगाडि आएको छ– भारत । भारत आफैं पनि आफ्नो फुटबलस्तर उकास्न आतुर छ । भारतले भर्खरै आयोजना गरेको विश्वकप यू-१७ त्यसकै एउटा उदाहरण हो । भारत स्वयं मात्र होइन, अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) पनि त्यहाँको फुटबललाई लिएर गम्भीर छ । अहिले भारतमा दुईवटा लिग चलिरहेको छ, एक आई-लिग र अर्को आईएसएल अर्थात् इन्डियन सुपर लिग । दुवै लिगलाई एसियाली फुटबल महासंघ (एएफसी) बाट मान्यता प्राप्त छ ।

नेपाली राष्ट्रिय टिमका गोलरक्षक किरण चेम्जोङले भर्खरै आई-लिग क्लब मिनरेभा पञ्जावसँग अनुबन्ध गरेका छन् । अहिले लिग मध्यभागमा पुगेको छ र किरणले क्लबसँग लिगको अन्त्यसम्मका लागि मात्र अनुबन्ध गरेका हुन् । त्यसको अर्थ उनको अनुबन्ध तीन महिनाका लागि मात्र हुनेछ, तर यसक्रममा चेम्जोङले आफ्नो प्रतिभा देखाउने पूरा अवसर प्राप्त गर्नेछन् । मिनरेभा पञ्जाव लिग तालिकाको शीर्ष स्थानमा छ र उपाधि जित्न आतुर छ ।

राम्रो गोलरक्षक चाहिएको हुनाले नै मिनरेभाले किरणलाई अनुबन्ध गरेको हो । किरणले यस क्रममा नेरोका एफसीविरुद्धको खेलमा डेब्यु पनि गरिसकेका छन् र आफ्नो दोस्रो खेलमा म्यान अफ दि म्याच भएर आफूलाई सावित पनि गरेका छन् । किरण यसअघि माल्दिभ्सको टीसी स्पोर्टससँग आबद्ध थिए । भनिन्छ किरणले मिनरेभा पञ्जावबाट खेल्दा माल्दिभ्समा भन्दा कम पारिश्रमिक पाएका छन् । उनले कति पारिश्रमिक पाए, खुलाएका छैनन् । सम्भवत: उनको आँखा आईएसएलतर्फ छ, जहाँ दसौं लाख पारिश्रमिक पाइन्छ ।

मुक्त आकाश



अविरल थापा

# यस्तो भैदिएको भए !

कुनै कुरा हुन र भैदिएको भएबीच धेरै सम्भावना लुकेको हुन्छ । भैदिएको भए के हुन्थ्यो र नभैदिएर के भयो भन्ने कुरा सबैको जीवनमा हुन्छ । जो–कसैले लिएको एउटा निर्णयले उसको जीवनकै बाटो बदलिएको हुन्छ । धेरैको जिन्दगी सरल रेखामा हिंडेको पनि हुँदैन । एकातिर जान्छु भनेर हिंडेको मानिस एक ठक्कर खाएर कतातिर पुग्छ, उसले कल्पनासमेत गरेको हुँदैन ।

जिन्दगी अथाह सम्भावनाको महासागर हो । कसले कति गर्न सक्छ भन्ने कुरा उसको अध्ययन, सोच, लगाव, दृष्टिकोण एवं कार्यान्वयनमा भर पर्छ । काम गर्दै जाँदा थुप्रैसँग संगत हुन्छ भने अगाडि बढ्ने अनेक मौका आउँछन् । मौकामा चौका हान्न सक्नेहरू अघि लाग्छन् भने मौका गुमाउनेहरू चुकचुकाएर बस्छन् । मौकाले जीवनको ढोका ढकढक्याएका बेला नसुनेर, ढोका खोल्न अबेर गरेर वा ढोका खोल्नै डराएर फुर्सदमा पछुताउनेहरू यत्रतत्र फेला पर्छन् । कतिले सस्तोमा जग्गा भेटेका बेला किन्दैनन् र केही समयमा भाउ दोब्बर भएपछि पछुताउँछन् । कसैले राम्रो काम लत्याउँछन् र उक्त काम अरूले उछिट्याएपछि पछुताउँछन् । कोही आफ्नो असल प्रेमी छोडेर गलत मानिससँग विवाह गर्न पुग्छन् र पछुताउँछन् । कोही घर छोड्न नसकेर पछुताउँछन्, कोही घर छोडेर पछुताउँछन् । मैले त्यतिबेला त्यसो गरेको भए यसो हुने रै'छ, त्यसो नगरेको भए यसो नहुने रै'छ भन्ने कुराले हरेक मानिसलाई सताइरहन्छ ।

जिन्दगीका कतिपय गल्ती सच्याउन त सकिँदैन, तर नदोहोर्‍याउन सकिन्छ । कतिपय मानिस एउटै गल्ती बारबार दोहोर्‍याइरहन्छन् र पटक्कैपिच्छे पछुताइरहन्छन् । मानिस सबैसँग कुरा गर्न भ्याउँछ तर आफैंसँग कुरा गर्न बिर्सन्छ । के गर्‍यो भने उसलाई सुखचैन मिल्छ भन्ने कुरा उसलाई मात्र थाहा हुन्छ तर त्यसमा ऊ अरूको राय लिंदै हिंड्छ अनि गलत निर्णय लिन पुग्छ । फेरि अरूको राय लिएर अघि बढ्नुपर्ने कुरा कसैलाई भन्दैन, मन लागेको गर्छ र काम बिगार्छ अनि एकफेर सोधेको भए राम्रो हुने रै'छ भनेर पछुताउँछ । पछुतो सम्भवत: हरेक मानिसको नियति हो । दोष कहिले कसको धेरै होला, कहिले कसको थोरै होला तर झगडा गरेपछि आफ्नो गल्ती अनुभूत हुन्छ । झगडा नगरिकनै सुल्झने कुरा ऊ झगडा गरेर बल्झाउँछ । हरेक कुरा गुमेपछि प्यारो लाग्छ भने कोही टाढा भएपछि आत्मीय लाग्छन् ।

आफ्नो फाइदाका लागि मानिसहरू अनेक तिकडम गर्छन् । कतिले आफ्नो स्वार्थ पूरा गर्न आफ्नैलाई प्रयोग गर्छन्, कतिले पराईलाई उपयोग गर्छन् । कहिले अरूलाई डुबाउँछन् कहिले आफूसमेत डुब्छन् । कोही अरूलाई रछ्यानमा पुर्‍याएर आफू महलमा त बस्ला तर चैनको निद्रा सुत्न नसकेर रातभर छटपटाउनुको पीडा उसैलाई थाहा हुन्छ । अरूलाई डुबाउन खोज्दा कति जेलनेलसमेत भोग्न बाध्य हुन्छन् । जसले जे भने पनि जीवन सुखको खोज हो । को कति र के–के पाएपछि सुखी हुन्छ, कसैले भन्न सक्दैन ।

> आफ्नो फाइदाका लागि मानिसहरु अनेक तिकडम गर्छन् । कतिले आफ्नो स्वार्थ पूरा गर्न आफ्नैलाई प्रयोग गर्छन्, कतिले पराईलाई उपयोग गर्छन् । कहिले अरूलाई डुबाउँछन् कहिले आफूसमेत डुब्छन् । कोही अरूलाई रछ्यानमा पुर्‍याएर आफू महलमा त बस्ला तर चैनको निद्रा सुत्न नसकेर रातभर छटपटाउनुको पीडा उसैलाई थाहा हुन्छ ।

सुख खोज्दाखोज्दै जिन्दगीको झ्यालखानामा कैद भएर गुम्सिनेहरू र दु:ख गर्दागर्दै मुक्तिको सागरमा तैरिनेहरू उत्तिकै छन् । मानिसले गर्न नसक्ने केही छैन, तर मानिस अनुसार उसका सम्भावना र सीमितता हुन्छन् । आफूले टेकेको जमिन र देखेको क्षितिजको दूरी नाप्न सक्नेहरू अक्सर असफल हुँदैनन् । अरूको लहैलहैमा लागेर वा बहकिएर धरातल बिर्सिएर एक्कैपटक क्षितिज नाघ्न खोज्नेहरू भड्खालोमा जाकिन्छन् । हतारमा निर्णय लिनु र फुर्सदमा पछुताउनु मानिसहरूको पुरानै रोग हो । मान्छे कहिले अरूको खुसीका लागि आफ्नो खुसी तिलाञ्जली दिएर तडपिन्छ, कहिले आफ्नो खुसीका लागि अरूको मन जलाएर तडपिन्छ । चाहे जस्तोसुकै होस् सम्बन्धमा खुसी हुन नसक्नेहरू कहिल्यै चैनको जीवन जिउन सक्दैनन् ।

जिन्दगीमा सबैलाई सबै कुरा बुझाउन सकिँदैन । अरूप्रति रहेको आफ्नो कर्तव्य निर्वाह गर्न सकिन्छ तर जिन्दगीमा सबैलाई सधैं र एकैचोटि खुसी पार्न पनि सकिँदैन । कतिलाई आफ्नो कुरा बुझाउन काम गरेरै देखाउनुपर्ने हुन्छ, जसका लागि समय लाग्न सक्छ । कहिले भनेको मानेर दु:ख पाइन्छ, कहिले नमानेर पाइन्छ । पछुतो हुँदैन भने कतिपय बेला विद्रोह पनि गर्न सक्नुपर्छ, जसले तत्काले हानी गरेजस्तो लाग्ला, तर कालान्तरमा त्यसले सबैको भलो गर्छ ।

कसैको पनि जीवन नापेजस्तो–जोखेजस्तो ठ्याक्कै दुरुस्त हुँदैन । जति मिलाउन खोजे पनि जिन्दगीको हिसाब–किताबमा बेरुजु निस्किरहन्छ तर फछ्र्यौट गर्ने प्रयास गरिरहनुपर्छ । फर्केर हेर्दा कतिपय कुरा गलत गरेंजस्तो लाग्छ, कति कुरा ठिकै गरेंजस्तो लाग्छ, तर सत्य के हो भने हामी सबैको मनमा एउटा कुरा निरन्तर उठिरहन्छ, 'यस्तो भैदिएको भए' कस्तो हुन्थ्यो ?

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# सबैभन्दा होची युवती

मोरङको सुन्दरहरैचा नगरपालिका–४ मा एउटी होची युवती फेला परेकी छिन् । उनको उचाइ २ फिट २ इन्च मात्र छ । पारिवारिक अवस्था कमजोर भएकी २० वर्षीया मालती मिरर (ऋषिदेव) विश्वकै होची युवती हुनसक्ने स्थानीय बासिन्दाहरूको अनुमान छ । उनको परिवारका सदस्यहरूले स्थानीय खोलामा गिटी कुटेर जीविकोपार्जन गर्दै आएका छन् । सुन्दरहरैचा नगरपालिका–४ बडहरा खागटोलस्थित डम्पिङ साइडस्थित झुप्रोमा बसोबास गर्दै आएकी मालतीको उचाइ उक्त वडाका वडाध्यक्ष शैलेन्द्र श्रेष्ठले मापन गर्दा २ फिट २ इन्च मात्र छ ।

यसभन्दा अघि विश्वकै होचा व्यक्तिका रूपमा गिनिज बुक अफ वर्ल्डमा नाम दर्ता भएका स्वर्गीय कलाकार दिपेन शाहको उचाइ ३१ सेन्टिमिटर मात्र थियो । सानै उमेरदेखि हिँडडुल गर्न नसकेकै कारण शिक्षाबाट बञ्चित २० वर्षीया मालती अहिले घरेलु काममै आफ्नो दिनचर्या बिताउँछिन् । नागरिकता बनाउन जाँदा १८ वर्ष पुगिसके पनि जिल्ला प्रशासन कार्यालय मोरङका कर्मचारीहरूले सानै देखेर नागरिकता दिन नमानेको मालतीका बुवा रमेश मिरर (ऋषिदेव) बताउँछन् ।

नरेन्द्र बस्नेत



# खुल्यो मिस नेपाल–२०१८



नेपालको सबैभन्दा जेठो र प्रतिष्ठित सौन्दर्य प्रतियोगिता मिस नेपालको २०१८ को संस्करणका लागि आयोजक संस्था द हिडेन ट्रेजरले आधिकारिक रूपमा आवेदन खुला गरेको छ । होटल अन्नपूर्णमा आयोजित एक कार्यक्रमका बीच मिस नेपालको २३ औं संस्करणका रुपमा द हिडेन ट्रेजर मिस नेपाल–२०१८ को विधिवत् आरम्भ भएको जानकारी गराइएको हो ।

मिस नेपाल प्रतियोगितामा सहभागी हुन इच्छुक युवती १९ देखि २५ वर्ष उमेर समूहको, शारीरिक उचाइ कम्तीमा ५ फिट ४ इन्च, १० जोड २ वा सो सरहको अध्ययन पूरा गरेको, नेपाली नागरिक भै नेपाली पासपोर्ट लिएको, शरीरमा टाटु नखोपिएको तथा अविवाहित हुनुपर्ने मुख्य माण्डदण्ड तोकिएको छ । यी मापदण्ड पूरा भएका एनआरएन युवतीले समेत मिस नेपालका लागि आवेदन दिन सक्नेछन् ।

देशका मुख्य सहरहरू वीरगन्ज, विर्तामोड, धरान, पोखरा, चितवन, नेपालगंज, बुटवल तथा धनगढी हुँदै फेब्रुअरी महिनाको १७ तारिखमा राजधानीमा मिस नेपालको फाइनल अडिसन सञ्चालन गरिने बताइएको छ । अडिसनबाट छानिएका फाइनलिस्टहरू सात साता लामो प्रशिक्षणमा सहभागी हुनेछन्, जसमा मुख्य प्रशिक्षकका रूपमा कोरियोग्राफर रचना गुरुङ शर्मा रहनेछिन् भने राजभाई सुवाल अफिसियल फोटोग्राफर हुनेछन् ।

आउँदो अप्रिल ११ तारिख अर्थात् चैत २८ गते बुधबार दरबारमार्गस्थित होटल अन्नपूर्णमा सञ्चालन हुने मिस नेपाल–२०१८ को ग्रान्ड फिनालेबाट मिस नेपाल वर्ल्ड, मिस नेपाल युनिभर्स मिस नेपाल अर्थ तथा मिस नेपाल इन्टरनेसनलका विजेताहरू चयन हुनेछन् । उनीहरूले क्रमश: २०१८ को मिस वर्ल्ड, मिस युनिभर्स, मिस अर्थ तथा मिस इन्टरनेसनलमा सहभागिता जनाउनेछन् ।

100% Job in Dubai
ADMISSION OPEN
६ महिने डिप्लोमा कुकिङ तालिम
Dubai नै किन? - युरोप जान सजिलो हुने
- मासिक कमाई रु. 80,000/- देखि 1,00,000/- - सजिलै भिसा लाग्ने ।
International Institute of Hotel Management ( IIHM )
Lagankhel (Opp. of Patan Hospital, Lalitpur, Nepal )
Tel: 5532667, Mob: 9841713981

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७–१–५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं. ४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।